वर्ष : १३, अंक : ५, काठमाडौं, २०७४ बैशाख २९ गते शुक्रबार 12 May 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

# मधेशमा आक्रमता बढ्दै

**● स्थानीय निर्वाचन : मधेशमा हर्ष न विष्मात् ● भीषण आन्दोलनको तयारीमा संघीय**

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशसँग बारम्बार ठूला दलहरूले धोकाको राजनीति गर्दै आएको छ । कांग्रेस, एमाले, माओवादी केन्द्र लगायतका दलहरूले मधेशी दलहरूसँग सम्झौता गरेर धोका दिँदै आएका छन् । पहिलो चरणको मतदानमा दुई दिन मात्र बांकी रहँदा राष्ट्रिय जनता पार्टी नेपालले कड़ा अभिव्यक्तिहरू दिन थालेका छन् । एकातर्फ मधेशमा चुनावी वातावरणसमेत देखिएको छैन । मधेशमा ठूला दलहरूले समेत चुनावी तयारी गर्न डराइरहेका छन् । साथै दोस्रो चरणको चुनाव नहुने सम्भावना बढेको छ ।



मधेश आन्दोलनको फाइल तस्वीर

यसैक्रममा राजपा नेपालका नेता राजेन्द्र महतोले संविधान संशोधनमा ठूला दलको नीयत ठीक नदेखिएको गुनासो गरेका छन् । "संविधान संशोधनका लागि आवश्यक दुई तिहाई बहुमत पुग्नै लाग्दा राप्रपामा अचानक भएको विद्रोह संशोधन रोक्न भएको ठूलो षड्यन्त्र थियो ।' महतोले यस घटनामा राप्रपा मात्र नभएर तीन ठूला दलका मधेश विरोधी नेताहरू पनि यस षड्यन्त्रमा सामेल रहेको आरोप लगाए ।

संविधान संशोधनको विरूद्ध रहेका दलहरू बारे मधेशी जनतालाई राम्ररी ज्ञात भएको र अब हुने मधेश आन्दोलन यिनै दलहरूको खिलाफ हुनेकुरा महतोले स्पष्ट पारे । महतो भने, "मधेशी जनतालाई राम्ररी थाहा भई सकेको छ कुन दल संविधान संशोधनको पक्षमा छ र कुन दलले यसको विरोध गरेको छ ।' मधेशी जनताले अबको आन्दोलनमा त्यस्ता दललाई ठीक पार्ने कुरा बताउँदै महतोले संशोधनको विरोधमा रहेका र संशोधन बगैर चुनावमा सहभागी भएका दुबैलाई यसपाली मधेशी जनताले तह लगाउने बताए । उपेन्द्र यादव र संघीय समाजवादी फोरमतर्फ इंगित गर्दै राजपा नेता महतोले संविधान संशोधन बगैर चुनावमा सहभागी भएर संशोधन मुद्दालाई कमजोर बनाएको आरोप लगाए ।

"हाम्रा सहयात्री दलको कारण पनि संशोधन प्रक्रिया पछि ढकेलिएको छ । पहिले पुनर्लेखन नगरे यो संविधानलाई मान्दै नमान्ने र अहिले संशोधन बगैर सुटुक्क चुनावमा सहभागी हुने दोहरो चरित्र यसपाली मधेशी जनताले राम्ररी बुझि सकेको छ। अबको आन्दोलन यस्ता प्रवृतिका नेता विरूद्ध पनि हुने छ ।'

संविधान संशोधन बिना राजपाले चुनावमा सहभागी नहुने स्पष्ट पार्दै महतोले संशोधन बाहेक आन्दोलनका क्रममा समातिएका र सोही क्रममा लगाइएका झूठा मुद्दाहरू पनि फिर्ता लिन सरकार संग जोडदार मांग गरेका छन । प्रचण्ड सरकारलाई लक्षित गर्दै राजेन्द्र महतोले भने, 'सरकारले आफू गर्न सकिने काम पनि नगर्दा सरकारको नीयतमा शंका भई रहेको छ । प्रचण्ड सरकार गठनको बेला मधेशी मोर्चा संग गरिएको समझौता अनुरूप झूठा मुद्दा फिर्ता लिने र जनसंख्याको अनुपातमा स्थानीय तहको संख्या बढाउने प्रक्रिया अगाडि बढाउन मांग गरे ।

सत्तारूढ दल कांग्रेस र माओवादी केन्द्रले आफूहरूसँग गरेको तीन बुँदे सहमति पालना नगरेको भन्दै संघीय गठबन्धनले पहिलो चरणको स्थानीय तह निर्वाचनको मुखैमा आन्दोलनका विभिन्न कार्यक्रमहरू घोषणा गरेको छ । तीन दिनसम्म बिजुली बजारस्थित राष्ट्रिय जनता पार्टी नेपालको कार्यालयमा बसेको बैठकले जेष्ठ १ गतेसम्म आन्दोलनका कार्यक्रमहरू घोषणा गरेको गठबन्धनका नेता केशव झाले मधेशवाणीलाई बताएका छन् ।

गठबन्धनको बैठकले बैशाख २९ गते देशका विभिन्न ठाउँमा विरोध सभा गर्ने र जेष्ठ १ गते देशका विभिन्न ठाउँमा मोटरसाइकल र्यालीको निकाल्ने नेता झाले बताए ।

मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा प्रमुख दलहरूसँगको बैठकमा प्रधानमन्त्रीले जेष्ठ ४ गते संसदको बैठकबाट संशोधन विधेयक पारित गराउने आश्वासन दिएको उनले बताए । नेता झाले जेष्ठ ४ गतेसम्म आफ्ना मागहरू पूरा नभए भीषण आन्दोलनका कार्यक्रमहरू घोषणा गर्ने जनाए ।

## राष्ट्रपतिलाई यादवले भने,'संशोधन भएमात्र मधेशमा चुनाव'



उपेन्द्र यादव

काठमाडौ । संघीय समाजवादी फोरम, नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी, आदिवासी जनजाति लगायत उत्पीडित समुदायको अधिकार सम्बोधनका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले बोलाएको सर्वदलीय शीर्ष नेताहरूको बैठकमाा सात सुत्रीय प्रस्ताव राखेका छन् । संविधान संशोधनलाई बेवास्ता गरिए दोस्रो चरणको चुनाव मधेशमा सहज रूपमा सम्पन्न हुन नसक्ने भन्दै अध्यक्ष यादवले सात सुत्रिय प्रस्ताव अघि सारेर समाधानको उपाय सुझाएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले आसन्न श्रीलंका भ्रमण र वर्तमान राष्ट्रिय राजनीतिक परिस्थितिका सन्दर्भमा बिहिबार बिहान शीतल निवासमा सामूहिक छलफलका लागि सर्वदलिय बैठक बोलाएकी थिइन् । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति देरबहादुर देउवा, संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनता पार्टीका नेपालका अध्यक्ष महन्थ ठाकुर, राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता लोकेन्द्र बहादुर चन्द र नेपाल लोकतान्त्रिक फोरम पाटीका अध्यक्ष विजय गच्छदार सहभागी थिए । सो बैठकमा फोरम नेपालका अध्यक्ष यादवले दोस्रो चरणको चुनाव अघि नै परिमार्जनसहित संविधान संशोधन पारित हुनु पर्ने, मतदाता नामावली थप्न समय दिनु पर्ने, पहिलो र दोस्रो चरणको मतगणना र मतपरिणाम एकै पटक हुनु पर्ने प्रस्ताव गरेका छन् । त्यस्तै, चुनावमा सेना परिचालन गर्न नहुने, मधेश आन्दोलनका दौरान पक्राउ परेका नेता कार्यकर्ताको रिहाई एवं उनीहरूको मुद्दा खारेज हुनु पर्ने, मधेशमा गाउँपालिका एवं नगरपालिकाको संख्या जनसंख्याको अनुपातमा बृद्धि गर्नुपर्ने र सरकारले स्थानीय चुनावपछि मात्र बजेट ल्याउने गरी प्रस्ताव गरेका छन् ।

## मधेश आन्दोलनलाई अगाडि बढाउन अपील



विकास तिवारी

सुनसरी । नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी)का अध्यक्ष विकास कुमार तिवारीले मधेश आन्दोलनलाई अगाडि बढाउन सद्भावनाका कार्यकर्ताहरूलाई अपील गरेका छन् । नेसपा गजेन्द्रवादी अध्यक्ष तिवारीले सोमबार एक विज्ञप्ति जारी गरी राष्ट्रिय जनता पार्टी नेपालको एकीकरण घटनाक्रमले उत्पन्न अन्योलमा नपर्न भन्दै नेसपा गजेन्द्रवादीको झण्डा लिई मधेश आन्दोलनलाई अघि बढाउन सद्भावना कार्यकर्तालाई अपिल गरेका हुन् । तिवारीको अध्यक्षतामा सुनसरीको इनर्वामा बैशाख २४ र २५ गते बसेको पार्टीको केन्द्रीय कार्य समितिको बैठकले ऐतिहासिक नेपाल सद्भावना परिषद्का संस्थापक बाबा रामजन्म तिवारी तथा राजनेता गजेन्द्र नारायण सिंहको वारिस ठान्ने केही मौकापरस्त एवं सम्झौतापरस्त नेताहरूले महान विभूति एवं शहीदहरूको स्मृतिचिन्ह नै मेटिने गरी गरेको कामलाई मधेशी जनताले माफ नगर्ने जनाएको छ । 'सद्भावना' नामधारी केही राजनीतिक दलहरूद्वारा राष्ट्रिय जनता पार्टी नेपाल (राजपाने) को नाममा एकीकरण तथा पञ्जीकरण गरिएपछि सद्भावना आन्दोलनका आम कार्यकर्ताहरूमा अन्योल

बाँकी अन्तिम पृष्ठमा

## गोइत समूहद्वारा बम विस्फोट



जयकृष्ण गोइत

सिरहा । लहान नगरपालिकाको यातायात कार्यालयमा जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)ले प्रेसरकुकर बम विस्फोट गराएको छ । अध्यक्ष गोइतले बिहीबार एक विज्ञप्ति जारी गरी आफ्नो संगठनले नै बम विस्फोट गराएको जिम्मा लिएका हुन् । यातायात कार्यालय भ्रष्टाचारको अखाडा भएको भन्दै कारबाहीस्वरूप बम विस्फोट गराएको विज्ञप्तिमा उल्लेख छ । 'यसरी भ्रष्टाचार(अपराध) जारी नै रहे भने यसभन्दा पनि उच्च स्तरको कार्वाही यातायात कार्यालयमा हुनेछ ।' विज्ञप्तिमार्फत् गोइतले चेतावनी दिएका हुन् । गोइतले कारबाहीको सूचीमा अन्य कार्यालय, संघ, संस्थान र व्यक्ति पनि रहेको उनले जनाएका छन् ।

## लोकतान्त्रिक फोरमको चुनावी प्रतिबद्धतापत्र सार्वजनिक

काठमाडौं । विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम पार्टीले स्थानीय तह निर्वाचन-२०७४ को प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ । काठमाडौंमा आइतबार आयोजित एक कार्यक्रममा लोकतान्त्रिक फोरमले २४ पृष्ठको स्थानीय तह निर्वाचन-२०७४ को प्रतिबद्धता पत्र सार्वजनिक गरेको हो । सबैका समस्यालाई सम्बोधन नगरी हचुवाका भरमा ल्याइएको कुनै पनि संविधानले मुलुकलाई स्थायी समाधान दिन नसक्ने निष्कर्ष प्रतिबद्धता पत्रमा निकालिएको छ । देशमा वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय, भाषिक, सांस्कृतिक आदि विभिन्न किसिमका विभेद र उत्पीडनमा पारिएका नेपाली जनतालाई उनीहरूको पहिचान, आत्मसम्मान, न्याय, अधिकार र विकास दिलाइ देशलाई एक ढिक्का बनाएर नेपाललाई विकसित र समृद्ध बनाउन चाहेको प्रतिबद्धता पत्रमा उल्लेख छ ।



**समय-सन्दर्भ**

रानी शर्मा तिवारी



## मधेशमा मुद्दा विसर्जनको त्रास

**मधेशको मुद्दा सम्बोधन गर्ने सवालमा मात्र होईन आफ्ना काम कारबाहीमा समेत सरकार मधेश मैत्री देखिएको छैन ।**

मधेशी मोर्चामा आवद्ध ६ दलहरूको एकीकरण भई राष्ट्रिय जनता पार्टी नेपालको गठनसँगै मधेशमा उत्साह छाएको छ । तर मधेशी दलहरूमा आएको विचलन नेताहरूको अनिर्णयको अवस्थाले गर्दा मधेशमा मधेश मुद्दा विसर्जन हुने त्रास पनि मधेशमा छाएको छ । २००७ सालमा राजा सहितको प्रजातन्त्र स्थापना लगतै अर्थात २००८ सालमा तराई काँग्रेसको नाममा संस्थागत हुन खोजेको मधेश अधिकारको आन्दोलन २०१७ सालमा दलहरूमाथी पतिबन्ध सँगै ओझेलमा परेको थियो । २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापना सँगै संस्थागत रूपमा मधेशको अधिकारको कुरालाई अगाडि सारेको तात्कालिन नेपाल सद्भावना पार्टी २०४७ देखि २०६३ साल सम्ममा पटक पटक सरकारमा समेत सामेल भयो । टुट्फुटको क्रमबाट गुज्रिएको नेपाल सद्भावना पार्टी राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा सरकारमा गयो भने यसको अर्को भाग तात्कालिन नेपाल सदभावना पार्टी आनन्दी देवी २०६२/६३ को आन्दोलनमा काँग्रेस, एमाले र माओवादीको गणतन्त्र र धर्म निर्पेक्षताको मुद्दालाई समर्थन गर्दै आन्दोलनमा सहभागि बन्यो । २०६३ को अन्तरिम संविधानमा मधेशको अधिकार र संघियताको मुद्दा नसमेटिएको विषयमा मधेशी जनाधिकार फोरम नेपालको नेतृत्वमा आन्दोलन भयो र राज्यले सम्झौता पनि गर्यो । त्यसै बखत मधेशको मुद्दामा एक जुट हुन काँग्रेस, एमाले, राप्रपा लगायतका दलमा रहेका मधेशी नेताहरूले महन्थ ठाकुरको नेतृत्वमा तराई मधेश लोकतान्त्रिक पार्टीको गठन गरे । मधेशको अधिकारलाई लिएर सद्भावना, फोरम र तमलोपाले संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको गठन गरेर फेरी आन्दोलन गरे । सरकारले फेरी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग सम्झौता गर्यो । त्यसपछि भएको पहिलो सम्बिधान सभा देखि दोस्रो संविधानसभा सम्म आईपुग्दा मधेशवादी दलहरूमा पटक पटक फुट आयो र करिब १ दर्जन मधेशवादी दलहरू गठन भए । यसबाट दास्रो संविधानसभामा पहिले भन्दा पनि कमजोर अवस्थामा पुगेको मधेशवादी दलहरू मधेशको मुद्दालाई संविधानमा सुनिश्चित गराउन असफल भए । केपी ओली प्रधान मन्त्री हुनु अगाडि अझ सुशिल कोईराला प्रधानमन्त्री भएको बखत संविधान जारी हुनु अगाडि देखि मधेशमा संविधानप्रतिको असन्तुष्टी जनाउँदै आन्दोलन भईरहेको बखत केपी ओली प्रधानन्त्रीको उम्मेदवार हुँदा मधेशमा नाकाबन्दी र आन्दोलन गरिरहेको मधेशी मोर्चा अचानक संसदमा काँग्रेसका तात्कालिन प्रधानमन्त्री शुसिलकोईरालाको पक्षमा मतदान गर्न पुगेको थियो । त्यस बखत सम्मको आन्दोलनमा काँग्रेस नेतृत्वकै सरकार छँदा मधेशमा करिब ३ दर्जन मधेशी आन्दोलनकारीको निर्मम हत्या राज्यबाट भईसकेको र कैलालीमा थारूहरूलाई झुठा मुद्दामा फँसाउने देखि घरबार, देश छोड्न बाध्य बनाउने निर्मम अमानविय घटना भएको अवस्थामा मधेशी मोर्चाले किन सुशिल कोईरालाको पक्षमा मतदान गर्यो भन्ने प्रश्न मधेशी जनता मात्र होईन मधेशी मोर्चाका कार्यकर्ताले समेत गरेका थिए । पछि मधेशी मोर्चाले सत्ताधारी दलहरूको बिचमा फाटो ल्याउन रणनीतिक भोटिङ्ग गरेको बताईयो । पछिल्लो प्रधानमन्त्री निर्वाचनको पुर्व सन्ध्यामा संविधान संशोधनको अपुरो प्रस्ताव पेश गरेको काँग्रेस सरकारले मधेशी मोर्चालाई लोभ्याउन त्यसो गरेपनि मधेशी माथीको दमन र हत्या भने बन्द गरेको थिएन । केपी ओलीको सरकार गठन भए सँगै मधेश आन्दोलमाथी दमन र हिंसाको शिलशिला जारी रह्यो ।

प्रचण्डको नेतृत्वमा सरकार गठन भए देखि विभिन्न बहानामा संविधान संशोधन र सिमाङ्कनको मुद्दालाई पछाडि धकेल्दै अन्ततः प्रदेश सिमाङ्कनका लागि आयोग बनाउने प्रस्ताव अगाडि सार्यो जसमा मधेशी मोर्चा लचक भयो । अहिलेसम्म पनि प्रदेशको पुनर्सिमाङ्कनको सवालमा काँग्रेस र माओवादी केन्द्रले स्पस्ट धारणा बनाउन सकेको छैन । संविधान संशोधन बिना नै स्थानीय तहको निर्वाचन घोषणा गरेको सरकार मधेशी मोर्चा र संघिय गठबन्धनको दबावमा संविधान संशोधन पछि मात्र मधेशको भुभाग रहेका

बाँकी अन्तिम पृष्ठमा



# सम्पादकीय



## मधेशमा निर्वाचन सपना नहोस्

करिब दुई दशकपछि नेपालमा स्थानीय तहको निर्वाचन हुन लागेको छ। सरकारले मुलुकमा दुई चरणमा निर्वाचनको घोषणा गरेको छ जसमा प्रथम चरणको निर्वाचनको तयारी लगभग पूरा नै भइसकेको छ। तर, मधेशमा निर्वाचन हुने वा नहुने भन्ने आशंका व्याप्त रहेको छ। मधेशमा पनि निर्वाचनबारे दुईवटा धार देखिएको छ। एउटा धार राष्ट्रिय जनता पार्टी नेपाल रहेको छ भने अर्को धार उपेन्द्र यादव नेतृत्वको फोरम नेपाल र विजयकुमार गच्छदार नेतृत्वको लोकतान्त्रिक फोरम। यी दुई धारको फरक-फरक धारणा रहेको छ। एउटा समूहले संविधान संशोधन नभइकन मधेशमा कुनै पनि निर्वाचन हुन नदिने चेतावनी दिँदै प्रथम चरणको निर्वाचनमासमेत सहभागिता जनाएको छैन भने अर्कोतर्फ यादव र गच्छदार नेतृत्वको पार्टीले पहिलो पहिलो चरणको निर्वाचनमा भाग लिएका छन् तर, संशोधनपश्चात् मात्र मधेशमा निर्वाचन हुनुपर्छ भन्ने मान्यता राखेका छन्। अहिले राजपा नेपाल र फोरम नेपालबीच वाकयुद्ध नै चलिरहेको छ। एकले अर्कालाई तल देखाउन जथाभावी गालीगलौज गरिरहेका छन्। अर्कोतर्फ, निर्वाचनको नाममा ठूला दलहरूले मजाक गरेझैं देखिन्छ। माओवादी केन्द्रले कांग्रेसका लागि मत मागिरहेका छन् भने राप्रपाले एमालेका लागि। निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो। तर, निर्वाचन हुने वातावरण बनाउनु राज्यको प्रमुख दायित्व हो। स्थानीय तह प्रतिनिधिविहीन रहेको अवस्थामा दुई दशकपछि हुन लागेको चुनावबारे दोस्रो चरणमा आशंका कायमै रहेको छ। मधेशी जनताले संविधान जारी भएदेखि नै आन्दोलन गरिरहेका छन्। आन्दोलनका मागहरू पूरा गर्छौं भनी कांग्रेस-माओवादी केन्द्रले तीनबुँदे सम्झौता गर्‍यो। तर, सम्झौता पालना गर्न अहिलेसम्म आनाकानी गरिरहेका छन्। मधेशी जनताले निर्वाचनमा सहभागी हुन उत्साहित रहेपनि वातावरण नबनाउँदा मधेशमा निर्वाचनको सपना मात्र हुनेछ। सयौंको बलिदानीलाई लत्याएर यदि मधेशमा निर्वाचन गर्न खोजियो भने मुलुकमा निम्तिने दुर्घटनाको कल्पनासम्म गर्न सकिँदैन। पहिलो चरणको चुनाव निश्चित भइसके पनि दोस्रो चरणको चुनाव हुन्छ कि हुँदैन भन्ने अन्योलता कायमै छ। तसर्थ दोस्रो चरणमा मधेशमा निर्वाचन सपना नहोस्।

> मधेशी जनता निर्वाचनमा सहभागी हुन उत्साहित रहेपनि वातावरण नबनाउँदा मधेशमा निर्वाचन सपना मात्र हुनेछ। सयौंको बलिदानीलाई लत्याएर यदि मधेशमा निर्वाचन गर्न खोजियो भने मुलुकमा निम्तिने दुर्घटनाको कल्पनासम्म गर्न सकिँदैन।

## साताको सात बात



न्यायपालिका एउटा मान्यता र पद्धतिमा चल्ने राज्यको एक संवेदनशील निकाय हो। कुनै वर्ग वा व्यक्तिगत स्वार्थका आधारमा न्यायपालिकाको स्थापित मूल्य र मान्यतामा कहीं कतैबाट अतिक्रमण हुनु कसैको हितमा हुँदैन। **– सुशीला कार्की (प्रधानन्यायाधीश, सर्वोच्च अदालत)**



दोस्रो चरणको स्थानीय चुनाव जेष्ठ १४ मा गर्न उपयुक्त हुन्छ। एक महिना लामो अवधिमा चरणबद्ध चरिनु हुँदैन। सरकारले जेष्ठ ३१ को मिति तोक्दा हामीसँग सल्लाह पनि गरेन। **माधवकुमार नेपाल (पूर्वप्रधानमन्त्री)**



सत्तापक्षले संविधान संशोधनको विषयमा एमालेलाई जानकारी नै दिएन या दिन चाहेन। मधेशी मोर्चासँगको बैठकमा एमालेलाई नराख्ने, तर बाहिर एमालेलाई मधेशविरोधीको रूपमा चित्रण गरियो। **– सुवासचन्द्र नेम्वाङ (नेता नेकपा एमाले)**



मधेशी जनतालाई राम्ररी थाहा भई सकेको छ कुन दल संविधान संशोधनको पक्षमा छ र कुन दलले यसको विरोध गरेको छ। – राजेन्द्र महतो (नेता, राजपा नेपाल)



एलईडी बल्ब खरिद प्रक्रियामा अनियमितता भएको पुष्टि भए म झुन्डिन तयार छु। गलत काम गर्ने मनसाय राखेको भए मैले अर्बौं कमाउन सक्थें। एलईडी बल्बमा मलाई एक पैशा पनि खानु छैन। **– कुलमान घिसिङ (कार्यकारी निर्देशक, विद्युत प्राधिकरण**



अहिले चुनाव भइराखेका केही जिल्लामा जाँदा वा अन्य माध्यमबाट आएका सूचनाबाट एउटै निष्कर्ष निस्कन्छ, जसलाई मधेशतिर भनिन्छ, छानिएगा पकौडी, निकलेगा जलेबी ? अर्थात् पकौडा छान्दा जलेबी निस्कन्छ र ? **– चन्द्रकिशोर (लेखक)**



सरकार र हामीबीच चुनावअघि नै संविधान संशोधन पारित गर्ने समझदारी भएको हो। तर, अहिले सरकारले संशोधनलाई पन्छाउन जेठ ४ सम्म संसद् बैठक सारेको छ। अब हामी आन्दोलनका कार्यक्रम अघि बढाउन छलफल गर्दैछौं। – राजकिशोर यादव ( अध्यक्षमण्डीय नेता, राजपा नेपाल)

*प्रस्तुती : संगीता रेग्मी*

# स्वतन्त्रता कि संघीयता ? -२

**जयकृष्ण गोइत**



**वर्तमानमा नेपाल अधीनस्थ मेची नदीदेखि महाकाली नदीसम्मको 'तराई( मधेश)' कुनै शाहवंशी राजा, महाराजा वा नेपालीको विजित भू-भाग नभई ब्रिटिश स्वार्थका कारण नेपाललाई हस्तान्तरित भू-भाग हो।**

सन् १८१६ई.को मईतिर कम्पनीका गवर्नर-जर्नलद्वारा मनोनीत भएर एडवर्ड गार्डनर ब्रिटिश रेजिडेन्टको हैसियतले पुगेकाले ब्वाँयलू काठमाण्डौंबाट फर्केर गए। सन् १८१६ को अगस्तमा चिनियाँ सैनिक अधिकारी नेपालको वस्तुस्थिति अध्ययन गर्न तिब्बतको दिगार्ची पुगे। नेपालले मार्चमा नै सुगौली सन्धि-पत्रमा आफ्नो स्वीकृतिको लालमोहर लगाई कम्पनी सरकारलाई सुम्पि सकेको थियो। यस कारण अब नेपालको पक्ष लिई ब्रिटिशहरूसित युद्धको पुनरावर्तन गर्नु उक्त चिनियाँ अधिकारीले आवश्यक सम्झेनन्। चीनको उक्त सैन्य प्रतिनिधिले गभर्नर ला'र्ड हेस्टिंग्सलाई काठमाण्डौंमा ब्रिटिश रेजिडेन्ट नराखे वेश हुन्थियो भन्ने बिषयमा एउटा कडा पत्र लेखि पठाए।

सन् १७९२मा चीनले नेपाल-तिब्बत युद्धलाई नेपाल-चीन युद्धमा परिणत गर्‍यो। तिब्बतको तर्फबाट लडदै चिनियाँ सैनिक काठमाण्डौदेखि २६ कि.मी.उत्तर वेत्रावत्ती नदीसम्म आई पुग्दा नेपाललाई सन्धि गर्नु पर्‍यो। यस वेत्रावत्ती सन्धि अनुसार नेपालमाथि वाह्यि आक्रमण भएमा चीनले सैनिक सहयोग गर्ने। त्यसैले युद्ध भन्दा पूर्व चीनले नेपाललाई युद्धमा सैनिक मद्दत गर्ला भन्ने कम्पनीलाई ठूलो डर थियो। युद्धपछि पनि चीनले कस्तो प्रतिक्रिया जनाउँछ भन्ने त्रास थियो। यसै त्रासको सन्दर्भमा सन्धिपछि विशाल चीनियाँ फौज नेपाल आउँदैछ भन्ने हल्ला कम्पनी सरकारका ब्रिटिश अधिकारीहरूसम्म पुग्यो। अत: चिनियाँ सैनिक अधिकारको पत्र पाएर ब्रिटिश अधिकारीहरूमा त्रास उत्पन्न भयो। त्यसवेला कम्पनी सरकारको आर्थिक अवस्था कमजोर थियो। ला'र्ड हेस्टिंग्सलाई नेपालसँग(१८१४-१५)को युद्ध लडनको निम्ति अवधको नवाब वजीर गाजीउदीन हैदरबाट नगद अढाई करोड र पुनरावर्तित युद्ध(१८१६)को निम्ति नगद एक करोड रूपैया कर्ज लिनुपरेको थियो। अर्को तर्फ यतिवेला कम्पनी र मराठाका बीचमा तृतीय युद्ध(१८१७-१८) अवश्यभांवी हुन गएको थियो। दुई तिरको युद्धमा पराजयको सम्भावना बढी रहन छ। शत्रु सानै भएपनि ठूलो विगार गर्न सक्ने कुरा राम्ररी थाहा भएको ब्रिटिशहरूले चीनसितको युद्ध टार्न नेपाललाई आफ्नो पक्षमा मिलाउने प्रयत्नमा लागे।

८ दिसम्वर, १८१६ का दिन चीनदेखि भय-आक्रान्त ब्रिटिश ईष्ट इण्डिया कम्पनीले नेपाललाई चीनको पक्षमा जान नदिन नेपालका राजाको स्वीकृति र अनुमोदनका लागि स्मरण-पत्र प्रस्तुत गर्‍यो। कम्पनीले यसै स्मरण-पत्रको कुटिल चालद्वारा यसपाली हाम्रो मातृभूमि 'तराई'बाट पूर्व मेची नदीदेखि पश्चिम राप्ती नदीसम्म तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका भू-भाग नेपाललाई दियो एवं सुगौली सन्धि अनुसार नेपालका सरदारहरू र भारदारहरूको पेन्शन हेतु प्रतिवर्ष दिने रूं २ लाख स्मरण-पत्रको बूँदा-६ द्वारा बन्द गरिदियो।

यसरी ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले स्मरण-पत्रको बूँदा-६ द्वारा दोस्रो पल्ट मूक तराईवासीहरूको सहमति बिना नै उनीहरूको मातृभूमि तराई पुन: नेपालको राजालाई हस्तांतरण मात्र गरिएन। तराईवासीहरूलाई नेपालको गुलाम बनाउँन स्मरण-पत्रको बूँदा-७ मा कठोर शर्त उल्लेख गरियो कि नेपालका राजा प्रतिज्ञा गर्दछ कि तराई उनको शासनको अन्तर्गत दिएपछि तराईको कुनै निवासीहरूमाथि युद्धको दौरान ब्रिटिशसंग मिलेर नेपालको विरूद्ध लडेको कारणले कुनै पनि प्रतिशोधात्मक कारवाही चलाउने छैन र यदि किसानहरूको अतिरिक्त तराईवासीहरू मध्येबाट कुनै व्यक्ति सम्पति त्याग गरी कम्पनीको क्षेत्रमा बस्न चाहे भने उसको लागि कुनै अवरोध खडा गरिने छैन।

११ दिसम्बर, १८१६ का दिन स्मरण-पत्रको शर्तहरूलाई नेपालका राजाद्वारा स्वीकार गरी स्वीकृतिको मुहरबन्द पत्र ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारलाई सुम्पियो।

इतिहासको घटना क्रममा त्यतिवेला उत्तरको शक्तिशाली चीन र घाम न अस्ताउने विश्वका शाक्तिशाली ब्रिटिश साम्राज्य नेपालकै पक्षमा भए। स्मरण-पत्रको बूँदा -७ अनुसार तराईका किसान(श्रमिक)हरूलाई वैधानिक रूपमा बस्ने पर्‍यो र धनी किसान, साहु महाजन आदिलाई सम्पति त्याग गरी मजदूर वा भिखारी भएर कम्पनीको क्षेत्रमा बस्न चाहे भने उसको लागि कुनै अवरोध खडा गरिने छैन।

नेपाली शासनबाट मुक्तिको लागि विद्रोह गरेर युद्धमा खुलेर मिलेर लडेने तराईवासीहरूको अभिलाषालाई कुल्चेर ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले नेपालको अधीनमा नै बस्नको लागि स्मरण-पत्रको कुटिल चालद्वारा विवस पारियो। त्यतिवेला घाम न अस्ताउँने विश्वका शाक्तिशाली ब्रिटिश साम्राज्यको विरूद्ध विद्रोह गर्नु तराईवासी( मधेशी)हरूको लागि सम्भव थिए। ब्रिटिशहरूको आदेशानुसार तराईवासीहरूलाई कैदी सरह आँसुको नुनिलो ढिका पिएर नेपाल अधीन नै बस्नुको वाहेक अर्को विकल्प रहेन। तराई सुम्पिएदेखि नै नेपाली शासक प्रशासक तराईवासीलाई युद्ध अपराधी समान व्यवहार गर्न थाले।

यसरी ८ दिसम्वर, १८१६ का दिन ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले स्मरण-पत्रको कुटिल चालद्वारा तराई र तराईका मूल निवासिहरूलाई नेपालको राजालाई हस्तांतरण गरी दिए।

ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारद्वारा तराई हस्तांतरणको यो क्रम अगाडि पनि जारी नै रहियो। कम्पनी सरकारले नेपालका राजापछि अवधका नवाव तराई हस्तांतरण गरे। लार्ड हेस्टिंग्सले अवधका नवाव गाजाउद्दीन हैदरसँग नेपाल युद्ध( १८१४-१५) को लागि ढाई करोड र पुनरावर्तित युद्ध(१८१६) को लागि एक करोड नगद कर्ज लिएको थियो। त्यसको वापत कम्पनीले राप्ती पश्चिमको तराई अवधको नवावलाई दियो (सुन्दरलाल-भारत में अंग्रेजी राज, द्वितीय खण्डपृ. ८५)।

सन् १८३७ मा भीमसेन थापाको पतन भयो। नेपालको राजनीतिमा हत्या, षड्यन्त्र तथा सत्ता संघर्षका निरन्तर घटनाहरूले एउटा यस्तो वातावरण सृजना गरिदिएको थियो, जहाँ हिंसा एकदम सामान्य कुरा बनेको थियो। त्यसबेलाको नेपालको राजनीतिक वातावरणलाई हेरेर नै ब्रिटिश रेजिडेण्ट (मेजर ला'रेन्स, आई.आर.काल्मीन) ले यसको परिणाम रक्तपातपूर्ण हुने भविष्यवाणी गरेका थिए। केवल उपयुक्त अवसर चाहिएको थियो। अन्तत:त्यो अवसर पनि गगनसिंहको हत्याले जुराई दियो। सन् १८४६ सितम्बर १४ का राति देशका समस्याहरूमाथि गम्भीर विचार-विमर्श गरिने सभागृह कोत कसाई-खानामा परिणत हुन पुग्यो। जंग बहादुर र वहाँको दुई भाईले कोतमा भेला भएका प्रधानमन्त्री सहित आम नरसंहार गरे। नेपालको राजनीतिले रगतको होली खेल्यो। यसको परिणामस्वरूप जंगबहादुर क्रमश: नेपालको प्रधानमन्त्री र प्रधानसेनापति भए। आफ्ना विरोधीहरूको रगतका आहालमा पौडी खेल्दै सत्ताको केन्द्रमा स्थापित भएका जङ्गबहादुरलाई आफ्नो क्रूर, अमानवीय र षडयन्त्रात्मक शासन शैलीलाई शक्तिशाली कम्पनी सरकारसँग दासत्व भावले मात्र धाँन्न सकिन्छ भन्ने राम्रो एहशास थियो। ब्रिटिशहरूसँगको सुसम्बन्ध जङ्गबहादुरको इच्छा र अनिच्छाको कुरा भन्दा पनि यो उनको सत्ता स्वार्थको लागि अपरिहार्य बनेको थियो र उनीसँग अन्य कुनै विकल्प थिएन। त्यसैले उनले ब्रिटिशसँग निकट र हार्दिक सम्बन्ध विकासमा आफ्नो व्यग्रता प्रदर्शित गरे र कम्पनी सरकारले पनि त्यसलाई हार्दिकताका साथ ग्रहण गर्‍यो। आफ्नो आदेश पालकको हातमा नेपालका शासन रहोस भन्ने कम्पनी सरकारको पनि चाहना थियो।

जंगबहादुरले विद्यमान परिस्थिति तथा अवसरलाई आफ्नो बुद्धि र चतुर्यताले बडो निपुणतापूर्वक आफ्नो अनुकूल बनाउदै लग्यो। जंगबहादुरले ब्रिटिशहरूको सहमति र सहयोगमा महाराजा राजेन्द्रलाई राजच्यूत गरी युवराज सुरेन्द्रलाई गद्दीमा आरोहण गराए। जंगबहादुरले नया राजालाई मान्यता दिनको लागि गवर्नर जनरलसित अपील गरे। जगबहादुरले मान्यता माँग्नुभन्दा पहिले नै रेसीडेण्टले मान्यता दिन सिफारिस गरेका थिए।

यसरी एकातिर युवराज सुरेन्द्र महाराजा घोषित गरिनु र अकातिर महाराजा राजेन्द्र बन्दी बनाइनुबाट अब नेपालमा जंगबहादुरले आफ्नो सर्वोच्च स्थिति कायम गरे। यस घटनाले राजा सुरेन्द्र विक्रम शाह जंगबहादुरको खेलौना मात्र बन्न पुगे। राजाले यस रूपमा आफ्नो शक्ति गुमाए कि पहिले राजालाई सल्लाह दिने भारदारी सभाले अब प्रधान मन्त्रीलाई सल्लाह दिन्थ्यो। राजाले प्रधान मन्त्रीलाई निर्देशन दिनुको सट्टामा प्रधान मन्त्रीले राजालाई निर्देशन दिने भए। जंगबहादुरले राजालाई कठपुतली बनाएर नेपालमाथि निरंकुश शासन गर्न लाग्यो।

नेपाली इतिहासमा युरोप भ्रमण गर्ने सर्वप्रथम नेपाली नेता प्रधानमन्त्री जंगबहादुर नै देखा पर्छन्। सन् १८५० जनवरी १५का दिन जंगबहादुर आफ्नो भ्रमण दलसहित काठमाण्डौंबाट प्रस्थान गरे। २५ मई १८५० मा जंगबहादुर बेलायत पुगेका थिए। १८ जूनमा उनले बेलायतकी महारानी भिक्टोरियासँग भेट गरे। त्यसपछि जंगबहादुर २१ अगस्तमा ब्रिटेनबाट फ्रांसतर्फ लागे। ३१ अगस्तमा फ्रांसका सम्राट नेपोलियन तृतीयसँग भेट गरे। ६ नवम्बरमा जंगबहादुर फ्रांसबाट कलकत्ता आइपुगे। सन् १८५१ फरवरी ६मा तीर्थस्थलहरूको भ्रमण गरी काठमाडौं पुगे। काठमाण्डौं आइपुगेको पर्सिपल्ट फरवरी ८ का दिन हनुमानढोका राजदरबारको गद्दी बैठकमा "दरबार" को आयोजना गरियो। यस दरबारमा रेजिडेन्ट मेजर थर्सवे, मिस्टर ओलिङ्ग्यान्ट र कप्तान क्याभिनेजहरू पनि उपस्थित थिए। सोही अवसरमा महारानी भिक्टोरियाले प्रधानमन्त्री जंगबहादुरमार्फत राजा सुरेन्द्रलाई लेखी पठाएको पत्र प्रधानमन्त्री जंगबहादुरले महाराजा सुरेन्द्रलाई हस्तान्तरण गरे।

सन् १७५७देखि १८५६सम्मको विगत सय वर्षको ब्रिटिश-भारत(भारत, पाकिस्तान र बंगलादेश)का इतिहासको अध्ययनबाट स्पष्ट हुन्छ कि ब्रिटिश-भारतमा ब्रिटिश साम्राज्यको स्थापना छल, कपट, प्रपंच र धोखावाजीले भएको थियो। ब्रिटिश-भारतमा ब्रिटिश ईष्ट ईण्डिया कम्पनीको शासन सुदृढ भए पश्चात एक्कासि ब्रिटिश-भारतका जनताहरूको आँखा खुल्यो। वस्तुत: सन् १८५७ ई.का महाविद्रोह वर्षौं देखिको भारतीय उपमहाद्वीपका जनताहरूको असन्तोषको परिणाम थियो। ब्रिटिश ईष्ट ईण्डिया कम्पनीको शासनबाट ब्रिटिश-भारतका जनताहरू राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक उत्पीडनको पराकाष्ठा पार गरेको थियो। जसको परिणाम सैनिक विद्रोह विस्फोटको अगुवा भूमिका को रूपमा देखा पर्‍यो।

सन् १८५७, मार्च २९ का दिन कलकत्ता निरको बैरकपुर छावनीको विद्रोह गर्ने सैनिक मंगल पाण्डलाई गिरफ्तार गरी फाँसीको दिएको खबरले विद्रोह ब्रिटिश-भारतको कुना-कुना मा भडकियो। सन् १८५७ मई ६को मेरठ छावनीको विद्रोह गर्ने सैनिकहरूलाई नि:शस्त्र गरेर १०-१०सालको कैद सजाय सुनाएर जेलमा बन्द गरिदियो। कम्पनी सेनाका भारतीयहरू र मेरठका नागरिकहरूले १० मईको सशस्त्र विद्रोह गरे, कारागारको ढोका फोडेर बन्दी सैनिकहरूलाई मुक्त गरी लिए। तत्पश्चात ११ मईको मेरठका दुई हजार घुडसवार सैनिकहरू दिल्ली प्रवेश गरेर बृटिश अधिकारी कर्नल रिपलेको सफाया गरेर मुगल बादशाह बहादुर शाह जफरलाई मुक्त गरी दिल्लीका सम्राट घोषित गर्‍यो।

मेरठ र दिल्लीका विद्रोहाग्निको लपट कानपुर, बरेली, लखनऊ, बनारस, जगदिशपुर(बिहार) तथा ब्रिटिश-भारतका अन्य भागहरूमा फैल्यो। झाँसीकी महारानी लक्ष्मीवाई, नाना साहेव पेशवा, ताँत्या टोपे, वेगम हजरत महल, लियाकत अली, वीर कुँवर सिंह, खान बहादुर खान आदि स्वतन्त्रता संग्रामका अग्रणी नेताहरूले जीवन अर्पण गरेका थिए। विद्रोहको नेतृत्व मेरठका पेशवा नाना साहेबले गरिरहेका थिए। उनले नेपालका शक्तिशाली प्रधानमन्त्री जंगबहादुरसँग कम्पनी सरकार विरूद्ध सहयोगको अपील गरेका थिए। त्यस्तै अवधका नवावले पनि नेपालको सहयोग प्राप्त गर्न विनम्र अनुरोध गर्दै पत्र पठाएका थिए। तर जंगबहादुर विद्रोहीलाई होइन विद्रोह दबाउन कम्पनी सरकारलाई सहयोग गर्ने पक्षमा थिए। जंगबहादुरले विद्रोहीहरूलाई ब्रिटिशसंग क्षमा माँगन सल्लाह दिए।

गवर्नर जनरलले अनुमान गरेको विपरीत चाँडै नै यो विद्रोहले उग्ररूप लियो र जूनको अन्तसम्ममा अवध र उत्तर-पश्चिम प्रान्तहरूमा विद्रोहीहरूको अधिकार कायम भयो। यस्तो स्थितिमा इलाहाबाद, लखनऊ र बनारसमा कम्पनी सरकारको स्थिति धेरै नै गम्भीर भए। क्रान्तिकारीहरूले बृटिश अधिकारीहरू माथि संघातिक हमला गरे। उनीहरूका बंगला डढाइ दिए। लखनऊमा हेनरी लारिन्सले रेजिडेन्सीमा शरण लिन पुगे। जंगबहादुरको प्रस्ताव स्वीकार गर्ने सल्लाह दिन नेपालको पूर्व रेजिडेण्ट हगसन दार्जिलिङबाट कलकत्ता गर्वनर जनरलनिर पुगे। कलकत्ताको कम्पनी सरकारले भयंकर आपत्तिकालीन स्थितिको घोषणा गरी २९ जून, १८५७ मा नेपालसित सैनिक सहयोग माँग गर्‍यो।

थापाथली गोलघर बैठकको निर्णय अनुसार २ जुलाई, १८५७ का दिन जंगबहादुरले कर्णेल पहलमान सिंह बस्नेतको नेतृत्वमा ३ हजार नेपाली सेना स्वतन्त्रता संग्राम दमन गर्न पठाए।

नेपाली सेनाको क्रुर दमनले गभर्नर जनरल लर्ड क्यानिङ्गलाई साह्रै प्रभाव पारेकोले रेजिडेन्ट मेजर जर्ज ऱ्यामजे मार्फत पुन: थप सेनाको माँग गरियो।

सन् १८५७, दिसम्बर १० का दिन ब्रिटिशहरूको आदेश र जंगबहादुरको चाहना अनुसार प्रधान सेनापतिको हैसियतले स्वयं अन्य सैनिक अधिकारीहरू सहित १४ हजार सैनिक जवानहरूको दलबलका साथ भारतीयहरूको स्वतन्त्रता संग्रामलाई दमन गर्न निम्ति काठमाडौंबाट रवाना भए।

नेपाली सेनाले जौनपुर, आजमगढ, मुबारकपुर, अत्रोलिया, कुण्डिया, चन्दा, बदलपुर, बसरतपुर, हमीरपुर, सुल्तानपुर, सोनपुर, गोरखपुर, बादशाहगंज, लखनउ आदि ठाउँमा विद्रोहीहरूसित युद्ध गरे। २१ मार्च सम्ममा सम्पूर्ण लखनउ जंगबहादुरको मातहतमा आयो। लखनऊमा लडेका प्रमुख युद्धहरूमध्ये बेगमको काठी, आलमबाग, छत्तर मंजील, मोतीमहल, केशरबाग, इमामबारा, ताराकोठी र मुसाबाग युद्ध प्रसिद्ध थियो। विद्रोहीहरूको मुख्य अड्डा आलमबाग कब्जा भएपछि नेपाली सेनाले केशरबागमा घमासान युद्ध गरी अधीनमा लिएपछि भयङ्कर लूट-पाट मात्र मच्चाएन तोड-फोड, च्यात-चुत र बलात्कार जस्तो जघन्य अपराध गर्न पनि पछि परेन्। लखनऊमा नेपाली सेनाका हिंसा, हत्या, लुट र बलात्कार तोड-फोडका अत्याचारले महम्मद गोरी, चङ्गेज खाँ, नादिर शाहको स्मरण गरायो। सन् १८५८, मार्च २३ का दिन जंगबहादुर दलबलका साथ लखनऊबाट काठमाडौंको लागि हिंडीयो।

सन् १८५७ का महाविद्रोहलाई कम्पनी सरकारले क्रुरतापूर्वक दमन त गरी दियो, तर बृटिश ईष्ट इण्डिया कम्पनीको शासनबाट असन्तुष्ट भएर जनता, सैनिक र राजा महाराजाहरूले महाविद्रोह गरेको हुँदा ब्रिटिश सरकारले कम्पनीको शासनको अन्त गर्ने निर्णय लियो। ब्रिटिश-भारतमा शासन गर्नको लागि ब्रिटेनको संसदबाट 'भारत शासन अधिनियम-१८५८' पारित गराए। त्यस अधिनियम तहत १ नवम्बर, १८५८ का दिन इलाहाबादमा एक दरबार गरियो, जसमा लाँर्ड कैनिंङ्गले महारानी विक्टोरियाका घोषणा-पत्र पढेर सुनाइयो। महारानीको यसै घोषणा-पत्रद्वारा भारत शासन अधिनियम-१८५८को तहत कम्पनी शासनको अन्तको घोषणा गरी दियो। सन् १८५८ नवम्वर १ देखि ब्रिटिश-भारतको प्रशासनमा "ब्रिटिश ईस्ट-इन्डिया-कम्पनी-सरकार" भन्ने शब्द हटाई "हर मेजेस्टि गभर्नमेन्ट" ९जभच :बनभकतथ'क न्यखभचलकभलत० भन्ने वा लेख्ने कार्य र सम्पूर्ण प्रशासनसमेत बेलायतबाटै हुन थालियो।

सन् १८५८को आखिरी र १८५९ई. को शुरूतिर लर्ड क्लाईड ९ीयचम ऋथिमभ० को मातहतबाट भागेको "नसराबाद् रेजिमेन्ट" का विद्रोही सेनाका जवानहरू र महाविद्रोह असफल भएकोले ३०-३५ हजार विद्रोहीहरू नेपाल अधिनस्त पश्चिमी तराईको "चारकोसे झाडी"( जंगल) अन्तर्गत बुटवलको सुरी खोला भन्ने ठाउँमा आश्रय स्थल बनाई बसेका थिए।

ब्रिटिश रेजिडेन्ट लेफ्टिनेन्ट कर्णल ऱ्यामजेले जंगबहादुरलाई सम्पूर्ण विद्रोहीहरू सुपुर्द गर्न आदेश दिए। त्यसो गर्न नसकेको खण्डमा ब्रिटिश सेना पस्ने छ। जंगबहादुरले ब्रिटिश सेनालाई तराई पस्न दिए। तराईवासिहरूले विद्रोहीहरूलाई रसद आदिको सहयोग गरेको कारण ब्रिटिश सेनाले तराईवासिहरूको धन-जनको क्षति मात्र गरेन, महिला अस्मिता माथि पनि हमला गरे। पश्चिमी तराईका कृषि एवं जनजीवन अस्त-व्यस्त भएपछि २३ सितम्बर १८५९ का दिन जंगबहादुरले ब्रिटिश सेनालाई फिर्ता पठाई कर्णेल पहलमान सिंह बस्नेतको मातहतमा ४ हजार नेपाली सेना विद्रोहीहरूलाई पक्राउ गर्न पठाए।

ब्रिटिश सेना जस्तै नेपाली सेनाले पनि तराईवासिहरूको धन-जनको क्षति मात्र गरेन, महिला अस्मिता माथि पनि हमला गरे। नेपाली सेनाले करीब १,४०० विद्रोहीहरूको हत्या गरी करीब ३,५०० लाई पक्री कैद गरे।

सन् .१८५९,नवेम्बर १४ का दिन जंगबहादुर ११,००० सेनाको दलबलका साथ पुगी पक्राउ परेका विद्रोही नेताहरूसँग भेटे। यिनीहरूमध्ये केहिलाई जंगबहादुरले शरण दिई अरू सम्पूर्ण ब्रिटिश विद्रोहीहरूहरूलाई ब्रिटिश क्याप्टेन निल्स (Captain Nifll) मार्फत कर्णेल होल्डीच (Colonel Holdich)लाई सुम्पिए।

जंगबहादुरले शरण दिएका बेगम हजरत महल, नवाब मिर्जा ब्रिजिस कादर, नाना साहेब दुन्धु पन्त, निजकी माता, नाना साहेब दुन्धु पन्तकी रानी काँशी वाईहरूलाई आफ्नै थापाथली दरबारको ढिकीटकनिर बेग्ला-बेग्लै घर बगैंचा बनाई भत्तासमेतको व्यवस्था गरी राखे। नाना साहेबको मृत्युपछि जंगबहादुरले केयौं बर्षसम्म काशीवाईलाई आफ्नी रखौटी बनाएर राखेका थिए। जंगबहादुरले विद्रोहीहरूसित रहेका बहुमुल्य हिरा, मोती, जवाहरात आदि जफ्त गरे। नाना साहेबले टाउकोमा लगाउने नौलखा हार मात्र लिएन, विदोही महिलाहरूको अस्मिता समेत लुटे।

ब्रिटिश-भारतमा १ नवम्बर, १८५८ का दिन आफ्नो सोझै शासन स्थापना गरेको ठीक दुई वर्षपछि १ नवम्वर १८६० का दिन भारतीय स्वतंत्रता आंदोलनको दमनमा नेपाल सरकारद्वारा दिएको सहयोगलाई 'उत्कृष्ट सेवा' को दर्जा दिदै ब्रिटिश सरकारले नेपालसँग एक सन्धि गर्‍यो। गभर्नर जनरल लार्ड हेस्टिंग्सले अवधका नवाव गाजाउद्दीन हैदरसँग नेपाल युद्धको लागि लिएको कर्ज वापत अवधको नवावलाई दिएको राप्ती पश्चिमको तराई भू-भाग समेत गभेर त्यस सन्धि-पत्र मार्फत काली र राप्ती नदीहरूको मध्य अवस्थित सम्पूर्ण तराई भू-भाग तथा राप्ती नदी र गोरखपुर जिल्लाको मध्य अवस्थित सम्पूर्ण तराई भू-भाग तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका तराई भू-भाग नेपाललाई दियो। ब्रिटिश रेजिडेन्ट लेफ्टिनेन्ट कर्णल ऱ्यामजे र नेपालका प्रधानमन्त्री श्री ३ जंगबहादुरले सो सन्धि-पत्रमा दस्तखत गरे। नेपालले यसको नाउँ 'नयाँ मुलुक' राख्यो।

यसरी ब्रिटिश ईष्ट इण्डिया कम्पनी सरकारले १८१६ई.को स्मरण-पत्र एवं ब्रिटिश सरकारले १८६०ई.को सन्धि-पत्रद्वारा मेचीदेखि पश्चिम राप्तीसम्म एवं राप्तीदेखि पश्चिम महाकालीसम्म र वर्तमान भारत-नेपाल सीमा देखि उत्तरको तराई भू-भाग नेपालका राजालाई दिईयो। अत: वर्तमानमा नेपाल अधीनस्थ मेची नदीदेखि महाकाली नदीसम्मको 'तराई(मधेश)' कुनै शाहवंशी राजा, महाराजा वा नेपालीको विजित भू-भाग नभई ब्रिटिश स्वार्थका कारण नेपाललाई हस्तान्तरित भू-भाग हो। नेपालको इतिहासको सिंहावलोकनले हामीलाई बताउँछ कि 'तराई' नेपालको अभिन्न अङ्ग थिएन, होइन।

सन् १८५७ देखि प्रारम्भ भएको भारतीय स्वतन्त्रता सग्रामको परिणाम स्वरूप १५ अगस्त, १९४७ को मध्यरात्रिमा भारत ब्रिटेनको उपनिवेशबाट मुक्त भएर स्वाधीन राष्ट्र बने। सन्१९४९, नवम्बर २६ मा भारतीयहरूको विधान-निर्मात्री परिषदद्वारा स्वीकृत भारतको संविधान २६ जनवरी, १९५०ई.को दिन जारी गरेपछि भारत एउटा सम्पूर्ण प्रभुसत्तासम्पन्न लोकतन्त्रात्मक गणराज्यको रूपमा अवतरित भयो।

सन् १९५० जुलाई ३१ का दिन भारत-नेपाल बीच काठमाण्डौंमा सम्पन्न भएको "शान्ति एवं मैत्री" सन्धिको धारा-८मा उल्लेख छ, "जहाँ सम्म यसमा वर्णित विषयहरूको सम्बन्ध छ यो सन्धि भारतको लागि ब्रिटिश सरकार र नेपाल सरकारको बीच भएको समस्त पूर्ववर्त्ती सन्धिहरू, सम्झौताहरू तथा व्यवस्थाहरूलाई खारेज गर्दछ।

सन् १९५०अक्टुवर ३० का दिन बृटेन-नेपाल बीच काठमाण्डौंमा सम्पन्न सन्धिको आठौं धारामा उल्लेख भए अनुसार संयुक्त अधिराज्य सरकार र नेपाल सरकार बीच काठमाण्डौंमा २१ दिसम्वर १९२३ को दिन हस्ताक्षर भएको सन्धिपत्र र सो भन्दा अधिका सन्धि-पत्रहरू, स्वीकार-पत्रहरू, सम्झौता-पत्रहरू समेत खारिज भएको छ।

सन्१९५० का भारत-नेपाल तथा ब्रिटेन-नेपाल बीच भएको दुबै सन्धिहरूको धारा- ८ को आधारमा ८ दिसम्वर १८१६ को स्मरण-पत्र र १ नवम्वर १८६० को सन्धि-पत्र स्वत: खारेज भएको छ।

भारत-नेपाल बीच सम्पन्न "शान्ति एवं मैत्री" सन्धि १९५० को धारा-१ मा उल्लेख छ "भारत सरकार एवं नेपाल सरकार बीच स्थायी शान्ति र मित्रता रहनेछ। दुवै सरकार एकले अर्काको पूर्ण सम्प्रभुता, राज्यक्षेत्रको अक्षुण्णता तथा स्वातन्त्रतालाई मान्यता र आदर प्रदान गर्न मन्जुर गर्छन्"। क्रमश:..

**(फेसबुकबाट साभार)**

# बिनासंशोधन निर्वाचनमा जानु धोका हो

मधेशी जनताले अधिकार नपाउन्जेल कुनै पनि निर्वाचनमा हामी जानु हुँदैन भन्ने गरेका थियौं । जनताले निर्वाचनमा जानका लागि सहादत, बलिदान र रगत बगाएको होइन । निर्वाचनका लागि हजारौं मान्छे घाइते भएको होइन र ६-६ महिना बन्द हडताल, चक्कजाम निर्वाचनमा जानका लागि गरेको होइन । तिनीहरू अधिकार प्राप्तिको लागि गरेको हो ।



**राजेन्द्र महतो**
**अध्यक्ष मण्डलीय नेता**
**राष्ट्रिय जनता पार्टी, नेपाल**

**० अहिलेको राजनीतिक अवस्थालाई तपाई कुन रूपमा लिनु भएको छ ?**
– अहिले त अन्योलको अवस्था छ । जनताको संघर्ष अधिकार प्राप्तिको जुन लडाई हो, आन्दोलन हो त्यो चलिरहेकै छ । अहिलेको अवस्था बडा अन्योलको अवस्था छ । एकतर्फ निर्वाचनको घोषणा भएको छ भने अर्कोतर्फ संविधान संधोधन लगायतको विषयहरू, मधेशी जनजातिले उठाउँदै आएका मागहरूलाई सम्बोधन गरी निर्वाचनमा जानु उपयुक्त होला ।

**० मधेशी मोर्चाका ६ वटा दल मिलाएर राजपा नेपाल बनाउनु भयो, यो कसरी सम्भव भयो ?**
– जनताको भावना, चाहना र माग सबभन्दा महत्वपूर्ण कुरा हो । दोस्रो संविधानसभापछि आम मधेशी जनताले एकताका कुरा उठाए कि मधेशकेन्द्रित पार्टीहरू एकताबद्ध भएर आउनु पर्छ । एउटै उद्देश्य र लक्ष्यका लागि मोर्चाबन्दी गरेका पार्टीहरू संघर्ष गर्नसक्नु हुन्छ भने ती उदेश्य पुरा गर्नको लागि तपाईहरू यो मोर्चालाई एउटै पार्टीमा बदल्नुस, सात ओटा झण्डा नराख्नुस, एउटै झण्डा राख्नुस र एउटै नाम राख्नुस र तपाईहरू मिलेर आउनुस भनेर जनताको जनादेश आएपछि सम्भव भएको हो । हामी सडकको संघर्षमा र निर्वाचनमा पनि एउटै मधेशवादी दललाई मतदान गर्न चाहन्छौं, छुटाछुटै हुँदा मत विभाजन हुन्छ । हामी विगतमा काँग्रेस एमाले माओवादीलाई मतदान गर्यो त्यसैको परीणाम स्वरूप यो गलत संविधान बनेको हो । काँग्रेस माओवादी र एमालेले हाम्रै मत लिएर हाम्रो विरूद्धमा संविधान बनाए, सरकार बनाएर हामी माथी गोली चलाए, त्यसैले यो कुरा हामी बुझेको छौं र यसको भुलसुधारको लागि तपाईहरू एक भइदिनुस हामी मतदान देखी सडक संघर्षसम्म एकभएर अगाडी बढ्छु भन्ने कुराको सम्पूर्ण मधेशका जनताले हामीलाई पटक पटक आग्रह गरेका थिए । प्रेरणा हामी मधेशी जनताबाट पाएका थियौं र मधेशको बृहत हितमा एउटा शक्तिको आवश्यता छ । एउटा शक्तिशाली पार्टीको निर्माण गरौं भन्ने जनादेशको हामीले पालना गरेका हौं । हामी सातैओटा दल एक हुन खोजेका थियौं तर त्यसमा उपेन्द्र यादव जी मधेशसँग एकता गर्न चाहनु भएन । उहाँ बाबुराम भट्टराईसँग जानु भयो । मधेशी जनताको चाहना र भावना अनुसार ६ पार्टीको एकीकरणबाट मधेशमा एउटा लहर चलेको छ, मधेशमा खुसीयाली छाएको छ । अब सम्पूर्ण मधेशी जनता आफ्नो अधिकारका लागि राजपामा आउनु पर्छ ।

**० विगतमा पनि पार्टी एकीकरणको लामो प्रयास भएको थियो, त्यतिबेला किन सम्भव भएको थिएन त ?**
– कुनै कामको समय हुन्छ । विगतमा पनि दोस्रो संविधानसभाको निर्वाचन पछि सदभावना, तमलोपा र मधेशी जनअधिकार फोरम नेपालबीच एकताको कुरा धेरै लामो समयसम्म चल्यो । तर, उपेन्द्रजी त्यतिबेला पनि तयार हुनु भएन र अहिले पनि उहाँ मधेशसित एकता हुन तयार हुनु भएन । उहाँ पहाडसित एकता गर्नु भयो । पहिले अशोक राईसँग गर्नु भो अहिले बाबुराम भट्टराईसित एकता गर्नु भयो । जसले हाम्रो विरूद्धमा बनेको संविधानमा हस्ताक्षर गरेका छन् त्यो व्यक्तिसँग उपेन्द्रजीले सहकार्य गर्दै हुनुहन्छ । तर, मधेशसँग एकता गर्न रूचाउनु भएन, चाहनु भएन । उहाँले नचाहदैंमा केही बिग्रेको छैन । उहाँ आफूलाई पहाडकेन्द्रित पार्टी भनाउने भइहाल्नु भयो । जो वास्तवमा मधेशी, जनजातिको लागि काम गर्ने त्यो अहिले भइसकेको छ । जो मधेशलाई एक हुनमा बाधकको रूपमा थियो मधेश छाडेर जानु भयो ।

**० राजपा नेपालमा कोही गजेन्द्र नारायण सिंह, कोही काँग्रेस त कोही एमालेको स्कुलिङबाट आएकाहरू छन् । यस अवस्थामा पार्टीमा एउटा विचार र सिद्धान्त तयार गर्न कतिको गाह्रो भइरहेको छ ?**
– गाह्रो त हुन्छ नि । सबैको आ-आफ्नो राजनीतिक पृष्ठभूमि र इतिहास छ । हाम्रो त झन २८ वर्ष लामो इतिहास छ । अरू त काँग्रेस, एमाले, माओवादीबाट आएका साथीहरू थिए तर हामी त २८ वर्षदेखि गजेन्द्रबाबुको स्कुलिङबाट आएका छौं । हामीलाई त झन् त्यो पुरानो लिग्लेसी र पहिचान छोड्न बडा अप्ठारो थियो, धेरै अप्ठेरो भयो, एकदमै पीडा भयो । तर मधेशी जनताको हितको लागि मधेशी जनताको भावनाको कदर गर्दै मधेशीको अधिकारको लडाईलाई निर्णायक बिन्दुमा पुऱ्याउन आफ्नो पीडालाई बिर्सेर जनताको पीडालाई समाधान गर्नका लागि हामी एकताबद्ध भयौं । सबै कठिनाईलाई पार गर्दै एकदमै आत्मीय ढँगले एकतावद्ध भएका छौं ।

**० सुनिन्छ, गजेन्द्रनारायण सिहको विचार र योगदानलाई पार्टीको विधानमा नसमेटीएको कारण विवाद भएको थियो रे हो ?**
– हैन् त्यस्तो केही कुरा पनि होइन, कसैको योगदानलाई कसैले मेटाउन सकिदैन । इतिहास कहिल्यै मेटिदैं मेटिदैन्, यो त मिडियाको काम हो । यो एकता विरोधमा लाग्ने थुप्रै तत्वहरू छ । मधेशमा पनि मधेशी अनुहारहरू यो एकतालाई बिथोल्न खोजेको हो । मधेश विरोधी खसवादीहरू यो एकतालाई मन पराएका छैनन् । उनीहरूले यस्ता अनर्गल प्रचार गरिहाल्छ नि ।

**० ६ पार्टी एकीकरण गर्ने वित्तिकै उपेन्द्र यादवसँग जुध्नुपर्ने अवस्था किन आयो ?**
– हामीले कसैसित जुध्नु पर्ने आवश्यता नै छैन । उपेन्द्र यादव मधेश केन्द्रित पार्टीसँग एकता गर्न चाहनु भएन । संविधानमा अधिकार प्राप्तिको विगतमा लामो समयसम्म आन्दोलन गर्यो । संविधान संशोधन नगरी चुनावमा जानु हुँदैन भन्ने मोर्चा र संघीय गठबन्धनको बटमलाइन बन्यो । मधेशी जनताले अधिकार नपाउन्जेल कुनै पनि निर्वाचनमा हामी जानु हुँदैन भन्ने गरेका थियौं । जनताले निर्वाचनमा जानका लागि सहादत, बलिदान र रगत बगाएको होइन । निर्वाचनका लागि हजारौं मान्छे घाइते भएको होइन र ६-६ महिना बन्द हडताल, चक्कजाम निर्वाचनमा जानका लागि गरेको होइन । तिनीहरू अधिकार प्राप्तिको लागि गरेको हो । त्यो अधिकार प्राप्ति संविधान संशोधन जनताको माग थियो त्यो आन्दोलनकै एजेण्डा थियो । त्यो एजेण्डालाई उपेन्द्र यादवले लत्याएर गएकोले स्वाभाविकरूपमा उहाँलाई कारबाही गरिएको हो । गठबन्धनमा रहेको बाँकी दलहरूले संविधान संशोधन नगरीकन निर्वाचनमा गएकोले गठबन्धनको सिद्धान्त, नीतिअनुसार उहाँ नचलेकोले त्यसमा आवद्ध पार्टीहरूले अर्को संयोजकको रूपमा महन्थ ठाकुरलाई चयन गरेका हुन् । विना संशोधन निर्वाचनमा जानु कुनै तुकै थिएन, जानु पनि हुँदैन ।

**० पहिलादेखि नै तपाइँले संघीय गठबन्धनलाई मन पराउनुभएको थिएन, बैठकमा अनुपस्थित नै हुनुहुन्थ्यो तर अहिले आएर एकाएक खुबै मन पराउन थाल्नुभयो । किन होला ?**
– संघीय गठबन्धनमा उहाँको काम कारवाही ठिक थिएन भन्ने म सुरूदेखि नै भनिरहेको थिएँ । जतिवेला उहाँ संघीय गठबन्धनको संयोजक बन्नु भयो त्यो गलत तरिकाबाट बन्नु भएको थियो । अहिले आएर गठबन्धनका साथीहरूले भनिरहेको छ कि उहाँको सञ्चालन प्रक्रिया ठिक थिएन । संघीय गठबन्धनमा हामी त्यतिबेला पनि थिए आज पनि छौं । त्यतिबेला उहाँको क्रियाकलाप मन नपरेर प्राय: म बैठकमा अनुपस्थित नै हुन्थे । अहिले हाम्रो आफ्नै कार्यालयमा भइरहेकोले एक्टिभ हुनु स्वभाविक हो । अहिले त संघर्षको बेला हो आन्दोलनको बेला हो यस्तो बेलामा आफ्नो पार्टीको बैठक गठबन्धनको बैठकमा आन्दोलनलाई अगाडी बढाउनलाई जानुपर्छ ।

**० सत्तापक्ष र प्रतिपक्षबाट पटक-पटक धोका खानु भएको छ, यो पल्ट पनि संशोधन गरिएन भने तपाईहरू साचिक्कैं निर्वाचनमा नजाने त ?**
– पटक-पटक मधेशले धोका खाएकै हो र धोका दिनेलाई जनताले जवाफ दिन्छ । हामी कहिल्यै पनि जनतालाई धोका दिएका छैनौं । हामी २८ वर्षदेखि भने अनुसारको काम गर्दै आएका छौं । मधेशका लागि काम गर्न कसैले हामीलाई सिकाउनु पर्दैन । संविधान संशोधन भएन भने कुनै पनि हालतमा कुनै पनि निर्वाचनमा जानु हुँदैन, संविधान संशोधन गरेर मात्र निर्वाचनमा जानुपर्छ भन्ने हाम्रो पार्टी, गठबन्धन र मेरो व्यक्तिगत मान्यता पनि हो । संविधान संशोधनका लागि जनताले शहादत दिएको थियो न कि निर्वाचनका लागि । त्यसैले जनताको शहादतलाई बिर्सेर पद प्राप्तिका लागि निर्वाचनमा गइहाल्ने त्यो अवस्था छैन । हाम्रो अहिलेको काम जनसंख्याको हिसाबमा स्थानिय निकायको संख्या बढाउनु पर्ने, झुठा मुद्दा लगाएको साथीहरूलाई र जेलमा रहेको साथीहरूलाई रिहा गर्नु पर्यो, शहिद घोषणा गर्नु पर्यो । रेशम चौधरी देश बाहिर बसिरहेका छन्, लक्ष्मण थारू झुठा मुद्दामा जेलमा छन् । यस्ता सैकडौं साथीहरू छन् जसलाई राज्यपक्षले त्यस्ता मुद्दाहरू फिर्ता गर्नुपर्यो । मूख्य रूपमा यी तीनवटा कुरा तत्काल सम्बोधन गर्नु पर्यो ।

**० सरकारले ११ वटा जिल्लामा स्थानीय तहको संख्या बढाउनका लागि अधिकृतलाई सर्कुलेट गरेको थियो त्यो फेरि किन फिर्ता बोलाइयो ?**
– ११ वटा जिल्लामा मात्र बढाएर हुँदैन । किन ११ वटा जिल्लामा मात्र बढाउनुपर्छ, त्यसैले फिर्ता लिनुपर्छ । मधेशको सबै जिल्लामा जनसंख्याको अधारमा गाउँपालिका र नगरपालिकाको संख्या बृद्धि गर्नुपर्छ । अव सबै जिल्लामा संख्या नबढाएसम्म निर्वाचन हुँदैन ।

**० वर्तमान अवस्थामा राजपा नेपालमा पदाधिकारीहरू चयन भइरहेको सुनिन्छ, त्यो कुन अधारमा भइरहेको छ ?**
– हाम्रो महाधिवेशनसम्म ६ वटा पार्टीको जतिपनि पदाधिकारी सदस्यहरू मनोनय गरिएको छ त्यो सबैलाई हामीले राष्ट्रिय जनता पार्टी नेपालको पदाधिकारीको रूपमा स्वीकारेका छौं, मान्याता दिएका हौं र महाधिवेशनसम्म पार्टीलाई अगाडी बढाउँदै जानेछौं ।

**० अहिले राजपा नेपालभित्र के-कस्तो गतिविधि भइरहेको छ ?**
– अहिले मूख्य रूपमा सबै जिल्लामा अध्यक्षमण्डले संयोजक चयन गर्ने कार्यक्रम रहेको छ । सहमतिको अधारमा संयोजक चयन हुनेछ । चक्रीय प्रणाली अनुसार पालैपालो संयोजक भएर अध्यक्ष मण्डल जसरी केन्द्रमा राखेको छ त्यसरी नै जिल्लामा तत्काललाई जिल्ला सञ्चालन गर्ने र बैसाख २९ गते गाउँदेखि लिएर जिल्लाको नेतासम्मको एकता बैठक आ-आफ्नो जिल्ला सदरमुकाममा गर्ने कार्यक्रम रहेको छ । जेठ १ गते सबै जिल्लामा धुमधामका साथ एकता मोटरसाइकल ऱ्याली निकाल्ने छ, विरोध स्वरूप जसको तयारी भइरहेको छ । हाम्रो यहाँ दलको दर्ता प्रक्रिया पनि निर्वाचन आयोगमा चलिरहेको छ । हामी पार्टी दर्ताको लागि दस्तावेजहरू (विधान, घोषणापत्रहरू) तयार गर्दैछौं । चाडैं नै निर्वाचन आयोगमा आफ्नो पार्टीलाई आधिकारीक रूपमा दर्ता गराउँछौं । अगामी दिनमा मेची-महाकाली एकता ऱ्यालीको पनि कार्यक्रम हुनेबाला छ । राजपा नेपाल सम्पूर्ण मधेशमा मजबुत भएर आफ्ना गतिविधीहरू सञ्चालन गर्नेछ । जनताको जुन भावना हो त्यो भावना अनुसार काम गर्ने हो ।

**० वर्तमान राजनीतिक अवस्थालाई मध्यनजर गर्दै अन्त्यमा जनतालाई के भन्न चाहनुहुन्छ ?**
– संविधान संशोधन नगरिकन हामी कुनै पनि निर्वाचनमा भाग लिन्नौं । यो देश र जनताको हितमा मान्न सकिदैन । मागहरूको सम्बोधन बिना मधेशमा कुनै पनि हालतमा निर्वाचन हुन दिदैंनौं । जबरजस्ती निर्वाचन गरायो भने त्यो मुलुकको लागि दुर्भाग्य हुन्छ, मधेश अर्को कोर्समा जान सक्छ । त्यो परिणाम नराम्रो आउँछ । त्यसैले त्यतातिर मधेशलाई धकेल्नु हुँदैन ।

*(मधेशवाणी टीभीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

# गठबन्धनको संयोजक परिवर्तनमा दुवै पक्षको कमजोरी



**डा. ओम गुरूङ**
**प्रवक्ता, संघीय गठबन्धन**

उपेन्द्रजीले जे प्रतिबद्धता जनाउनुभएको थियो, त्यो प्रतिबद्धता तोड्नुभयो । आम मधेशी, आदिवासी, जनजातिलगायत उत्पीडितका मुद्दालाई तिलाञ्जली दिएर उहाँ चुनावमा जानुभयो । त्यो उहाँको तर्फबाट गल्ती भयो । उहाँले कुनै सहमति पनि गर्नुभएन । सरसल्लाह पनि गर्नुभएन । यो-यो कारणले चुनावमा जानुपर्ने भन्ने कुरा उहाँले संयोजकको हैसियतमा भन्नुपर्ने थियो । यो चाहीं उहाँको कमी कमजोरी हो । अर्कोतर्फ राष्ट्रिय जनता पार्टीसहितका साथीहरूले हतारिए कारबाहीको प्रक्रिया चलाए । त्यसमा त्रुटि रहन गयो ।

**० संघीय गठबन्धनको संयोजक पदलाई लिएर भएको विवाद के हो ?**
– संघीय गठबन्धनको संयोजक परिवर्तन भएको कुरो मैले पनि सचारमाध्यमबाटै थाहा पाएको हुँ । केही साथीले फोन गरेपछि पनि थाहा पाएँ । अब गठबन्धनको संयोजक परिवर्तन आवश्यक थियो कि थिएन भन्ने विषय विवादकै कुरा भएको छ । त्यसमा केही प्रश्नहरू उठेका छन् । एक्कासी संयोजक परिवर्तन गरिँदा गठबन्धनको आन्दोलन केही मात्रामा प्रभाव त पार्छ नै । त्यसैगरी आम जनतामा केही अन्यौलता र भ्रमहरू पनि छरेको छ ।

**० संघीय गठबन्धनका संयोजक को हुनुहुन्छ ?**
– म काठमाडौंमा हुँदासम्म उपेन्द्र यादव नै हुनुहुन्थ्यो । अहिले म काठमाडौं बाहिर छु । उपेन्द्र यादवलाई हटाइएको खबर सुनेको छु । अहिले उपेन्द्र यादवजीको ठाउँमा महन्थ ठाकुरलाई संयोजक बनाइयो भन्ने कुरो थाहा भयो ।

**० बैठकबाट निर्णय भएको होला नि ?**
– बैठकबाट निर्णय गरिएको भन्ने सुनिन्छ । तर, म त्यो बैठकमा सहभागी थिइन । त्यसैले धेरै कुरा जानकारी पनि भएन । उपेन्द्र यादवजीले आफ्नो प्रतिबद्धता तोड्नुभयो । विश्वासघात गर्नुभयो । परिमार्जनसहित संविधान संशोधन विधेयक पारित नभएसम्म कुनै पनि चुनावमा सहभागी नहुने हाम्रो अडान थियो । हामी आन्दोलनकारीको यही प्रतिबद्धता थियो । उपेन्द्र यादवजीले यो प्रतिबद्धता तोड्नु भयो । त्यसैले उहाँ गठबन्धनको संयोजक रहने स्थिति रहेन । त्यसकारणले परिवर्तन गर्नु पऱ्यो भन्ने कुराहरू आए ।

**० कुरो मात्रै आएको हो कि निर्णय नै भएको हो कि ?**
– निर्णय नै भएको सुनेको छु । अब निर्णय गर्ने को-को थिए भन्ने कुरा पनि उठेको छ ।

**० फोरम अध्यक्ष उपेन्द्र यादवले पनि यही कुरामा प्रश्न उठाउनुभएको छ । उहाँले केही व्यक्तिले गरेको निर्णय गठबन्धनको हुन नसक्ने बताउनुभएको छ नि ?**
– उहाँले यो कुरा भनेर विज्ञप्ति निकाल्नुभएको छ । उहाँले पनि यस विषयमा प्रश्न सोध्ने आधारहरू दिए । किन भने यो निर्णय बहुमतबाट नगरिएको भन्ने कुरा मैले सुनेको छु । राष्ट्रिय जनता पार्टीका नेताहरू उपेन्द्र यादवको संयोजकत्वप्रति पहिल्यैदेखि त्यति सन्तुष्ट थिएनन् । पछिल्लो समयमा जसरी ६ वटा दल एकीकृत भए, त्यसले गर्दा यादवलाई संयोजकबाट निकाल्ने बल पुगेकै हो । मेरो बिचारमा दुवै पक्षबाट कमी कमजोरी भएको छ । उपेन्द्रजीले जे प्रतिबद्धता जनाउनुभएको थियो, त्यो प्रतिबद्धता तोड्नुभयो । आम मधेशी, आदिवासी, जनजातिलगायत उत्पीडितका मुद्दालाई तिलाञ्जली दिएर उहाँ चुनावमा जानुभयो । त्यो उहाँको तर्फबाट गल्ती भयो । उहाँले कुनै सहमति पनि गर्नुभएन । सरसल्लाह पनि गर्नुभएन । यो-यो कारणले चुनावमा जानुपर्ने भन्ने कुरा उहाँले संयोजकको हैसियतमा भन्नुपर्ने थियो । यो चाहीं उहाँको कमी कमजोरी हो । अर्कोतर्फ राष्ट्रिय जनता पार्टीसहितका साथीहरूले हतारिए कारबाहीको प्रक्रिया चलाए । त्यसमा त्रुटि रहन गयो । जसरी प्रक्रियागत रूपमा बुहमतमा निर्णय लिनुपर्ने थियो, त्यसरी गरिएन । बैठकमा थेरैको उपस्थिति रहेको कुरा मैले सुनें । गठबन्धनमा दल र संघसंस्था गरी २५-२६ वटा छन् । तर, बैठकमा १०-१० वटा संगठनको समेत प्रतिनिधित्व नभएको कुरा मैले थाहा पाएँ । मधेशी मोर्चाको हिसाबले ६ दल एक ठाउँमा अनि फोरम नेपाल अलग भयो ।

**० संयोजक परिवर्तन गर्ने कुरामा राजपा हाबी भएको हो ?**
– हो । राजपा हाबी भयो । त्यो हिसाबले उहाँहरूले निर्णय लिनुभयो । मधेशकेन्द्रित दलहरूबीच एउटा पुरानो सहमति भएको कुरा मैले थाहा पाएँ । त्यो के हो भने, संसद्मा सबभन्दा बढी सिट हुने दलका अध्यक्ष नै गठबन्धनका संयोजक हुने भन्ने समझदारी भएको कुरा पनि यसबीचमा सुनियो । त्यसआधारमा पहिला उपेन्द्र यादवको पार्टी गठबन्धनमा सबैभन्दा ठूलो दल थियो । तर, अहिले राष्ट्रिय जनता पार्टी ठूलो लबनेको छ । यो कारण पनि महन्थ ठाकुरलाई संयोजक बनाइएको भनेर पनि भनिन्छ । यस्तो किसिमको आन्तरिक सहमति मधेशकेन्द्रित दलहरूबीच भएको कुरा थियो । तर, हामीलाई यो कुरा थाहा थिएन । कतिपय कुराहरू हामीलाई जानकारी नै नदिने काम पनि भएको छ । अब यस्तो किसिमको सहमति भएको थियो भने उपेन्द्रजीले संयोजकको पद त छोड्नुपर्ने नै थियो ।

**० तर, फोरम अध्यक्ष यादवले संयोजक परिवर्तन नभएको भनिराख्नुभएको छ । आफू नै संयोजक रहेको पनि भनिराख्नुभएको छ नि ?**
– उहाँले दाबी गर्ने कुरो आफ्नो ठाउँमा होला ।

**० अब तपाईंहरू आन्दोलनकारी शक्ति हुनुहुन्छ । पछिल्लो समयमा जसरी आन्दोलनकारी शक्तिबीच नै केही मतभेद देखिएको छ । यसले गर्दा उत्पीडित वर्गको आन्दोलन र मुद्दामा कस्तो असर पार्छ ?**
– हामीले उत्पीडिनमा परेकालाई अधिकार दिलाउनका लागि गठबन्धन बनायौं । तर, गठबन्धनभित्रका दलहरूले कहिले सरकारसँग वार्ता गर्न जान्छन्, त कहिले चुनावमा सहभागी हुन्छ । यी दलहरूले आ-आफ्नै ढंगले एकलौटी निर्णय गर्ने गरेका छन् ।

**० त्यसो भए गठबन्धन नामका लागि मात्रै हो ?**
त्यस्तै त देखिन्छ । गठबन्धनले राम्रो काम गरिरहेको थियो । गठबन्धनले राम्ररी आन्दोलन पनि हाँकिरहेको थियो । जनताले पनि धेरै विश्वास गरेका थिए । तर, नेतृत्व तहमै गडबडी छ । एकल निर्णयलाई सबैको निर्णय भन्ने, आ-आफ्नै ढंगले हिड्ने काम भयो । अब उपेन्द्रजीको कमजोरी के भयो भने, निर्वाचनमै जानुपर्ने थियो भने ठाउँ-ठाउँमा किन भाषण गर्दै हिड्नुभयो कि संशोधन नभई कुनै पनि निर्वाचनमा सहभागी हुन्नौं । बाहिर बाहिर चुनावमा सहभागी नहुने भन्ने र भित्रभित्र उहाँ तयारी गरेर निर्वाचनमा सहभागी हुनुभयो । त्यसैले यो त उहाँले गम्भीर त्रुटि गर्नुभयो ।

**० तपाईंहरूले त गठबन्धनलाई नै सम्हाल्न सकिराख्नुभएको छैन, होइन ?**
– सल्हालिएकै थियो । पछिल्लो केही दिनदेखि समस्या देखिएको हो । फेरि सम्हालिन्छ । चुनावले गर्दा यस्तो समस्या देखिएको हो । अहिले गठबन्धनभित्र देखिएको समस्या छिट्टै समाधान गर्नुको विकल्प छैन । राज्यले पनि हामी टुटफुट भएको हेर्न चाहन्छ । राज्यले पनि हामीहरू भिडाएर आफ्नो अभिष्ठ पूरा गरिरहेको छ । तर, पनि हामी केही गर्न सकिरहेका छैनौं । किन भने हामीभित्रै टुटफुटको अवस्था छ । हामीभित्रै मनमुटाव र वैमनष्य छ । त्यसकारणले हामीले आन्दोलन अगाडि बढाउन सकिरहेका छैनौं । त्यसैले सबै कुरालाई त्यागेर आन्दोलनका लागि एकजुट हुनुको विकल्प छैन । यो कुरो सबैले बुझ्नु जरूरी छ । हामी आफैं टुटफुट भएर बस्ने अनि आन्दोलन गर्छौं भनेर थर्काएर केही हुनेबाला छैन ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# युवा आवाज : यसरी अन्त्य गरौं दाइजो प्रथा

## छोरीलाई दाइजो होइन, शिक्षा दिऊँ



सुरूची चौधरी

दाइजो प्रथा धेरै पहिले देखि चल्दै आएको प्रथा हो। यो प्रथा मधेशमा व्याप्त रहँदै आएको छ । यो एउटा परम्परा नै भइसकेको छ। दाइजो प्रथा भनेको केटी पक्षले केटा पक्षलाइ विवाह भन्दा पहिला दिनुपर्ने पैसा, घरका सामानहरू अनि त्यसमा पनि जे पुरूषको घरबाट माग्दछन् त्यो दिनुलाई दाइजो भनिन्छ। दाइजो लिईसकेपछि मात्र बुहारी भित्र्याउने परम्परा मधेशका जिल्लाहरूमा रहेको छ। दाइजोको कारणले नै अहिलेसम्म हजारौंभन्दा बढी महिलाहरूले आत्महत्या गरिसकेका छन् भने अन्य विभिन्न घटनाहरूपनि देख्न सकिन्छ। कुटपिट, आगलागी, बलात्कार जस्ता घटनाहरू महिलाहरू माथि दाइजो कै कारणले हुने गर्दछ यसमा महिलाको खासै दोष नरहेपनि दाइजो कै विषयलाई लिएर महिलाहरूलाई यातना दिने गरिन्छ। शिक्षित परिवारकै व्यक्तिहरूले बढी दाइजोको माग गर्ने हुँदा मधेशी समाजमा दाइजोको प्रभाव अझ बढ्दै गइरहेको छ। कुनै परिवारमा छोरीको जन्म भयो भने उसको बाबाआमालाई छोरीलाई कसरी पढौं भन्दापनि कसरी विवाह खर्च जुटाऔं भन्ने चिन्ता बढी हुन्छ। जो गरिब हुन्छ उसलाई यो दाइजोको विषयले भित्रभित्र सताईरहेको हुन्छ। छोरीको विवाहकै लागि भनेर गरिबहरूले धनी व्यक्तिहरूसँग ऋण लिएको हुन्छ त्यो ऋण तिर्न नसक्दा कति व्यक्तिहरूको घरजग्गा लिलाम हुन्छ भने कति व्यक्तिहरूलाई विदेश गएर काम गर्नुपर्ने बाध्यता रहेको हुन्छ। धेरै छोरीहरूलाई दाइजो दिन सकिदैंन भनेर सानै उमेरमा स्कुल पठाउनुको साटो विवाह गरेर पठाइदिने प्रचलन रहेको छ। विवाह भएर गईसकेपछि पनि केटाको पक्षले मैले यस्तो मागेको थिए दाइजोमा तर तिमो परिवारले दिन सकेन भनेर आफ्नै श्रीमतीलाई यातना दिने गर्दछ। गरीब परिवारसँग दाइजो लिएर पनि सधैं पुरूष वा उसको परिवार समाजमा शिर ठाडा् बनाएर हिड्न सक्छ तर महिला र उसको परिवारले कसरी पनि आफुखुसी हिड्न पाउँदैनन्।

मैले धेरै पुरूषहरूलाई दाइजो प्रथाको बारेमा प्रश्न गरेको थिए उनीहरूको उत्तरमा महिलाको पनि आफ्नो आमाबुबाको सम्पत्तिमा ५०% हक हुन्छ त्यही सम्पतिबाट दाइजो दिने त हो भन्छन् के महिलालाई स्वतन्त्रताले बाँच्ने हक छैन।

यो समस्याको समाधानको लागि सबैभन्दा पहिले कडा कानुन बनाउनु पर्छ तर कानुन बनाएर मात्र हुँदैन त्यसको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्छ। छोरीलाई दाइजो होइन शिक्षा दिऊ भनेर चेतना फैलाउनु सक्नुपर्छ। पहिलेको तुलनामा अहिले दाइजो लिने र दिने प्रथामा केही कमी त भएको छ तर यो प्रथा निमूर्ल भइसकेको छैन। मधेशी महिलाहरूले आफ्नो शिक्षाको बारेमा सोच्न सकोस् र स्वतन्त्रतापूर्वक बाँच्न सकोस्। मधेशी महिला मिलेर अठोट गर्ने हो भने दाइजो प्रथा हटाउन सकिन्छ।

## शिक्षा नै दाइजो प्रथा हटाउने उपाय



पुजा मिश्र

दाइजो प्रथा जसलाई मैथिली, भोजपुरी तथा हिन्दीमा 'दहेज' भनेर चिनिन्छ । यो एउटा यस्तो प्रथा हो जहाँ केटालाई बिहेभन्दा पहिले केटीको परिवारले पैसा, सम्पत्ति वा विशेष उपहार दिने गरिन्छ। दाइजो प्रथा नेपाली समाजको एउटा खतरनाक प्रथाको रूपमा रहेको छ जुन मुख्य रूपमा दक्षिणी भाग अथवा नेपालको तराई क्षेत्रमा बढी प्रचलित छ यो चलन कम हुनुको साटो दिनप्रतिदिन नेपालको अन्य भागहरूमा पनि फैलिरहेको छ।

सामान्यता दाइजोमा नगद, सुनचाँदी, पैसा, फर्निचर, मोटरसाइकल लगायत अन्य विभिन्न सामानहरू दिने प्रचलन रहेको छ। यो प्रथाले हाम्रो समाजमा निकै ठूलो समस्या सिर्जना गरेको छ। गरिब परिवारमा खान लगाउनको समस्या रहेको हुन्छ भने उनीहरूले छोरीको विवाहकै लागि भनेर ऋण लिनुपर्ने बाध्यता रहेको हुन्छ। दाइजो दिन नसकेर कैयौं छोरीहरूले आत्महत्या गरेका छन् भने कति छोरीहरूले अनेक कठिनाइका साथ विवाह गरिरहनु परेको छ र शारिरीक र मानसिक पिडा सहन बाध्य भएका छन्।

यो दाइजो प्रथाले गर्दा मधेशी समाजको मानसिकता नै बदलिसकेको छ। दाइजो धेरै पाउने लोभमा छोरालाई डाक्टर, इन्जिनियर, पाइलट तथा उच्चस्तरको शिक्षा दिने तर छोरीलाई शिक्षा नदिई सानै उमेरमा विवाह गरिदिने चलन रहेको छ। केटा पक्षले जति धेरै पढेको हुन्छ त्यति नै धेरै दाईजो माग गर्ने गरेको पनि पाइन्छ , केटीहरूलाई बिचमै पढाई छोड्न लगाएर विवाह गराईदिने गरिन्छ यसले गर्दा महिलाहरूको पढाई बिचमै रोकिनुको साथै उनीहरूले परिवारमा आर्थिक किसिमबाट कुनै सहयोग गर्न नसक्ने हुनाले सधैं अरूको अधिनमा बस्नुपर्ने हुन्छ। कतिपय परिवारमा दाइजोकै कारण मनमुटाव हुनुको साथै सम्बन्ध विच्छेद पनि भएर बहुविवाह पनि गर्ने गरेको पाईन्छ। मधेशी समाजमा धेरै पहिलेदेखि चलिआएको यो कु-संस्कृति गर्दा हाम्रा धेरै दिदी बहिनीहरू मृत्युको मुखमा पुग्न बाध्य भएका छन्।

यसैले आउने दिनहरूमा अरू चेलिबेटीहरूको जीवनमा खुसी ल्याउन यो प्रथा सबै नेपाली हरू एकसाथ मिलेर हटाउनुपर्दछ। दाइजो प्रथाको विरोधमा कडा कानुनी नियमहरू बनाई कार्यान्वयन गर्नुपर्दछ। महिला पुरूष एक हुन् भन्ने भावना सबैमा हुनुपर्दछ। जुनदिनसम्म हरेक सासुले आफु एकदिन बुहारी भएको महसुस गर्दैन र हरेक आमाले बुहारीलाईं आफ्नै छोरीको रूपमा अपनाउँदैनन्। त्यो दिनसम्म यो प्रथा हट्दैन। सायद हामी सबैको यही प्रयास नै कैयौं परिवार तथा चेलीबेटीहरूको मुहारमा मुस्कान बन्नसक्छ।

## दाइजो प्रथा मधेशको विकृति



रंजना यादव

नेपालको परिवेशमा सबैभन्दा दुःखद र दर्दानाक रूपमा समाजमा जरा गाडेको रहेको प्रथा दाइजो प्रथा हो। विवाह हुनुभन्दा पहिले नै केटी पक्षले केटा पक्षलाई दिने धन, सम्पति, लुगा, कपडा, गाडी आदिलाई दाइजो भनिन्छ। प्राचिनकालमा यो प्रथालाई वरदानको रूपमा लिने गरिन्थ्यो। यसले नयाँ दम्पत्तीलाई घर बसाउनको लागि सजिलो हुन्थ्यो , आमाबुबाले छोरीलाई सहयोग गरिदिने चलनको रूपमा यसलाई हेरिन्थ्यो तर पछिल्लो समयमा यो चलनलाई उल्टो रूपमा प्रयोग गर्न थालियो। पहिले बरदानको रूपमा दिईने गरिएको दाइजो आज अभिसापको रूपमा रहेको छ। आफ्नो आमाबुबासँग भए पनि नभएपनि छोरीको विवाहमा दाइजो दिनैपर्ने बाध्यता रहेको छ। ऋण लिएरै भएपनि छोरीको विवाहमा केटा पक्षले भनेजति दाइजो दिन नसक्दा विवाहपछि छोरीले अनेक खालको शारिरीक तथा मानसिक यातना भोग्नुपर्ने हुनाले पनि विशेष गरी मधेशमा दाइजो प्रथा विकृतिको रूपमा फैलिंदै गएको छ।

विवाह जस्तो पवित्र संस्कारलाई दाइजो प्रथाले अपवित्र बनाइ दिएको छ। छोरीलाई आमाबुबाले बोझको रूपमा लिने गरेका छन् भने दाइजोबाट उत्पन्न हुने समस्यालाई हेरेर छोरीको जन्मलाई नै दुभार्ग्यको संज्ञा दिन थालिएको छ। दाइजो प्रथाकै कारण छोरीहरू आमाबुबाको लागि बोझ बनिसकेका छन् र छोरीहरूलाई गर्भमै हत्या गर्न थालेका छन्। यदि यो समस्यालाई गहिरिएर सोच्ने हो भने दाइजो कुनै आवश्यकता नै छैन। आजको समयमा कानुनले पनि महिलाहरूलाई पुरूष सरह अधिकार दिएका छन्। बुबाको सम्पत्तिमा पनि छोरीको हक लाग्ने भइसकेको छ। महिलाहरूले पनि पुरूषले सरह अवसर र सुविधा पाएमा सक्षम व्यक्ति बन्न सक्छन् यो कुरालाई हामी सबैले सुनेको, देखेको र भोगेका छौं।

यो प्रथाले मधेशका गरिब परिवारलाई धेरै आक्रान्त बनाएको छ। दाइजो कम भयो भनेर नै कतिपय बेहुलाहरू मण्डपबाट नै फर्कने गरेको विवाह गरेर लगेको बेहुलीलाई शारिरीक, मानसिक यातना दिने लगायत अन्य विभिन्न यातनाहरू दिने गरेका छन्। यो कहालीलाग्दो स्थितीलाई जतिसक्दो छिट्टो अन्त्य गर्न जरूरी छ। सबै महिलाहरू एकजुट भएर यो प्रथाको विरोधमा उत्रने हो भने एकदिन अवश्य यो प्रथा हटेर जाने छ। दाइजो दिने वा लिने दुवैलाई दण्ड सजाँयको व्यवस्था गर्नुपर्दछ।

# मधेश अपडेट

## बुद्ध सर्किट अपरिहार्य : उराष्ट्रपति पुन

मणि प्रसाद गैह्रे, कपिलवस्तु। उपराष्ट्रपति नन्दबहादुर पुनले समग्र लुम्बिनीको विकासका लागि बुद्ध सर्किट अपरिहार्य भएको बताएका छन्। २५६१औं बुद्ध जयन्ति तथा लुम्बिनी दिवस २०७४ को अवसरमा लुम्बिनीमा भएको समारोहलाई सम्बोधन गर्दै उपराष्ट्रपति पुनले बुद्ध एक महान दार्शनिक भएको बताउँदै विश्वका शान्ति कमीहरूले बुद्धको शान्तित्वलाई अनुसरण गर्नु पर्ने बताए। विश्वका बौद्ध मार्गी र बौद्ध दर्शनसँग सम्बन्ध राख्नेले मात्रै नभई विश्वका सबै धर्मावलम्बीहरूले बुद्ध दर्शनको अनुसरण गरी शिक्षा आर्जन गर्न जरूरी रहेको उनको भनाइ थियो। सो अवसमा नेपालका लागि थाइल्याण्डका राजदूत भकावत तान्सकुलले लुम्बिनीको विकासमा थाइल्याण्डको साथ रहने बताए। रूपन्देही क्षेत्र ७ का सांसद कमलेश पुरी गोश्वामी, पर्यटन सचिव शंकर प्रसाद अधिकारी, कोषका उपाध्यक्ष भिक्षु निग्रोध, कोषाध्यक्ष सुरेन्द्रमुनि शाक्यले अब लुम्बिनी बृहत्तर विकास गर्नु पर्नेमा जोड दिए।

## प्रभु हजरालाई सम्मान

वीरगंज। नेपाल पासवान संघ पर्साले नेकपा एमाले पर्साका संयोजक प्रभु हजरालाई सम्मान गरेको छ। संघका अध्यक्ष प्रभु पासवानको अध्यक्षतामा जनजाति स्कुलमा आयोजित एक समारोह बीच दोसल्ला ओढाई हजरालाई सम्मान गरिएको हो। पासवान समुदायका अगुवा प्रभु हजरा नेकपा एमाले पर्साको संयोजक जस्तो गरिमामय पदमा पुग्न सफल हुनु भएकोमा उनलाई बधाई सहित सम्मान गरिएको संघका सचिव रवि भुषण पासवानले जानकारी दिएका छन्। सम्मान पछि मन्तव्य व्यक्त गर्दै नेकपा एमाले पर्साका संयोजक हजराले आफु स्वजातीय विकासका निम्ति कुनै पनि किमत चुकाएर भए पनि भुमिका निर्वाह गर्ने प्रतिबद्धता जाहेर गरे। समारोहमा संघका उपाध्यक्ष रामदेनी हजरा, स्वजातीय अगुवा मदन हजरा पासवान, प्रेम शंकर हजारी, अमरदेव पासवान लगायतको उपस्थिति रहेको थियो।

## सुरक्षा व्यवस्था कडा

कैलाली। जेठ ३१ गते हुने दोस्रो चरणको स्थानीय तहको निर्वाचनका लाीग कैलालीमा सुरक्षा व्यवस्था कडा पारिएको छ। स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै जाँदा स्थानीय प्रशासनले सुरक्षा व्यवस्था कडा पारेको जनाएको छ।

## ग्राहकलाई उपहार वितरण

कपिलवस्तु। कपिलवस्तु जिल्लाको नगरपालिका नजिक बालमन्दिर बिल्डिङ्ग तौलिहवामा रहेको गत १२ वर्षदेखि ग्राहकलाई रेमिटान्स सेवा उपलब्ध गराउँदै अएको छ। बिदेश तथा स्वदेशबाट पठाएको रकम छिटो, छरितो तथा सुलभ तरिकाबाट ग्राहकहरूलाई रेमिटान्स सेवा दिँदै अएको यस कपिलवस्तु मनि ट्रान्सफर प्रा.लि.ले १२ वर्ष पुरा भएको उपलक्ष्यमा हिमालयन बैंकको कन्टिनेन्टल फाइनान्स सर्भिसेज रेमिट मार्फत घाम र वर्षाबाट बच्न असहाय बृद्धा ग्राहकहरू लाई छाता, टोपी, क्यालेन्डर तथा पेन लगायतका सामग्रीहरू वितरण गरेको छ। कपिलवस्तु मनि ट्रान्सफर प्रा.लि.प्रबन्धक सञ्चालक मुमताज खाँका अनुसार निरन्तर १२ बर्षदेखि ग्राहकलाई विश्वको जुनसुकै देशबाट स्वदेशमा पठाएको रकम छिटो, छरितो तथा सुलभ तरिकाले ग्राहकहरूलाई सन्तुष्ट पारी रेमिटान्स सञ्चालनमा रहेको छ। यस मनि ट्रान्सफरमा जिल्लाका विभिन्न गाउँबाट पैसा झिक्न आउने गर्दछन्। यस मनि ट्रान्सफरले हिमालय बैंक को सीएफएस रेमिट, वेस्टर्न युनियनको सीज फिन्को, सीटी मनी एक्सप्रेस ट्रान्सफर, बूम रेडिम, यस रेमिट, प्रभु रेमिट, बेस्ट रेमिट, एनएमबी कुलभ रेमिट आदि रेमिटहरू सञ्चालनमा रहेको यस कपिलवस्तु मनि ट्रान्सफर प्रा.लि.का अध्यक्ष इमरान खानले बताएका छन्।

## टिपरको ठक्करबाट मृत्यु

नवलपरासी। मध्यबिन्दु नगरपालिका-६ स्थित भित्री सडकमा ग.३ ख १२०७ नम्बरको टिपरले ना.४४ प ३००० नम्बरको स्कुटरलाई बुधबार ठक्कर दिँदा एकको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी स्कुटरमा सवार रूपन्देही, देवदह नगरपालिका खैरेनी बस्ने ७४ वर्षीया तुलसा भुर्तेलको मध्यविन्दु सामुदायिक अस्पताल डण्डातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ। स्कुटर चालक सोही नगरपालिका-७ बस्ने ४४ वर्षीय छविलाल भुर्तेलको स्थानीय मेडिकलमा उपचार भइरहेको र अवस्था सामान्य रहेको छ। टिफर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# प्रेस काउन्सिल नेपालको अनुरोध

२०७४/०१/२८

**पत्रकार मित्रहरूलाई अनुरोध**

***आदरणीय पत्रकार मित्रहरू !***

पत्रकार र आमसञ्चारमाध्यमहरू पत्रकार आचारसंहिताप्रति सधैं सजग रहनुपर्ने कुरा यहाँहरूलाई भनिरहन नपर्ने विषय हो। तैपनि तपाईं-हामीले निर्वाचनको समयमा झनै संवेदनशील र सन्तुलित भई आ-आफ्ना आमसञ्चारमाध्यमबाट समाचार, विचार, विज्ञापन, सम्पेषण गर्नुपर्नेहुन्छ । गोप्यरूपमा आफ्नो मताधिकार प्रयोग गर्नु स्वाभाविक हो तर प्रत्यक्षरूपमा यो वा त्यो पार्टी वा व्यक्तिको पक्षमा उभिनु शोभनीय हुँदै होइन।

सङ्घीय नेपालको इतिहासमा पहिलोचोटी यही वैशाख ३१ गते ३, ४ र ६ प्रदेशमा हुन गइरहेको स्थानीय तहको निर्वाचनको दिन जति नजिकिँदैछ, त्यति नै पत्रकार तथा निर्वाचन आचारसंहिता विपरीतका घटनाक्रम बढ्दै गएको देखिएको छ। कतिपय पत्रकारले आफ्नो पेशागत मर्यादा भुलेर सामाजिक सञ्जाल(जस्तै : फेसबुक आदि)मार्फत् यो वा त्यो पार्टी तथा पार्टीको उम्मेद्वारको प्रचारमा लागेको, मत मागेको, लाइक वा कमेन्ट वा शेयर गरेको, मिथ्याङ्कपूर्ण सामग्री 'अपलोड' गरेको पाइएको छ। अरूलाई सही मार्गप्रशस्त गर्न तटस्थ र निष्पक्ष भूमिकामा रहनुपर्ने पत्रकारिताजस्तो महत्वपूर्ण पेशामा आवद्ध हामी पत्रकारहरू यति महत्वपूर्ण ऐतिहासिक सन्दर्भमा थप मर्यादित, जिम्मेवार र उत्तरदायी हुनैपर्दछ। अतः पत्रकार र निर्वाचन आचारसंहिताको ख्याल गर्दै आ-आफ्नो मिडियाबाट स्वतन्त्र भूमिका खेल्न र कुनै दल वा उम्मेदवारलाई होच्याएर वा गुणगान गाएर सामाजिक सञ्जालमार्फत आफ्ना निजी विचारहरू सम्प्रेषण नगर्नु/नगराउनु हुन हामी सम्पूर्ण पत्रकार मित्रहरूमा विनम्र अनुरोध गर्दछौं।

**विज्ञापन प्रशासन/प्रशारण र मौन अवधिमा विशेष ध्यान दिऔं**

यसैगरी विगत केही दिनदेखि विभिन्न सञ्चारमाध्यमहरूबाट निर्वाचन आयोगले तोकेको समय/साइजभन्दा बढी र सःशुल्क विज्ञापन भनी स्पष्ट बुझिने, सुनिने र देखिने गरी उल्लेख नगरी राजनीतिक दलरउम्मेदवारको विज्ञापन प्रकाशन/प्रसारण भइरहेकोप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ। यसरी राजनीतिक दल र उम्मेदवारसम्बन्धी विज्ञापन प्रकाशन/प्रसारण गर्दा निर्वाचन आचारसंहिता-२०७२ (दोस्रो संशोधन) को दफा १४ को (छ) : उम्मेदवार वा राजनीतिक दलको सम्बन्धमा आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी र सःशुल्क विज्ञापन भएको जनाउने गरी निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्दा उल्लङ्घन हुने हुँदा निर्वाचन आचारसंहिता बमोजिम गर्नरगराउन हुन सम्बन्धित सबैलाई जानकारी गराउँदछौं। साथै, आजै २०७४।१।२८ गते राती १२: ०० बजेदेखि मौन अवधि सुरू हुने हुँदा यस अवधिमा सम्पूर्ण पत्रकार र आम-सञ्चारमाध्यमलाई पत्रकार र निर्वाचन आचारसंहिता पालानामा ध्यान दिनसमेत अनुरोध गर्दछौं।

**दीपक खनाल**
सहप्रशासकीय अधिकृत
(सूचना अधिकारी)



# अस्थायी शिक्षकको अविरल आँसु

सीयाशरण राउत



**अवकाश प्राप्त हुने बेलाको तलब बराबरको रकम भन्ने अभिप्राय छ, यहाँ । तर सम्मानित सर्वोच्च अदालतको त्यो परमादेश हालसम्म कार्यान्वयन भएको छैन ।**

मैले सुनेको छु भारतमा डा. सरपल्ली राधा कृष्णन, जो शिक्षक थिए, भारतका राष्ट्रपती भए । राष्ट्रपति चुनिएपछि त्यति खेरका शिक्षकहरूको एक समुहले राधा कृष्णनलाई उनको सम्मानमा एउटा कार्यक्रम राखेको थियो, र शिक्षकहरूको बुझाई थियो उनिहरू गौरवान्वित भएका थिए भनि र उक्त गौरवान्वित समारोहमा त्यति खेरको मिश्रित प्रतिक्रियात्मक विश्व जगतमा प्रसिद्धी पाईसकेका आचार्य श्री रजनिश, पछि र आजका ओशो, लाई आमन्त्रित गरियो । आमन्त्रण बाहक व्यक्तिलाई रजनिशले भनेका थिए, *“म यस समारोहमा जाँदिन, किनभने शिक्षक बाट राष्ट्रपति, प्रधानमंत्री र सांसद प्राय: हुन्छन्, हुँदै आईरहेका छन् र भईरहने छन्, जुन एउटा राजनितिक छलाङ्ग हो, जसमा दाउपेच हुन्छ, पैसा कमाउने चेष्टा हुन्छ र यस्ता धेरै कारण छन् र यस्तो घटना बाट शिक्षक समुदाय विकृत हुन्छ, जुन देशको हितमा राम्रो छैन । म त्यो दिन यस्तो समारोहमा जानेछु, जव कोही राष्ट्रपति, प्रधानमंत्री, मंत्री वा बैज्ञानिक शिक्षक बन्नेछ । त्यो हुनेछ एक विधायक (Positive) छलाङ्ग, जसमा शिक्षक समुदायको गरिमा बढ्नेछ, शिक्षकहरूमा विधायकता (Positive) मौलाउने छ । म त्यस्तो देश चाहन्छु ”*।

२०४७ देखी २०७३ सम्म आई पुग्दा, दशकौं देखी अध्यापन गर्दै आईरहेका अस्थायी शिक्षकहरूको जीवन र हालै पारित गरेको संशोधित शिक्षा ऐन, ले सृजना गरेको अन्यौलताका बिच १७ हजार भन्दा बढी शिक्षकहरूमा फरक-फरक किसिमको प्रभाव र कु-प्रभाव परेको छ । प्रजातन्त्रको पुर्नस्थापना पश्चात अस्थायी शिक्षकहरू स्थयी गर्ने सिलसिलामा तत्कालीन श्री ५ को सरकार मन्त्रि परिषदको २०४८।०२।२७ को निणर्यमा “सरकारी अनुदान पाउने विद्यालयहरूका रिक्त स्वीकृत दरबन्दीमा अस्थायी नियुक्ति भई शैक्षिक सत्र २०४६।०४७ सम्मा कम्तिमा एक शैक्षिक सत्रसम्म काम गरिसकेका तोकिएका योग्यता पुगेका कार्यरत अस्थायी शिक्षकहरूलाई यो एक पटकलाई मात्र अर्न्तवार्ता लिई प्रकृया पुरा गरी स्थायी गर्ने भन्ने थियो” । यसै क्रममा शिक्षकहरूलाई स्थायी गर्नका लागि २०५२ सालमा गरिएको विज्ञापनको परिक्षाको नतिजा राजनीतिक कारणले गर्दा समयमै प्रकाशित हुन सकेन । यसरी लामो समय सम्म पनि नतिजा प्रकाशन नहुनाले र विगतमा अस्थायी नियुक्ती पाएको एक शैक्षिक सत्र पुरा गर्ने सम्पुर्ण शिक्षकहरू स्थायी भएकाले तत्पश्चात शिक्षकहरूका संघ,संगठन तथा अस्थायी शिक्षक आन्दोलन केन्द्रिय समिति बाट पनि प्रकृया पुर्याई स्थायी हुनु पर्ने माँग अगाडी सारियो ।

श्री ५ को सरकारले पनि अस्थायी शिक्षकहरूलाई स्थायी गराउनका लागि मिति २०५६।०४।२७ मा “सार्वजनिक विद्यालयको रिक्त रहेको कुनै पनि स्थायी दरबन्दीमा २०५६ साल असार मसान्त सम्मा कम्तिमा १ बर्ष वा सो भन्दा बढी समय देखी कार्यरत रहेको सबै अस्थायी/सट्टा शिक्षकलाई ६ महिनाको परिक्षणकाल रहने गरी स्थायी गर्ने । यस सम्बन्धी आवश्यक व्यवस्था शिक्षा मन्त्रालयले मिलाउने” भन्ने निर्णय गरेको थियो । तर यस निर्णयका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा रीट परी सम्मानीत सर्वोच्च अलादलत वाट मिति २०५७।०५।०९ मा श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयद्धारा भएको मिति २०५६।०४।२७ को निर्णय नीतिगत निर्णय हो र यो नीतिगत निर्णलाई कार्यान्वयन गर्नको लागि उपयुक्त व्यवस्था मिलाउनु पर्ने श्री ५ को सरकार मन्त्रिपरिषदको लिखित जवाफ र विद्धान सह-न्याधिवक्ताको वहसको जिकिर वाट स्पष्ट हुन आएको र नीतिगत निर्णय सम्म गरिएको हो । सो निर्णय वर्तमान कानुन अनुकूल कार्यन्वयन हुन सक्ने छैन भन्ने कुरा स्वीकार गरी राखेकै अवस्थामा सो निर्णयको अर्को पक्ष अर्थात सो निर्णय सम्बन्धि आवश्यक व्यवस्था मिलाउने प्रकृया बाँकी नै छ, जसमा कानून तर्जुमा पनि पर्छ भन्ने वहस प्रस्तुत हुँदाहुँदै केवल अस्पष्टताको कारणले श्री ५ को सरकारका तर्फबाट नीतिगत भनि दावी गरिएको सो निर्णय बदर गरिहाल्नु पर्ने प्रयोजन समेत नदेखिएकोले प्रस्तुत रीट निवेदन खारेज हुने ठहर्छ । भन्ने आदेश भएको थियो । सम्मानीत सर्वोच्च अदालतमा परेको अर्को रीटको सम्बन्धमा सोही मितिमा निवेदकले परिक्षा दिएको अवस्था र अहिलेको आवस्थामा समयावधिको कारणले आवश्यक व्यवस्था मिलाउनु पर्ने भए सो समेत शिघ्र मिलाई एक चोटी प्रारम्भ भैसकेको सो परिक्षा सम्बन्धि कार्यवाही मनासिव माफिक र कानुन सम्मत तरिकावाट समापन गर्न उपयुक्त हुने हुँदा त्यस तर्फ आवश्यक कार्यवाही गर्नु गराउनु भनि विपक्षीमध्येका शिक्षा मन्त्रालयको नाममा परमादेश जारी भएको थियो । यहाँ स्मरणीय के छ भने यती खेर सम्म २०५२ सालमा भएको परिक्षाको नतिजा प्रकाशन भएको थिएन ।

त्यस पछि “शिक्षा (आठौं संशोधन) अध्यादेश, २०६१ मा अस्थायी शिक्षकका लागि छुट्याईएको ५० प्रतिशत दरबन्दी ले सबै शिक्षकहरू समेटन नसक्ने अवस्था देखाई अस्थायी शिक्षकहरूले सार्वजनिक बिद्यालयको दरबन्दीमा रही एक बर्ष सेवा पुरा गरेको सम्पुर्ण अस्थायी, अस्थायी बढुवा र सट्टा शिक्षकहरूलाई सामान्य प्रक्रियावाट स्थायी गर्ने व्यवस्था होस भन्ने माँग राखी अमरण अनसनमा समेत बसी अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिले आन्दोलन गरेकोमा समस्या समाधानको लागि श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय र आन्दोलनरत अस्थायी शिक्षकहरूको प्रतिनिधि बीच मिति २०६१।०८।१६ मा भएको सम्झौता बमोमिज समस्या समाधान गर्नको लागि गठीत समितिमा विभिन्न राजनीतिक पार्टिका प्रतिनिधिहरू, शिक्षा मन्त्रालयका प्रतिनिधि,अर्थ मन्त्रालयका प्रतिनिधि, शिक्षक यूनियनका प्रतिनिधिहरू , अभिभावक संघका प्रतिनिधि, नेपाल वार एसोसिएसनका प्रतिनिधि र अस्थायी शिक्षकहरूका प्रतिनिधिहरू बीच मिति २०६१।८।१२, २०६१,८,२३, २०६१,८।२८, २०६१।८।२९, २०६१।९।१, २०६१।९।५, २०६१।९।६, २०६१।९।८, २०६१।९।१२, २०६१।९।१३, २०६१।९।१४, २०६४।९।२१, २०६१।९।२६ र २०६१।९।२९ गते गरि जम्मा १४ पटक भएको बैठकवाट गरिएको निर्णयहरूमध्ये निर्णय नं.

(८) क. क्षतिपुर्ति (उपदान) मा ५ बर्ष देखी १० बर्ष सम्म काम गरेकालाई प्रति बर्षको निमित आखिरी आधा महिनाको तलब बराबरको रकम दिने , यसै गरी १०-१५ बर्ष काम गरेकालाई आखिरी एक महिनाको र १५ बर्ष भन्दा बढीका शिक्षकलाई प्रत्येक बर्षका लागि आखिरी डेड महिनाको तलब बराबरको रकम दिने । ख). औषधि उपचार :शिक्षा नियमावली, २०५९ मा स्थायी शिक्षकको लागि उपचार खर्चको व्यवस्था भएका आधारमा बीस बर्ष नोकरी अवधिलाई पुरा अवधी मानी जे जति अवधी काम गरेका हुन सो लाई दामासाहीका दरले हुन आउने औषधि उपचारको रकम उपलब्ध गराउने ।

(१०). बिषेश व्यवस्था :

(क) सामुदायिक विद्यालयहरूका रिक्त स्वीकृत दरबन्दी मा अस्थायी नियुक्ती भई शैक्षिक सत्र ०४६/४७ सम्ममा कम्तिमा एक शैक्षिक सत्रसम्म काम गरिसकेका तोकिएको योग्यता पेगेका मिति २०४८।०२।२७ को म.प.को निर्णयानुसार स्थायी हुनु पर्नेमा छुटेका कार्यरत अस्थायी शिक्षकहरूलाई अर्न्तवार्ता लिई प्रक्रिया पुरा गरी स्थायी गर्ने ।

(ख) मन्त्रिपरिषदको मिति २०५६।४।२७ को निर्णयमा परेका अस्थायी शिक्षकहरू आन्तरिक खुल्ला प्रतियोगिता बाट पनि स्थायी हुन नसकेमा त्यस्था शिक्षकहरूको तथ्याङ्क संकलन गरी श्री ५ को सरकारले विशेष व्यवस्था गरी न्यूनतम मापदण्ड पुरा गर्ने शिक्षकहरूलाई स्थायी गर्न मनासिव देखिएकोले प्रयोगात्मक र अर्न्तवार्ता परिक्षा लिई स्थायी गर्ने प्रक्रिया अपनाउने ।

माथि उल्लेखित विभिन्न समयमा विभिन्न थरीका निर्णयहरू भए, अस्थायी शिक्षकहरूलाई व्यवस्थापन गर्नका लागि , तर कार्यान्वयन भएन । यसै विच २०६६-१०-२४ गने सम्मानित सर्वोच्च अदालतवाट परमादेश जारी भयो । उक्त परमादेश अनुसार २०६३।०१।१० सम्म अस्थायी नियुक्ती लिई हाल सम्म कार्यरत अस्थायी शिक्षकहरूलाई शिक्षकसेवा आयोगमा सामेल गराउने र असफल हुने शिक्षकहरूलाई नेपाल सरकारले तोके बमोजिम स्थायी शिक्षक सरह औषधीउपचार र सेवा अवधि बमोजिम ५-१० बर्ष , १०-१५ बर्ष १५ देखी माथि क्रमश: सेवा गरेको बर्ष × आधा महिनाको तलब, त्यस्तै सेवा गरेको बर्ष × एक महिनको तलब र सेवा गरेको बर्ष × डेड महिनाको तलब गरी जम्मा हुन आउने रकम उपलब्ध गराई गोल्डेन हेन्डशेक दिई विदा दिने भन्ने थियो । स्मरण रहोस - अवकाश प्राप्त हुने बेलाको तलब बराबरको रकम भन्ने अभिप्राय छ , यहाँ । तर सम्मानीत सर्वोच्च अदालतको त्यो परमादेश हाल सम्म कार्यान्वयन भएको छैन ।

अव यहाँ प्रश्न उठ्छ - सम्मानीत सर्वोच्च अदालतको परमादेश लाई थाती राखेर यो बर्तमान संशोधित शिक्षा ऐन, कसरी, के-लाई आधार मानी दुई दशक भन्दा बढी समय देखी अध्यापन गर्दै देशका कुना काप्चामा रही देशका जनशक्ती तयार गर्दै आईरहेका बुढेशकालमा आईसकेका अस्थायी शिक्षकहरूलाई “धोबीको कुकुर घरको न घाटको” को अवस्थामा पुर्याई किन मानसीक रोगी बनाईदैछ ? अहिले जस्तै २०५२ साल देखी निरन्तर आयोग किन भएन ? २०५२ सालमा भएको आयोग को २०६० सालमा, ८ बर्षको लामो अन्तराल पछि, नतिजा किन आयो ? अहिले जस्तै निरन्तर आयोग भएको भए अधिकांश शिक्षकहरू स्थायी भैसकेका हुन्थे । र नहुनेहरू कुनै बैकल्पिक मार्ग अपनाएर जीवनयापन गर्थे । सौताको सन्तान सरि अस्थायी शिक्षकलाई किन पटक-पटक दुर्व्यहवार, अपमानीत गरिन्छ ? किन मौन छन्, सम्बन्धित निकायहरू ? हामी अस्थायी शिक्षकहरू पनि नेपाली नागरीक हौं । हाम्रो मौलिक हक र रोजगारीको हकको हत्या नगरियोस । हामी बिचल्लीमा छौं । हामीलाई बाँच्न दिईयोस ।

मैले जे देखेको छु, त्यो लेखेको छु । पिडाहरू प्रशस्त छन् सबै शब्दमा पोख्न सकिदैन ।

rautmdsh@gmail.com

(लेखक राउत अस्थायी मा. वि. शिक्षक, लोहारपट्टी,महोत्तरी)

# एजेन्टको बदमासीले सुरज राम साउदीमा अलपत्र



साउदीमा अलपत्र सुरज राम

चन्दनकुमार यादव, राजविराज । वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरब पुगेका सप्तरीको कुशहा-८ का युवा सुरज राम अलपत्र परेका छन् ।

म्यानपावर र एजेन्टको लापर्वाहीका कारण राम साउदी अरबमा अलपत्र परेका हुन् । काठमाडौंस्थित अल अयुनी ओभरसिज सर्भिसेज प्रा.लि.बाट उनी ८ फरवरीमा साउदी पुगेका थिए । क्लिनरको काम पाउने शर्तमा ८० हजार रूपैयाँ तिरेर उनी साउदी पुगे पनि चर्को घाममा टेलिफोन सम्वन्धि ह्युम पाइप जडान गर्ने क्रममा बेल्चा चलाउने काम पाए । केही दिन त २२ वर्षीय सुरजलाई काम गर्ने क्रममै छातीमा दर्द शुरू भयो । उनी विरामी परेपछि चर्को घाममा उक्त काम गर्न असमर्थ भए । तत्पश्चात कम्पनीले बाहिर निकालेर घरमा सुत्नसम्म नदिएको उनले टेलिफोनमा पीडा सुनाए ।

कम्पनीले आफूलाई जुनसुकै हालतमा पनि काम गर्नैपर्ने भनी दबाब दिएको तथा उक्त काम गर्न आफूले असमर्थता जनाएपछि धम्कीसम्म दिने गरेको सुरजले बताए । आफूलाई २० हजार रियाल तिरेर घर जानु भनी दबाब दिने गरेको बताउँदै उनले भने ‘२० हजार रियाल तिर अनि घर जाउ भन्छ ।’

आफूलाई समस्यामा परेको भनी एजेन्टहरू प्रथमलाल मण्डल र मनोज मण्डल तथा म्यानपावरका सञ्जय चौधरीलाई भन्दा वास्ता नगरेको उनले दु:खेसो सुनाए । ‘कुरा गर्दैछु, चाँडै काम चेन्ज हुन्छ’ आज-भोली भन्दाभन्दै हालसम्म कुनै पहल नभएको उनले बताए ।

**‘साउदी जानु अघि एजेन्टलाई मलाई क्लिनरको काममा पठाएको थियो तर यहाँ त चर्को घाममा बेल्चा चलाउनुपर्ने काममा खटायो’**

‘साउदी जानु अघि एजेन्टलाई मलाई क्लिनरको काममा पठाएको थियो तर यहाँ त चर्को घाममा बेल्चा चलाउनुपर्ने काममा खटायो’ सुरजले भने ‘म समस्यामा परेको छु, कि त म्यानपावर कम्पनीले प्रतिवद्धता गरेको काममा खटाईदिनुपर्यो कि घर फिर्ता गरिदिनुपर्यो ।’ ऋण काढेर वैदेशिक रोजगारीमा आएको बताउँदै उनले आफू ठगीमा परेकोले राम्रो पैसा कमाउने सपना चकनाचुर भएको उनले बताए ।

यता उक्त विषयमा एजेन्ट प्रथमलाल मण्डलसँग बुझ्दा आफूहरूमार्फत नै सुरज साउदी गएको तथा अर्कै काममा खटाईदिएको बताए । आफूले म्यानपावरमार्फत पहल गरिरहेको जानकारी दिँदै उनले भने ‘कम्पनीले खटाएको काममा सुरज जान मान्दैन, काममा गएपछि न काम चेन्ज हुन्छ, तुरून्तै त हुदैन नि ।’ यद्यपी उनलाई साउदीमै काम परिवर्तन गर्ने वा ल्याउने विषयमा आफूहरू गम्भीर रहेको प्रतिक्रिया दिएका छन् ।

## संक्षिप्त समाचार

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बाँके । सुस्त मनस्थिति भएकी महिलालाई जवरजस्ती करणी गरेको अभियोगमा राप्ती सोनारी गाउँपालिका-५ बस्ने ५८ बर्षीय राजु थारूलाई प्रहरीले पक्राउ गरेको छ । थारूले आइतबार सोही ठाउँ बस्ने १९ बर्षीया सुस्त मनस्थिती भएकी ती महिलालाई उनकै घर कोठामा जवरजस्ती करणी गरेको बताइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### लागूऔषध गाँजा बरामद

बारा । प्रहरी चौकी अमृतगंजखजानिबाट गस्तीमा खटिएको प्रहरी टोलीले अवैध लागूऔषध गाँजा ७ के.जी बरामद गरेको छ । गस्तीमा खटिएको प्रहरी टोलीले आइतबार सिम्रनगढ नगरपालिका-७ स्थित गंगानगरमा सवारी साधन चेकजाँच गरिरहेको अवस्थामा ना.९ प १४९२ नम्बरको मोटरसाइकल चालकले प्रहरीलाई टाढैबाट देख्नासाथ मोटरसाइकल पछाडी बाँधी राखेको उक्त गाँजाको पोका र मोटरसाइकल छाडेर भागेका थिए । फरार मोटरसाइकल चालकको खोजतलास गर्नुको साथै प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### माटोको ढिस्कोले पुरिएर मृत्यु

दाङ । शान्तिनगर गाउँपालिका-४ जुम्लीकुला बस्ने २८ वर्षीय मनकला रेउको माटोको ढिस्कोले पुरिएर मृत्यु भएको छ । सोही ठाउँ स्थित चिराघाटमा आइतबार घर पोत्ने माटो खन्ने क्रममा माटोको ढिस्कोले पुरिएर गम्भीर घाइते भएकी रेउको राप्ति अञ्चल अस्पताल तुलसिपुरबाट थप उपचारको लागि कोहलपुर बाँके लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो ।

### बम बनाउने सामग्रीसहित पक्राउ

महोत्तरी । बम बनाउने सामग्रीसहित नेपाल कम्युनिष्ट पार्टीका नेताहरू पक्राउ परेका छन् । महोत्तरीको बर्दिबासबाट प्रहरीले नेकपाका जनकपुर अञ्चल ब्युरो प्रमुखसहित चार जनालाई पक्राउ गरेको छ । आइतबार इलाका प्रहरी कार्यालय बर्दिबासको गस्ती टोलीले अञ्चल ब्युरो प्रमुख सन्देश पौडेल, मिथिला चौहानसहितलाई पक्राउ गरेको हो । उनीहरूका साथबाट बम बनाउन प्रयोग हुने प्रेसर कुकर, बम बनाउने उपकरण, टाइम बम बनाइने घडी, तार दुई थान, डेटोनेटर छ थान, महोत्तरीको नक्सा, स्थानीय निर्वाचन खारेज गर लेखिएको पर्चा तीन सय थान र नेपाली काँग्रेस पार्टीको स्टिकर दुई सय थान प्रहरीले बरामद गरेको छ ।

### हराइरहेका व्यक्ति मृत फेला

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ बस्ने २५ वर्षीय दामोदर के.सी. सोमबार सैनामैना नगरपालिका-११ उत्तर बरौलीस्थित जंगलको रूखमा हात पछाडी बाँधी मुखमा कपडाले बाँधेर प्लाष्टिकको डोरी पासो लगाई झुण्डाएको अवस्थामा मृत फेला परेका छन् । सुद्धोदन गाँउपालिका-४ स्थित टाईगर बियर फ्याक्ट्रीबाट काम गरी घर फर्कने क्रममा शनिबार देखि हराई बेपत्ता भएका के.सी. खोजतलास गर्ने क्रममा सोमबार मृत फेला परेका हुन् ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

धनुषा । मिथिला नगरपालिका-९ औरही पुल स्थित पुर्व-पश्चिम लोकमार्गमा ज.८ प ८१८१ नम्बरको मोटरसाइकल बुधबार अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मोटरसाइकलमा सवार चालक वरमझिया-८ बस्ने २४ बर्षीय दिपेश मुखिया र २२ बर्षीय भरत मुखिया गम्भीर घाइते भएकोले उपचारको लागि जनकपुर अंचल अस्पताल पठाइएकोमा दिपेश मुखियाको मृत्यु भएको छ । भरत मुखियालाई थप उपचारको लागि धरान अस्पतालमा पठाइएको छ ।

### आगलागीबाट क्षति

बाँके । जानकी गाउँपालीका-६ पिपरहवा स्थित बिमल टोवाको कम्पनीमा भवनको छाना वइल्डीङ्ग गर्ने क्रममा गएराति आगोको झिल्काले आगलागी हुदाँ करीव ४८ लाख ८९ हजार रूपैयाँ बराबरको क्षति भएको छ । स्थानीय बासिन्दा, दमकलको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ ।

### शैक्षिक आमहड्तालको घोषणा

कैलाली । शुल्क वृद्धिको विरूद्धमा नेत्रविक्रम चन्दनिटक अखिल क्रान्तिकारीले कैलाली जिल्लामा सोमबारदेखि अनिश्चितकालीन शैक्षिक आम हडतालको घोषणा गरेको छ । अखिल क्रान्तिकारीले शुल्क वृद्धिविरूद्ध वैशाख २२ गते संयुक्त विद्यार्थीको आन्दोलनका क्रममा भएको तोडफोड र प्याब्सनका पूर्वअध्यक्ष आरसी यादवलाई अभद्र व्यवहारमा संलग्न भएको विषयलाई लिएर सेती अञ्चल ब्युरो इन्चार्ज बिमल धामी र कैलाली सहसचिव रमेश साउँदविरूद्ध जिल्ला प्रहरी कार्यालयमा झुटो मुद्दा लगाई पक्राउ गरेको भन्दै शैक्षिक आम हडतालको घोषणा गरेको अखिल क्रान्तिकारीका कैलाली उपाध्यक्ष झलक विश्वकर्माले जानकारी दिएका छन् ।

### छलफल तथा पार्टी प्रवेश कार्यक्रम

वीरगंज । नेपाल परिवार दल जिल्ला कार्य समिति पर्साले वीरगंजमा चुनावी छलफल तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेको छ । वीरगंज उपमहानगरपालिका वडा नं. १९ (हाल वडा नं. १६) नगवामा आयोजित चुनावी छलफल तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी पर्साका अध्यक्ष पलटन कुर्मीले आउदो जेष्ठ ३१ गते हुन लागेको स्थानिय निकायको चुनावमा आफ्नो पार्टीलाई बढि भन्दा बढि मतले जिताउनको लागि स्थानियबासीहरू सँग आग्रह गर्दै आफु तथा आफ्नो पार्टीले यस क्षेत्रको विकासको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

### ट्याक्टरको ठक्करबाट एकको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-८ जमुनानगरस्थित पुर्ब-पश्चिम राजमार्गमा से.१ त ९१३८ नम्बरको ट्याक्टरलाई हाल नम्बर नखुलेको ट्रकले शनिबार पछाडीबाट ठक्कर दिँदा बाटोमा उभिरहेका सोही ठाउँ बस्ने कृष्णसिंह सुतारको छोरा १२ वर्षीय सानु सुतारको मृत्यु भएको छ । ट्याक्टरले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको थियो । ट्याक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने फरार ट्रक र चालकको खोजी भइरहेको छ ।

### टिपरको ठक्करबाट एकको मृत्यु

धनुषा । लक्ष्मीनिया गाउँपालिका-४ सपही चोकमा ना.७ ख २२६३ नम्बरको टिपरले पैदलयात्री सपही-४ बस्ने ५० वर्षीय वैधनाथ साहलाई शनिबार ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको छ । टिपर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### सहनी मृत फेला

मोरङ । हराइरहेका एक व्यक्ति मृत अवस्थामा फेला परेका छन् । लेटाङ नगरपालिका-४ डेरा गरी बस्ने झापा, धुलाबारीका ४० वर्षीय प्रमोद सहनी मृत अवस्थामा फेला परेका छन् । उनी बैशाख १९ गतेदेखी हराएकोमा खोजी गर्नेक्रममा सोही ठाउँस्थित मोरङे खोलाको जंगलमा शुक्रबार उनको शव फेला परेको छ ।

### आगलागीबाट साढे ६ लाखको क्षति

बारा । परमानिपुर गाउँपालिका-३ चैनपुर बस्ने बिन्दा राउत भेडियारको घरमा शुक्रबार घुरबाट आगलागी हुँदा छिमेकी मोनी राउत भेडियर समेतको घर जलेर दुबैजनाको गरी करीव ६ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ । प्रहरी, दमकल र स्थानियबासीको सहयोगमा आगो नियन्त्रणमा लिएर घटनाका सम्बन्धमा स्थानीय प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### ६ जना चिनियाँ पक्राउ

काठमाडौं । महानगरीय प्रहरी अपराध महाशाखाले करोडौ अवैध रकमसहित ६ चिनियाँ नागरिकलाई पक्राउ गरेको छ । महाशाखाको विशेष टोलीले बुधबार बिहान राजधानीबाट केरूङ नाका हुँदै चीन जान लागेका एक पुरूषसहित पाँच महिलालाई नागढुंगा नाकाबाट पक्राउ गरेको हो । प्रहरीले चिनियाँले झोला, थर्मस, जुत्तालगायत शरीरका विभिन्न भागमा लुकाएर लान लागेको डलर तीन लाख ४९ हजार, युरो ६८ हजार, चिनियाँ १७ हजार सात सय, जापानी ३१ लाख ३० हजार, स्वीस २२ सय, अष्ट्रेलियन डलर १४ सय, पाउण्ड स्ट्रलिङ ११ सय र नेपाली २४ हजार पाँच सयसहित कुल चार करोड ७५ हजारसहित ६ चिनियाँलाई पक्राउ गरेको हो ।

# राजनीतिक अस्थिरतामा 'स्पेस' खोज्दै शक्तिहरू

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३६६



❖ उपेन्द्र झा

राजपाको जन्म मधेश आन्दोलनको एउटा आशलाग्दो पक्ष हो भने प्रतिस्पर्धी संघीय समाजवादी फोरमबीचको टकराहट कालो पोतिने कृष्णपक्ष हो । नेपालका राष्ट्रिय पार्टीहरू मधेशको क्षेत्रिय पार्टीको विरोधमा नै रहेकोले संघीय समाजवादी फोरम राष्ट्रिय आकार लिई सकेको हुनाले राजपाको विरोधमा जानु स्वाभाविकै हो । संघीय समाजवादी फोरमको मधेशप्रतिको क्षेत्रिय धारणा राख्नु उसको संकीर्णता नै हुने भएकोले मधेशको कित्ताबाट मुक्त भएको राम्रो प्रगतिशीलता हो ।

एकातिर शासकले नेपालमा अधिकारको लडाई समाप्त भयो भन्ने मान्यता स्थापना गर्ने दृढता देखाई रहेको छ भने अर्कोतिर मधेशले केही नपाएर आन्दोलन गरि रहेको छ । अहिले खसवर्गीय शासकीय मनोवृति मधेशको भावना विपरित रहेकोले मधेशको आन्दोलन यही प्रवृतिको विरूद्ध देखिएको छ । संविधान निर्माणमा मधेश सरोकारको विषयलाई गौण गरि बनाईएको संविधानको स्वामित्व लिन मधेशलाई बाध्य पार्ने क्रूर शासकीय मनोवृति अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको नाममा आफनो निरंकूशता लाद्न खोजेकोले मधेशको आन्दोलन पुनश्च मुखरित भएको छ ।

मधेशको कुरा नसुनेर जबरदस्ती संविधान घोषणा गर्ने एमाले सरकारको विरोधमा उत्रेको मधेश अहिले पनि आन्दोलित छ । मधेशलाई आश्वस्त पार्न प्रचण्डको सरकारद्वारा ल्याईएको संशोधन प्रस्तावलाई एमालेले ठाढै विरोध गरेको छ । मधेशको विरोधी शक्तिको रूपमा देखिएको एमाले दोश्रो शक्ति रहेपनि अहिले लीडिङ रोलमा छ । नेपाली काँग्रेस र माओवादी केन्द्र एमालेबिना केही गर्न सकि रहेको छैन । एमालेको विरोध गरि अगाडि जाने हिम्मत छैन । त्यसैले त प्राथमिकतामा रहेको संशोधन प्रस्तावलाई फ्याँकेर चुनाव गराउने एमालेको दबावलाई प्रचण्डले स्वीकार गर्नु पर्‍यो । एमालेसंग अन्धराष्ट्रवादी शक्ति संगठित हुँदै गएको र आन्तरिक द्वन्द्वमा फँसेर नेपाली काँग्रेस कमजोर भएको अवस्थामा एमाले हावी हुनु स्वाभाविकै हो । नेपाली काँग्रेस र माओवादी केन्द्र बाह्य रूपमा एमालेको विरोधमा बोले पनि एमालेले गर्न खोजेको कुरामा सहमत नै रहने बाध्यता छ ।

नेपाली राजनीतिमा मधेशको मुद्दालाई आफनो दृष्टिकोणले परिभाषित गर्ने राज्यको बलप्रयोगले मधेशलाई आमने सामने भिडन्तको स्थितिमा खडा गरि दिएको छ । कुनै बेला नेपालको राजनीतिमा माओवादीको वर्चस्वलाई रोक्न र नेपालको लोकतान्त्रिक शक्तिलाई मजबूत बनाउने उद्देश्यले शक्तिकेन्द्रको बरदान पाएर मधेशमा नेपाली काँग्रेस र एमालेले धेरै सीट पाए । विभाजित हुँदै गएको मधेशका राजनीतिक दलहरू कमजोर बनेको कारण विगतमा पाएको उल्लेखनीय सीट गुमाउनु परेको थियो । मधेशका दलहरूलाई संविधान सभाबाट अलग्याएर बनाएको संविधानलाई स्वीकार गर्न बाध्य पार्ने एमाले मधेशको विरोधमा प्रष्ट रूपमा उत्रेको छ । मधेशले मधेशी दलभन्दा एमालेलाई पत्याएको ५ वर्षदेखि पालेको भ्रमले उनलाई मधेशको धरातलीय यथार्थबाट टाढा राखेको कुरा ऊ स्वीकार गर्न चाहँदैन । संविधान घोषणा हुनुभन्दा पूर्व र पछिका दिनमा एमाले नै मधेशको विरोधमा रहेको यथार्थ हो । मधेशीलाई भारतीय भनेर सम्बोधन गर्ने, अमर्यादित तवरले गाली गर्ने आदि कार्यबाट एमाले मुक्त बनेको मधेशमा अहिले पनि आफनो वर्चस्व रहेको ठोकुवा गर्दछ ।

सत्तामा रहँदा अथवा प्रतिपक्षमा नेपालको राजनीति एमालेको आकाँक्षा अनुरूप नै चलेको छ । एमालेले चाहेको कुरामा नेपाली काँग्रेस र माओवादी केन्द्रको आलोचनात्मक समर्थन नै रहेको कतिपय घटनाले पुष्टि गरेको छ । प्रधानन्यायाधीश सुशीला कार्कीको क्रियाकलापबाट असन्तुष्ट बनेको नेपाली काँग्रेस र माओवादी केन्द्रले सुशीला कार्कीलाई महाभियोग लगाएर पदमुक्त गर्ने प्रयास तुहिएको छ । अहिलेको परिस्थितिमा सरकारले ल्याएको अविश्वासको प्रस्ताव गलत थियो भने महाभियोगको विरूद्ध सर्वोच्च अदालतले जारि गरेको परमादेशको पनि सर्वत्र आलोचना भई रहेको छ । नेपाली काँग्रेस र माओवादी केन्द्रलाई एक पाईला अगाडि बढ्न नदिएपछि सरकारले महाभियोगको प्रस्तावमा एकपाईला पछाडि सरेर फिर्ता लिने अवस्थामा पुगेको छ ।

मधेशलाई आत्मसमर्पणबाहेक कुनै शर्तमा स्वीकार गर्न नचाहने एमाले नेपाली राजनीतिको लीडिङ रोलमा रहेको एमाले के गर्न चाहेको भन्ने विषय खासगरि अधिकारवादी आन्दोलनका अगुवाहरूले बुझ्नु पर्ने आवश्यकता छ । भारतीय ईशारामा चलेका मधेशका दलहरू भारतीय विस्तारवादका पृष्ठपोषक रहेकोले यसको नियतलाई विश्वास गर्न सकिन्न भनेर एमालेले त्यसको विरूद्ध राष्ट्रवादको रक्षा गर्ने एकमात्र पार्टी एमाले रहेकोले यसको झण्डामुनि अन्धराष्ट्रवादी शक्तिलाई गोलबन्द गर्ने अभियान थालेर नेपालको पहिलो पार्टी बन्ने रणनीति बनाएको छ । मधेशीलाई किञ्चित स्पेस दिन नचाहने एमालेले संशोधन प्रस्तावलाई सहमतीको आधार बनाउन चाहँदैन । मधेशलाई केही दिन आन्दोलनमा राखेर परिक्षण गर्ने एमालेको चाहनालाई नेपाली काँग्रेस र माओवादी केन्द्र बुझि रहेको छैन । आफनो वोट बैंक गुम्ने डरले नेपाली काँग्रेस मधेशलाई छोड्ने पक्षमा छैन भने एमालेसंग लड्ने क्षमता पनि छैन । यही हाल माओवादी केन्द्रको पनि छ ।

मधेशको मूल संशोधन प्रस्तावलाई अर्थहीन बनाउन दर्जनौं संशोधन प्रस्ताव संसद सचिवालयमा दर्ता गरिएको छ । अनेक आश्वासन देखाएर मधेशी मोर्चालाई आन्दोलनबाट बाहिर राख्न सफल सरकार चुनाव पछाडि संशोधन प्रस्तावलाई प्रक्रियामा लैजाने अन्तिम आश्वासन दिएको छ । दर्जनौं संशोधन प्रस्ताव संसदमा दर्ता हुन आएकोले मन माफिक खेल्न पाउने एमालेको सोच रहेकोले अहिले संशोधनप्रति लचक हुने संकेत प्रचण्ड सरकारले पाएको छ । यो पनि साजिश कै श्रृँखला नै हो भन्ने कुरा बुझ्नु पर्दछ ।

मधेशलाई पन्छाउन राजनीतिमा ल्याईएको गतिरोधको लामो श्रृँखलामा हिन्दुत्व तथा सोको संरक्षकको रूपमा सेरेमोनियल किंगको बहसलाई औचित्यपूर्ण ठानिई स्थान दिएकोले सो शक्तिको सक्रियता बढाउन तत्पर रहेका शक्तिहरू अन्धराष्ट्रवादको झण्डामुनि गोलबन्द भई रहेको अनुभूति भई रहेको छ । थाईल्याण्डको भ्रमणबाट फर्केर आएपछि केपी शर्मा ओलीको भारतलाई दागिने मिसाईलहरू सबै निष्क्रिय भएका छन् । भारतप्रतिको नरम व्यवहारले राजनीति कुनै नयाँ डिजाईनमा अभिप्रेरित त छैन भन्ने शंका हुन थालेको छ । यसैको एउटा कडी सर्वोच्चले महाभियोगको विरूद्ध जारी गरेको परमादेशलाई पनि लिन सकिन्छ ।

हिन्दुत्व स्थापनाका लागि राजनीतिको एउटा विशेष परिस्थितिको आवश्यकता पर्दछ । विशेष परिस्थिति ल्याउन मधेशलाई आन्दोलनमा पठाउने, आन्दोलनलाई हिंसक बनाएर सरकारद्वारा दमन गराई गृहयुद्ध निर्माण गर्ने र त्यसपछि शक्तिकेन्द्रको मध्यस्थतामा शान्ति स्थापना गरि जनमत संग्रहको माध्यमबाट राजनीतिको नयाँ जनादेश लिने डिजाईनबाहेक अरू के हुन सक्दछ ? एमाले मधेशप्रति कट्टर बन्नुको अर्को अर्थ के हुन सक्दछ ?

उपरोक्त राजनीतिक डिजाईनबाट प्रेरित दलहरूको बढेको सक्रियता र यसको औचित्य स्थापना गर्न सबैलाई समर्थनको भूमिकामा ल्याउन विभिन्न असान्दर्भिक घटनाहरू ल्याएर दबाव बढाउने प्रयासहरू देखिन थालेबाट यो शंकाको पुष्टि हुन थालेको छ । यी सब कुरा बिना आन्दोलनको सम्भव छैन । पहाडले आन्दोलन गर्ने कुरा पनि छैन । आन्दोलनको थलो मधेश नै हो । मधेश आन्दोलित पनि छ । मधेश आन्दोलन कै सहारा लिएर यी नवीन कुरा ल्याउने गैर मधेशी दलहरूले डिजाईन बनाएको छ भने यो वर्गीय सत्ताको लागि प्रत्युत्पादक पनि बन्न सक्दछ ।

महाभियोगको प्रस्तावलाई फिर्ता लिने सरकारको निर्णय रामो हो । यसको माध्यमबाट डिजाईनरहरू खेल्ने मौका पाउँछन् । आफनो अनुकूल वातावरण निर्माण गर्न पहिलो चरणको चुनावलाई भाँडेर स्थगित गराउने प्रयासमा रहेका डिजाईनरहरू सरकारको गतिविधीलाई हेरि रहेका छन् । शान्तिपूर्ण रूपमा पहिलो चरणको चुनाव भयो भने खेलाडीहरूका लागि दोश्रो द्वार पनि बन्द हुने निश्चित छ । संक्रमणकालीन अवस्थाको फायदा उठाउन प्रतिगामी तत्वको सक्रियतामा कतै न कतै वर्तमान दलहरूको बलियो समर्थन पनि देखिएको छ । चारैतिरबाट कमजोर बाँधले छेकिएको पानी जस्तै नेपालको राजनीतिक तरलता कता फुटाएर कता जाने केही ठेगान छैन ।

४ गते ज्येष्ठमा बस्ने संसदले संशोधन प्रस्ताव छिनोफानो गर्ने भनिएको आश्वासन खासगरि संघीय गठबन्धनले सार्वजनिक गरेको आन्दोलनलाई रोक्न र शान्तिपूर्ण चुनावमा बाधा व्यवधान नआओस् भनेर सरकारको तर्फबाट फ्याँकिएको तासको पत्ता हो । सरकार दोश्रो चरणको चुनावमा प्रवेश गरेपछि साजिशको ट्रमकार्डको रूपमा रहेको संशोधन प्रस्तावलाई प्रयोग गरि दोश्रो चरणको चुनावलाई पनि सफलतापूर्वक सम्पन्न गर्नमा प्रयोग गर्नेछ । तबसम्म प्रचण्ड सरकार रहन्छ कि रहँदैन । नयाँ सरकारको नयाँ साजिश त होला नै । संशोधन प्रस्ताव पास गर्ने नियत भएको भए विलम्ब गर्ने कुनै तुक पनि छैन । यसबाट मधेशको यावत् समस्या पनि हल हुने कुरा पनि छैन ।

राजपाको जन्म मधेश आन्दोलनको एउटा आशलाग्दो पक्ष हो भने प्रतिस्पर्धी संघीय समाजवादी फोरमबीचको टकराहट कालो पोतिने कृष्णपक्ष हो । नेपालका राष्ट्रिय पार्टीहरू मधेशको क्षेत्रिय पार्टीको विरोधमा नै रहेकोले संघीय समाजवादी फोरम राष्ट्रिय आकार लिई सकेको हुनाले राजपाको विरोधमा जानु स्वाभाविकै हो । संघीय समाजवादी फोरमको मधेशप्रतिको क्षेत्रिय धारणा राख्नु उसको संकीर्णता नै हुने भएकोले मधेशको कित्ताबाट मुक्त भएको राम्रो प्रगतिशीलता हो । राष्ट्रिय स्वरूप पाएपछि अन्तराष्ट्रिय क्षेत्रको लोकप्रियताले आकर्षित गर्छ । संसारको हरेक क्षेत्रमा आफनो नामको झण्डा गाडेर आएको संघीय समाजवादी फोरमको अध्यक्षका लागि क्षेत्रिय नालामा हात हाल्नु यसै पनि सुहाउँदैन ।

संक्रमणकालीन अवस्थाको राजनीतिमा राज्यको मधेशसंगको चिसिंदै गएको सम्बन्धले राजनीतिक तरलता यसै पनि बढाई दिएको छ । यस्तै अवसरको फायदा उठाउन राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिहरूको सक्रियता बढ्दै आएको पनि छ । अप्रासाँगिक घटनाहरूको जन्म हुनु यी शक्तिहरूको उपस्थितिलाई दर्शाउँछ । विद्यमान राजनीतिक अवस्थाबाट नयाँ परिवेशमा प्रवेश गर्न उद्धत राजनीतिक दलहरूको नियत पनि उदाङ्गिदै गई रहेको छ । मधेशलाई संयमित भएर आफनो दिशा तय गर्न जरूरी छ ।

janukjha24@gmail.com क्रमश:

## मधेशमा चुनाव असम्भव : यादव

क्रान्ति शाह, वीरगन्ज । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले परिमार्जनसहित संविधान संशोधन नभए मधेशमा चुनाव असम्भव रहेको चेतावनी दिएका छन् । पछिल्लो समय संविधान संशोधनका लागि सरकार गम्भीर देखिएको र संशोधन प्रक्रिया पनि अघि बढि सकेकोले गर्दा पहाडकेन्द्रित चुनावमा आफूहरूले उम्मेदबारी दिएको जिकिर गर्दै अध्यक्ष यादवले पहिलो चरणको चुनाव भएपनि त्यो अघि संशोधन नभए दोस्रो चरणको चुनाव मधेशमा हुनै नसक्ने ठोकुवा गरेका छन् ।



संविधान संशोधन गरि मधेशको माग पूरा नभएसम्म मधेशमा चुनाव हुनै नदिने यादवको चेतावनीले सरकारलाई झड्का लागेको छ । पर्साको वीरगन्जमा फोरम नेपालका शीर्ष नेताहरूको उपस्थितिमा सोमबार आयोजित एक दिने गोष्ठीलाई सम्बोधन गर्दै अध्यक्ष यादवले संविधान संशोधन नभएसम्म दोश्रो चरणमा हुने भनिएको चुनावमा फोरम नेपालले भाग नलिने र चुनाव पनि हुनै नदिने बताए । मधेशको माग सम्बोधन नभएसम्म आफूहरूको आन्दोलन जारी नै रहने उनको भनाई थियो । 'जबसम्म संविधान संशोधन हुँदैन, तबसम्म मधेशमा चुनाव हुन दिन्नौं, यदि मधेशमा चुनाव भएन भने अहिले पहाडमा भएका चुनावको पनि कुनै अर्थ रहदैन' यादवले भने । मधेशको एजेण्डामा आफूहरूको अडान कायमै रहेको स्पष्ट पार्दै उनले भने, 'अहिले फोरम नेपालका बारेमा फिजाइएको हल्ला भ्रम मात्रै हुन्, हामी मधेशको एजेण्डामा कुनै किसिमको सम्झौता गर्न तयार छैनौं ।' मधेशको मागको सवालमा नेकपा एमाले मात्र नभई काँग्रेस पनि विपक्षमा रहेको भन्दै उनले एमालेले संघीयता, धर्म निरपेक्षता र समावेशी लोकतन्त्रलाई समाप्त पार्नका लागि आन्तरिक रूपमा निर्णय नै गरिसकेको आरोप लगाए ।

सोझो ढंगले गरिने राजनीतिले हक अधिकार नपाइने भन्दै उनले भने,- 'सोझो राजनीतिले अधिकार पाइदैन, अधिकारका लागि राजनीतिमा औंला टेढो पार्नै पर्छ, त्यसैले हामी अहिले पनि आन्दोलन र संघर्षको मैदानमा छौं ।' मधेश विरोधी ठूला तीन दलबीचको अपवित्र गठबन्धन तोड्नका लागि नै तत्कालीन केपी ओलीको सरकारलाई ढाल्न काँग्रेसका तत्कालीन सभापति शुसील कोइरालालाई मधेशी मोर्चाले भोट दिएको उनले बताए । मुलुकको पछिल्लो राजनीतिक अवस्था र पार्टीको आगामी रणनीतिका बारेमा छलफल गर्न वीरगन्जको पदम पार्टी सेन्टरमा आयोजित गोष्ठीमा फोरम नेपालका वरिष्ठ नेता अशोक राई, केन्द्रीय उपाध्यक्ष लालबाबु राउत गद्दी, महासचिव रामसहाय यादव, मधेस प्रदेश सचिव शेष नारायण यादवका साथै फोरम नेपालका राजनीति समिति सदस्य, केन्द्रीय पार्षद, केन्द्रिय सल्लाहकार समितिका सदस्य, प्रदेश समितिका पदाधिकारी र सदस्य तथा पर्सा, बारा, रौतहट र सर्लाहीका जिल्ला अध्यक्षहरूको सहभागिता थियो । गोष्ठीमा संविधान संशोधनका लागि सरकारले अगाडि सारेको प्रस्ताव, दोश्रो चरणको निर्वाचन, प्रधानन्यायधिश विरूद्धको महाअभियोग प्रस्ताव र फोरम नेपालमाथि अरू दलहरूले लगाएको आरोपका विषयमा गम्भिर रूपमा छलफल भएको फोरम नेपाल पर्साका अध्यक्ष प्रदीप यादवले जानकारी दिए ।

## म्यादी प्रहरीले पाए पोशाक



जलेश्वर । स्थानीय तह निर्वाचनको गतिविधि सुस्त देखिएको महोत्तरीमा म्यादी प्रहरीले बुधबार पोशाकसहित राशनभत्ता पाएका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीले जिल्लामा आसन्न निर्वाचनमा खटिने १ हजार ९ सय २३ म्यादी प्रहरीको लागि राशनसहित पोशाक आएको र ति वितरण गरिएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक दिपक पोखरेलले ति म्यादी प्रहरीलाई जिल्लाको विभिन्न ठाउँबाट पोशाक र राशनभत्ता वितरण गरिएको जानकारी दिए । म्यादी प्रहरीमा खटिएका एकजनाले नाम नलेखिदिने भन्दै पोशाकसहित आफूहरूलाई जिल्ला प्रहरीले ९ हजार ६ सय ११ रूपैयाँ वितरण गरेको बताउँदै आफूहरूको एक महिना भइसकेपनि तलबको लागि सोध्दा पछि दिने जानकारी गराएको बताए । बिहान ७ बजेदेखि साढे १० बजेसम्म र पुन: ३ बजेदेखि ६ बजेसम्म कबाज (शारिरीक व्यायाम र आवश्यक निर्देशन) खेलाउने गरेको बताउँदै आफूहरू कहिलेदेखि काममा खटिने हो स्पष्ट जानकारी प्रहरीले नदिएकोमा केही अन्यौलता रहेको थियो । पोशाक र राशनभत्ता पाएपछि आफूहरू काम गर्ने ढुक्क भएको बताउँदै छनौट भएको बेला नै ५५ दिनको तलब पाउने प्रहरीले जानकारी दिएको ति म्यादी प्रहरीले जानकारी दिए । यता सरकारले दोस्रो चरणमा आउँदो जेठ ३१ गतेका दिन स्थानीय तहको निर्वाचन गर्ने मिति तोकिसक्दा पनि महोत्तरीका मधेशवादी दलसहित कुनै पनि राजनीतिक दलले स्थानीय तहको निर्वाचनको तयारीमा लागेको देखिएका छैनन् । सबैले आन्तरिक तयारीमा व्यस्त भएपनि खुलारूपमा नलागेकोले निर्वाचनबारे अन्यौलता देखिएको छ ।

## भारतीय कला प्रदर्शनी हुने

काठमाडौं । नेपाल कला परिषद्का महासचिव शंकरनाथ रिमालले नेपाल र भारतबीच लामो समयदेखि ऐतिहासिक सम्बन्ध रहेको बताए । नेपाल कला परिषद्मा बैशाख १९ गतेदेखि भारतको केरलाबाट आएका कलाकारले गरेका चित्रकला प्रदर्शनीको अन्तिम दिन महासचिव रिमालले दुई छिमेकी मुलुकबीचको सम्बन्ध अत्यन्तै सुमधुर रहेको बताउँदै नेपालीपनका कलाहरू हेरी भारतका कलाकारलाई आगामी दिनमा यस क्षेत्रमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए । केरलाबाट आएका १३ कलाकारले ४९ कलाकृति प्रदर्शन गरेका थिए । प्रदर्शनीमा राखिका कलाहरू भारतको प्रकृतिक सौन्दर्य, समुद्रका माछा, देवीदेवताको मूर्ति, केरलाका कलात्मक घरहरू राखिएका थिए । कलाकार आर जयन्थकुमारले आफूहरूको प्रदर्शनी अत्यन्तै सफल रहेको बताउँदै आगामी दिनमा समेत नेपालमा आएर यस्ता प्रदर्शनी गर्ने इच्छा व्यक्त गरेका थिए ।

## संसदको बैठक जेष्ठ ४ गतेसम्म स्थगित

काठमाडौं । स्थानीय तहको निर्वाचनपछि व्यवस्थापिका संसदको बैठक बस्ने भएको छ । स्थानीय तहको निर्वाचनपश्चात् जेठ ४ गतेसम्म संसदका बैठक स्थगित भएको छ । संसद सचिवालयले स्थानीय तहको चुनाव सकिएपछि जेठ ४ गते मात्रै बस्ने गरी स्थगित गर्ने सूचना टाँस गरी बैठक जेष्ठ ४ सम्मका लागि स्थगित भएको जानकारी दिइएको छ ।

## म्यादी प्रहरीद्वारा सरसफाई

जलेश्वर । स्थानीय तह निर्वाचन प्रयोजनको लागि एक महिना अगाडीदेखि तालिममा व्यस्त रहेका म्यादी प्रहरीहरूलाई पोशाक र राशनभक्ता वितरणसंगै सरसफाईसहित अन्य क्रियाक्लापमा खटाइन थालिएको छ । प्रदेश नं. २ को महोत्तरीमा निर्वाचन क्रियाक्लापमा सुस्तताको कारणले म्यादी प्रहरीलाई कहाँ खटाउने अन्यौलता रहेको समयमा म्यादी प्रहरीलाई सरसफाईसहित अन्य क्रियाक्लापमा प्रयोग गर्न थालिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ । यही क्रममा बिहीबार विहानै जिल्लाको प्रसिद्ध तिर्थस्थलको रूपमा रहेको जलेश्वरनाथ महादेव मन्दिर र त्योसंगै रहेको पुरन्दरसरलाई म्यादी प्रहरीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टिमले सरसफाई गरेका छन् । मिथिलाको राजधानी जनकपुरको चारैकोणमा अवस्थित प्रसिद्ध शिवालयहरू मध्ये पश्चिम दिशामा रहेको प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरको सरसफाई गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरिक्षक राजकुमार लम्सालले बताए । मन्दिर सरसफाईमा जलेश्वरमा रहेका चार सय ३३ म्यादी प्रहरी मध्ये करिव दुई सय म्यादी प्रहरी सरसफाईमा सहभागी भएको जनाइएको छ । जलेश्वरमा आसन्न निर्वाचनमा खटिने चार सय ३३ म्यादी प्रहरी मध्ये एक सय पाँच जनालाई जलेश्वर नगरपालिकाभित्र, एक सय सात जनालाई भिठामोड र दुई सय २१ जनालाई जिल्ला प्रहरी कार्यालयको निर्देशनमा परिचालन गराउने योजना रहेको म्यादी प्रहरीको इन्चार्जको रूपमा खटिनुभएका प्रहरी हवलदार सुधिर कुमार साहले जानकारी दिए ।

देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विश्व परिवेश

## चीनका लागि मात्र दलाई लामालाई हेला गर्दैन

स्यामुएल वैद

भारतको उत्तर-पूर्वमा रहेको अरूणाचल प्रदेशको हालै दलाई लामाले भ्रमणबारे पछि चीनले त्यसप्रति घोर आक्रोश व्यक्त गर्नुको सम्बन्ध प्रत्यक्ष रूपमा इस्लामावादको सैनिक अदालतले भारतीय गुप्तचर कुलभूषण जाधवलाई फाँसीको सजाय दिनेसँग जोडिएको कुरालाई बेवास्ता गर्न सकिन्न। एक प्रतिवेदनका अनुसार अफगान तालिवानले इरानबाट अपहरण गरेर जाधवलाई पाकिस्तानी सेनालाई बेचेपछि गलत र निराधार आरोप लगाएर पाकिस्तानी सेनाले एक भिडियो प्रदर्शनको दृष्यमा जाधवलाई बलुचिस्तान चीन पाकिस्तान इकोनोमिक कोरिडोर विरूद्ध गुप्तचरी गरी रहेको कुरा सकारेको कारण उसलाई गिरफ्तार गरेको समाचार सार्वजनिक गरेको थियो। त्यसको ६ महिनापछि पाकिस्तानका प्रधानमन्त्रीका वैदेशिक मामिलाका सल्लाहकार सशस्त्र अजीजले जाधव विरूद्ध त्यस्तो कुनै आधिकारिक प्रमाण नभएको कुरा बताएका थिए। इस्लामावादको एक प्रतिवेदन अनुसार पाकिस्तानले जाधव विरूद्ध संयुक्त राष्ट्रका एउटा विचित्र खालको नयाँ आरोप प्रस्तुत गर्ने तयारी गर्न लागेको छ। तत्कालीन सेना प्रमुखको दबाबमा जनवरी, २०१५ मा गठन गरिएको सैनिक अदालत मार्चसम्म विघटित अवस्थामा रहे पनि त्यसले जाधव सम्बन्धमा कहिले छानबिन गरेको कुरा समेत अज्ञात नै रहेको छ तर पनि अप्रिल ११ का दिन पाकिस्तानका रक्षामन्त्री ख्वाजा मोहम्मद आसिफले सिनेटलाई त्यो छानबिन कार्य तीन महिनासम्म मचलेको बताए पनि त्यसको सुरूआत कहिले भएर कहिले सकियो त्यसबारे स्पष्ट नभएकोले वास्तवमा त्यो भयो कि भएन भन्ने कुनै प्रमाण रहेको छैन।



जाधव सम्बन्धमा छानबिन गरिएकोबारे एक्कासी प्रतिवेदन प्रस्तुत गर्नु चीनको दबाबमा आएर भारतविरूद्ध त्यस्तो गर्नुलाई जादूगरको टोपबाट खरायो निस्कनु जस्तै हो। बेइजिङ आफैले पाकिस्तानलाई भारतलाई तर्साउन निमित्त जुन प्रतिदल दिएको हो कि ? त्यो कसैलाई थाहा छैन ? चीन र पाकिस्तान दुवै यस्ता कार्य गर्नमा माहिर रहेका कारण नै १९६५ मा चीनले उक्साएको भरमा पाकिस्तानले भारतमाथि आक्रमण गरेको त्यसै नभएर तत्कालीन चीनका विदेश मन्त्री मार्शल चेन यीले आश्वस्त पारेको बारे राष्ट्रपति अयूब खान र तत्कालीन पाकिस्तानी विदेश मन्त्री जुल्फिकार अलि भुट्टोले सकारेका थिए। चीनले यस्तो पनि आश्वस्त पारेको थियो कि यदि पाकिस्तानले नियन्त्रण रेखा पार गरेर पनि काश्मीरमाथि आक्रमण गरेमा भारतले अन्तर्राष्ट्रिय सीमा पार गर्ने आँट गर्ने छैन। चीनले भुट्टोलाई पूर्वी पाकिस्तानलाई पीर मान्नु पर्दैन भन्दै त्यो चीनको चासोको कुरा हो बताएपछि पाकिस्तानी सेनाले १९६५ मा पूर्वी पाकिस्तानको प्रतिरक्षा गरेन। चीन भारतप्रति सधैं अमैत्रीपूर्ण दृष्टिकोण राख्दै आएको छ। उसले निरन्तर भारतको परमाणु आपूर्ति गर्ने संगठन (एन.एस.जी.) मा सामेल हुने प्रयासको विरोध गर्दै आएको छ। गत वर्ष जनवरीमा भारतको पठानकोटस्थित हवाई उडानस्थल माथि आक्रमणको संचालक आतंकवादी मसुद अजहरलाई संयुक्त राष्ट्र सुरक्षा परिषद्बाट आतंकवादी घोषित गराउने पूर्ण प्रयासको समेत चीनले बिना कुनै आधार विरोध गर्दै आएको भए तापनि दलाई लामाको हालैको अरूणाचल प्रदेशको भ्रमणको विरोध गर्नुको उद्देश्य देशभित्र र बाहिर रहेका बौद्धमार्गीहरू प्रति रहेको भारतको प्रतिबद्धतालाई सम्मान नगर्नु मात्र रहेको छ। कम्युनिष्ट चीन भातको बौद्धमार्गीहरूप्रतिको आस्थालाई विथोल्ने प्रयास गर्नुको कारण बौद्धधर्मको जन्म भारतमा भएकोले भारतले दलाई लामाप्रति भारतमा सम्मान दिँदै आएको छ। चीनले दलाई लामाको भ्रमण चीन-भारत सीमा क्षेत्रको पूर्वी भागलाई लिएर भारतले कुनै सरोकार नराखेको भारतमाथि आरोप लगाई द्विपक्षीय सम्बन्धमा कटुताका साथै भयानक क्षति बारे समेत चेतावनी दिएको छ भने भारतले समेत भारतीय क्षेत्र भएर चीनले संचालन गर्न लागेको चीन-पाकिस्तान इकानोमिक कोरीडोर संचालन गर्ने बेलामा चीनले भारतसँग कुनै सरोकार नराखी मनपरी गर्नुको आरोप समेत लगाएको छ।

भारत कसैमा पनि आश्रित नभएकोले कुनै देशलाई भारत सरकारसँग यो सोध्ने अधिकार छैन कि भारतको भ्रमण कसले गर्छ गर्दैन ? यो भारत सरकारको इच्छामा भर पर्छ। जिद्दीपना र एकोहोरो परिभाषा चीनका साथ मात्र उपयुक्त छ। संयुक्त राष्ट्र सुरक्षा परिषद्का चीन मात्र बाहेक सबै स्थायी सदस्य राष्ट्रले एकमत भएर मसूद अजहरलाई अन्तर्राष्ट्रिय आतंकवादी घोषित गर्दै आएका छन् त चीनले मात्र बिना कुनै तर्कको उसलाई आतंकवादी घोषित गर्न अस्वीकार गर्दै बेशर्म भएर त्यो भारतको सरोकारको कुरा भन्दै आएको छ। चीनको 'वन बेल्ट वन रोड (ओ.बी.ओ.आर) चीनको धूर्ततापूर्ण विस्तारवाद नीति अनुरूप चीन पाकिस्तान इकोनोमिक कोरीडोर संचालित रहेकोले भारतले त्यसलाई समर्थन गरेको छैन। के दलाई लामाको तावां भ्रमणलाई अस्वीकार गरेर भारतले चीनको सदासयता प्राप्त गर्न सकेको छ त ? विल्कुलै होइन्। सन् १९५० को 'हिन्दी-चाइनीज भाई-भाई' को नाराको उच्चारणको प्रतिबद्धताका बाबजुद पनि चीन कहिले भारतको मित्र बन्न सकेको छैन। छोटकरीमा भन्ने हो भने चीन जस्तो एक निश्चित शत्रुबाट सकारात्मक सोचको अपेक्षा एक मित्रलाई हेला गरेर भारतले कहिले पाउन सक्दैन ?

*– एजेन्सीको सहयोगमा*

# पत्रपत्रिकाबाट...

## स्थानीय निर्वाचनमा भारतीय सहयोग



नयाँदिल्ली। वैशाख ३१ मा हुने स्थानीय तहको निर्वाचनमा भारतले सहयोग गर्ने भएको छ। विदेश मन्त्रालयमा बुधबार आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता गोपाल वाग्लेले निर्वाचनमा समर्थन जनाउँदै त्यसका लागि नेपालले मागेअनुसार सबै सहयोग गर्ने बताउनुभयो। स्थानीय निर्वाचनमा भारतको स्पष्ट धारणा नआउँदा शंका उपशंका रहिरहेका बेला भारतले निर्वाचनका पक्षमा पहिलो पटक औपचारिक धारणा राखेको हो। यसअघि भारतले संविधान संशोधन गरेर मात्र निर्वाचनमा जानुपर्ने तथा सबैलाई समेटेर संविधान कार्यान्वयन गर्नुपर्ने भन्दै आएको थियो। पत्रकार सम्मेलनमा प्रवक्ता वाग्लेले विगतमा जस्तै नेपालको शान्ति, स्थिरता र विकासमा भारतको साथ रहने भन्दै स्थानीय चुनावका लागि पनि नेपाल सरकारले मागेको सहयोग दिने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, 'प्रजातान्त्रलाई कार्यान्वयन गराउन स्थानीय निर्वाचन महत्ववपूर्ण माध्यम हुने हाम्रो अनुभवले पनि देखाएको छ। यसले स्थानीय तहमा प्रजातन्त्रलाई सुदृढ बनाउँछ।'उहाँले केही दिनअघि दुबै मुलुकका प्रधानमन्त्रीबीच भएको फोन संवादबारे उल्लेख गर्दै भन्नुभयो, 'भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालबीच केही दिनअघि निर्वाचनमा सहयोगका लागि आश्वासन दिनुभएको छ। सोहीअनुरूप नेपाल सरकारलाई सहयोग गर्न हामी तयार छौं।' केही दिनअघि भारतीय राजदूत मन्जिभसिंह पुरीले भारत सरकारका तर्फबाट निर्वाचन आयोगलाई पहिलो चरणको सहयोग स्वरूप गाडी हस्तान्तरण गरेकोबाट पनि भारतले निर्वाचनमा समर्थन गरेको अनौपचारिक रूपमा बुझिएको थियो। गृहमन्त्री विमलेन्द्र निधिको भारत भ्रमणका समयमा निर्वाचनका लागि एक हजार गाडी तथा लजिस्टिक सहयोगका लागि आग्रह गर्नुभएको थियो। त्यस समयमा निर्वाचनबारे तटस्थ रहेको भारतले निर्वाचनका लागि सहयोग गर्ने भने जनाएको थियो।

## नेपाल लगानीका लागि उपयुक्त मुलुक

नयाँदिल्ली। नेपालसँग कूटनीतिक सम्बन्ध भएका भन्डै ८२ देशका दिल्लीस्थित दूतावासलार्य लक्षित गरेर नयाँदिल्लीमा आर्थिक सहकार्य तथा नेपालमा लगानी सम्बन्धी दुईदिने सम्मेलन आयोजना गरिएको छ। हाल नेपालको १ सय ४४ मुलुकसँग कूटनीतिक सम्बन्ध छ र त्यसमध्ये ८२ मुलुकले दिल्लीबाट नेपाललाई हेर्ने गर्छन्। परराष्ट्रमन्त्री प्रकाशरण महतले बिहीबार उद्घाटन गरेको सम्मेलन शनिबार सकिएको छ। सम्मेलनमा नेपालमा रहेको लगानीका वातावरणबारे दूतावासहरूलाई जानकारी गराइएको थियो। परराष्ट्र मन्त्रालय तथा दिल्लीस्थित नेपाली दूतावासले आईएसएसआर नामका गैरसरकारी संस्थासँगको सहकार्यमा उक्त कार्यक्रम गरेको हो। सम्मेलनमा आफ्ना धारणा व्यक्त गर्दै नेपाल सरकारका उच्च अधिकारीहरूले नेपालमा वैदेशिक लगानी तथा त्यसको संरक्षणका विषयमा राष्ट्रिय सहमति रहेको जानकारी गराएका थिए। उनीहरूले नेपालमा वैदेशिक लगानी तथा द्विपक्षीय सहयोग आदान-प्रदानलाई प्रवर्द्धन गर्न बनाइएका संस्थागत तथा कानूनी व्यवस्थाबारे जानकारी गराएका थिए। कार्यक्रममा परराष्ट्र सचिव शंकरदास वैरागीले शान्त र समृद्ध मुलुक नै नेपालको भिजन भएको बताएका थिए। उनले सन् २०३० भित्र नेपालले मध्यम आय भएको मुलुक बन्ने लक्ष्य लिएकोसमेत बताए। त्यसलाई सफल पार्न हामीलाई ठूलो लगानीको आवश्यकता छ। त्यसका लागि हामीसँग बलियो नीति छ, पर्याप्त कानुनी संरचना छ, त्यसैले नेपाल लगानीको लागि एउटा अवसर हो, वैरागीले भने। द्विपक्षीय लगानीको वर्तमान अवस्था तथा सम्भाव्यताबारे आफ्नो कार्यपत्र प्रस्तुत गर्दै अर्थ मन्त्रालयका सहसचिव मधु मरासिनीले नेपालको अर्थतन्त्रले गति लिइरहेको बताउँदै नेपालले खुला तथा उदार आर्थिक नीति लिएको बताएका थिए। उनले आर्थिक लगानी मात्र नभई कूटनीतिक सम्बन्ध कायम भएका मुलुकसँग ज्ञानको आदानप्रदान, प्रविधिको हस्तान्तरण तथा अन्य क्षेत्रमा समेत सहकार्य गर्न सकिने बताए। उनले नेपाल क्रमशः लगानीमैत्री मुलुक बन्नै गएको र संविधान निर्माणपछि राजनीतिक स्थिरतातर्फ अगाडि बढेको समेत बताए। वाणिज्य मन्त्रालयका सचिव शंकरप्रसाद कोइरालाले लगानीको प्रवर्द्धनका लागि नेपाल सरकारले अहिलेसम्म बनाएका र भविष्यमा बनाइने कानुनबारे कार्यपत्र प्रस्तुत गरेका थिए। पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत गोविन्द पोखरेलले भूकम्पपछिको पुनर्निर्माणको अवस्था तथा भावी चुनौतीबारे कार्यपत्र प्रस्तुत गरेका थिए। गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोले नेपाल लगानीका लागि सबैभन्दा उपयुक्त मुलुक भएको बताएका थिए। उनले नेपालमा लगानी गर्नेहरूले फाइदाभन्दा समस्याबारे बढी चर्चा गर्ने गरेको बताएका थिए। उनले दीर्घकालीन लगानीका लागि नेपाल उपयुक्त गन्तव्य भएको पनि उल्लेख गरे। भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायले अब यस खाले सम्मेलन नेपालमा नै गर्ने तयारी गरिएको जानकारी दिए। भारतका लागि पूर्वनेपाली राजदूत रञ्जित रेले नेपाल लगानीको लागि राम्रो गन्तव्य भएको उल्लेख गर्दै लगानीका लागि नेपाल सरकारले कानुनी पूर्वाधारहरू बनाएको जानकारी दिएका थिए। (कान्तिपुर दैनिकबाट)

## भारतको साउथ एसिया स्याटेलाइटले नेपाललाई पनि विशेष सुविधा

भारत। भारतले गत शुक्रबार साउथ एसिया स्याटेलाइट अन्तरिक्षमा प्रक्षेपण गरेको छ। यसबाट छिमेकी राष्ट्रहरूलाई विशेष सुविधान दिने भारतले घोषणा गरेको छ। नेपालले पनि त्यो सुविधा पाउने भएको छ। सुविधा भारतले दिन्छ, लिनका लागि आफ्नै अर्थ स्टेशन आवश्यक पर्छ, जुन नेपालसँग छैन, त्यसको विकास गर्ने कुरामात्र भएको छ, कहिले अर्थस्टेशन निर्माण गरेर त्यो सुविधाको लाभ नेपालले उठाउने ? यद्यपि भारतले यस स्याटेलाइटको प्रक्षेपणपछि नेपालका लागि पनि दुई स्लटमा ३६ मेगाहर्ज सुविधा दिने घोषणा गरेको छ। तर साउथ एसिया स्याटेलाइट नाम त दिइयो, यसमा भारत पाकिस्तानको मौजुदा सीमा विवाद चर्किएकाले उक्त योजनामा पाकिस्तान सहभागी छैन। भारतले उक्त स्याटेलाइटमा केही सुविधा नेपाललाई दिने भनेको छ तर के कति भन्ने यकिन नभएको सञ्चार मन्त्रालयका अधिकारीले बताएका छन्। उनका अनुसार त्यो सुविधा लिने क्षमता विकास नेपालले गर्नुपर्छ, गरेको छैन। यो स्याटेलाइटबाट भारतले दक्षिण एसियाका सामरिक महत्वका र अन्य सूचनाहरू सजिलै संकलन गर्न सक्छ। ती सूचनाहरू भारतले आफ्नो सुरक्षा र हस्तक्षेपका लागि दुरूपयोग पनि गर्नसक्छ। त्यसैले आफ्नो अर्थ स्टेशनबाट भारतलाई त्यसो नगरोस् भनेर रोक्नका खातिर विशेष व्यवस्था गर्नसक्छ। जुन नेपालका लागि धेरै परको विषय हो। यसमा पाकिस्तानले फड्को मारिसकेकाले पाकिस्तन सचेत छ र चीनले समेत भारतको त्यो मनसायप्रति सचेत रहेको विज्ञहरूले बताइरहेका छन्। अहिले नै पनि नेपालका मालपोत, नापी विभाग र कार्यालयहरूमा भारतले नै सर्भर सुविधा दिइरहेको छ। बैंकहरूले पनि भारतकै सर्भर उपयोग गरिरहेकाले नेपालमा के कस्ता गतिविधि हुन्छन्, त्यसको पूरा नियन्त्रण भारतले गरिरहेको छ। यसरी सूचना लिनु अपराध त हो तर नेपालसँग त्यो अपराधलाई रोक्ने ल्याकत र तागतको विकास नै भएको छैन। यसकारण नेपाल भारतीय हस्तक्षेपको जोखिममा छ र हाम्रा शासक राजनीतिक र कर्मचारी बर्ग भारतको बढी भर र विश्वासमा लुटिदै गएको स्पष्ट देखिन्छ। (गोरखा एक्सप्रेस साप्ताहिक २६ गते २०७४ वैशाख)

## ग्याँस र पेट्रोल पम्पमा लगानी गर्न भारत इच्छुक

काठमाडौं। करिब डेढ महिनाअघि आपूर्ति मन्त्रालय र आईओसीबीच भएको पाँचवर्षे इन्धन नवीकरण सम्झैताको क्रममा मन्त्रालयले लगानी गर्न प्रस्ताव गरेको थियो। सोही प्रस्तावअनुसार लगानीको सम्भाव्यता अध्ययन गर्न नेपाल आएको आईओसीको टोलीले इच्छा देखाएको हो। आयल निगमका अनुसार आईओसीका वाणिज्य महाप्रबन्धक एसएस बोसको नेतृत्वमा ५ सदस्य टोली नेपाल आएको हो। टोलीले सोमबार साल्ट ट्रेडिङ कर्पोरेसन्सको एसटीसी ग्यास रिफाइनेरीमा निरीक्षण गरेको थियो। 'पाँचवर्षे इन्धन नवीकरण सम्झैताका क्रममा तत्कालीन आपूर्तिमन्त्री दीपक बोहराले भारतको पेट्रोलियममन्त्री धर्मेन्द्र प्रधानलाई निगमसँगको सहकार्यमा पम्पमा लगानी गर्न प्रस्ताव गरेका थिए। प्रस्तावअनुसार टोली आएका छन्,' निगमका एक अधिकारीले भने, 'सोमबार केही ग्यास रिफाइनेरी र पम्पमा निरीक्षण गरे।' पूर्वआपूर्तिमन्त्री बोहराले आईओसीलाई एक सय नमुना पम्प बनाइदिन प्रस्ताव गरेको बताए। 'आईओसीको ४९ प्रतिशत र निगमको ५१ प्रतिशत लगानीमा एक सय नमुना पम्प बनाउन प्रस्ताव थियो,' उनले भने, 'पम्पका लागि आईओसी पनि सकारात्मक नै छ।' पम्प ७ प्रदेशमै बनाउन प्रस्ताव गरेको उनले बताए। निगमका एलपी ग्यास विभाग निर्देशक दीपक बरालले पनि टोली संयुक्त लगानीमा बन्ने पम्पको अध्ययन गर्न आएको पुष्टि गरे। 'आईओसी र निगमको संयुक्त लगानीमा १ सय वटा नमुना पम्प बनाउने छलफलअनुसार टोली आएका छन्।

# जिल्ला समाचार

## रौतहटका इँटा व्यवसायीहरू मर्कामा

राकेश यादव, रौतहट। लगातार भइरहेको बेमौसमी वर्षाको कारण रौतहटका ईटा व्यवसायीहरू मर्कामा परेका छन्। वर्षाका कारण पोल्नका लागि तयारी अवस्थामा रहेका कच्ची ईटाहरू नष्ट भएको कारण व्यवसायीहरू मर्कामा परेका हुन्। बैशाख महिनामा भइरहेको वर्षाले तयारी अवस्थामा राखिएको ईटा नष्ट भएकोले ईटा भट्टा बन्द हुने अवस्थामा पुगेको ईटा उद्योग व्यवसायी संघका अध्यक्ष राम विनोद साहले बताएका छन्। उनले भने, 'अहिले ईटा बनाउने र पोल्ने समय रहेको हो, विना कारण पानी पर्नाले करोडौंको क्षति भएको हो।' रौतहटका राजपुर फरहदवा, राजपुर तुलसी, सरमूजवा, बंकुल, कोपवा पिपरिया, रामपुर खाप, पोठियाही, सिसवा, हजमीनिया, लक्ष्मीपुर बेलविछवा लगायतका ठाउँमा ईटा उद्योगहरू सञ्चालनमा रहेका छन्। चैत्र महिनादेखि नै बेला बेलामा हावाहुरीको साथै अधिक मात्रामा वर्षा भइरहेको हुँदा ईटा व्यवसायीहरूको समस्या उत्पन्न भएको हो। रौतहटबाट काठमाडौं, सिन्धुली, लम्जुङ्ग, गोरखा लगायतका ठाउँमा उत्पादित ईटा गइरहेको अध्यक्ष साहको भनाइ रहेको छ। यस वर्ष उद्योग घाटामा जाने तथा उत्पादित ईटाको मूल्यमा बृद्धि हुने सम्भावना रहेको व्यवसायीहरूले बताएका छन्। लगातारको वर्षाले कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेको अर्का ईटा व्यवसायी मौजेलाल राय यादवको भनाइ रहेको छ। ईटा व्यवसायीको नाफा हुनुभन्दा बढ़ी घाटा हुने अनुमान रहेको छ। अहिलेसम्म वर्षाले करीव १५ करोड़को क्षति भएको अध्यक्ष साहको अनुमान रहेको छ।

## पुरातात्विक स्थल क्लिन क्षेत्रमा

कपिलवस्तु। २५६१ औं बुद्ध जयन्तीको अवसरमा जिल्लाका बुद्धसँग सम्बन्धित ७ वटै साइटहरू क्लिन कपिलवस्तुको रूपमा विकास गर्न शनिबार सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुअन्तर्गत म्यादी प्रहरीहरूको सक्रिय सहभागितामा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ। लुम्बिनी विकास कोषका सदस्य तथा २५६१ औं बुद्धजयन्ती मूल समारोह समिति कपिलवस्तुका संयोजक राजेश ज्ञवालीले जिल्लाका ७ वटै साइटमा पुगेर सरसफाइ अभियानमा सरिक भएर कार्यक्रम सफल पार्न सहयोग गरेका थिए।

## दुई जनाको मृत्यु

रौतहट। ट्याक्टर र अनटेष्ट मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु भएको छ। मोटरसाइकल चालक चन्द्रपुर नगरपालिका-९ बस्ने ३५ वर्षीय राजेश राम र पछाडि सवार गौर नगरपालिका-११ बस्ने ६० वर्षीय बैजु रामको मृत्यु भएको हो। दुर्गाभगवती गाउँपालिका-७ राजपुर तुल्सी चोकस्थित गौर चस्पुर सडक खण्डमा गौरबाट गरूडा तर्फ जादै गरेको ना.३ त ३६५० नम्बरको ट्याक्टर र अन टेष्ट मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको हो। गम्भीर घाइते भएकाले उपचारको लागि हेल्थ ल्याण्ड अस्पताल गरूडा हुँदै थप उपचारको लागि बिरगंज लगेकोमा उपचारको क्रममा दुवैजनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

## सामाजिक सुरक्षा भत्ता वितरण

सप्तरी। राजबिराज नगरपालीकाले समाजिक सुरक्षा भत्ता वितरण कार्य सुरू गरेको छ। लामो समयदेखि स्थानीय निकायमा देखिएका विवादका कारण सामाजिक सुरक्षा भत्ता कार्यकम प्रभावित भएको थियो। कार्यालयले आन्तरिक समस्या समाधान गरी आइतबारदेखि सामाजिक सुरक्षाको भत्ता वितरण गर्न थालेको हो। राजविराज नगरपालिकाका कार्यकारी उमेश कुमार यादवका अनुसार कुल १ हजार ७ सय ५२ जनाले सामाजिक सुरक्षा भत्ता लिँदै आएका छन्। उनीहरूलाई आइतबारदेखि नै कमिक रूपमा रकम वितरण गरिँदै आएको उनले बताए। सामाजिक सुरक्षा भत्ता पाउनेमा ज्येष्ठ नागरिक ६५६, दलित ज्येष्ठ नागरिक १६६ जना, विधवा ६४८ जना, अशक्त ६४ जना, अति अशक्त १७ जना र बालबालिका १७१ जना रहेको कार्यकारी यादवले बताए। स्थानीय निकाय पुनर्संचनाका कारण कार्यालयको खाता परिवर्तनदेखि अन्य कतिपय प्राविधिक कारणले रोकिएको आर्थिक कारोबार सुचारू भएपछि सामाजिक सुरक्षा भत्ता वितरणको काम पनि अघि बढाइएको शाखा अधिकृत प्रफुल श्रेष्ठले बताए।

## ट्याक्टर दुर्घटनामा सहचालकको मृत्यु

बर्दिया। बानियाभार नगरपालिका-९ बेउडाकलामा भे.१ त ६२४३ नम्बरको ट्याक्टर शनिबार आफै अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टरका सह-चालक सोही नगरपालिका कटरनिया बस्ने २३ वर्षीय टेकबहादुर थारूको घट्नास्थलमै मृत्यु भएको छ। ट्याक्टर चालक सोही ठाउँ बस्ने ३५ वर्षीय रामकुमार थारू गम्भीर घाइते भएकोले उपचारको लागि स्थानिय मेडिकल हुँदै थप उपचारको लागि कोहलपुर बर्दिया पठाइएको छ। यसैगरी बर्दिया, बढैयाताल गाउँपालिका-४ स्थित सडकमा से.२ प ५७७ नम्बरको मोटरसाइकल शुक्रबार आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही गाउँपालिका-३ बस्ने ३५ वर्षीय महादेव थारूको घटनास्थलमै मृत्यु भएको छ। मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ३५ वर्षीय कृष्णकुमार थारू सामान्य घाइते भएका छन्।

## मन्दिरमा मुर्ति स्थापना

देशबन्धु यादव, नवलपरासी। यस जिल्लाको भुजहवा कुटी चोकमा रहेको रामजानकी मन्दिरमा मुर्ति स्थापना सम्पन्न भएको छ। उक्त अवसरमा यज्ञाचार्य सुशिल कुमार उपाध्यायले वैदिक मन्त्रोचार एवम् हवन पुजनका साथ सम्पन्न गरेका छन्। रामजानकी मन्दिर संरक्षण समितिका अध्यक्ष त्रिवेणी हरिजनको अध्यक्षतामा सम्पन्न भएको उक्त मन्दिरमा श्रीराम, लक्ष्मण, जानकी र हनुमान जी को मुर्ति स्थापना एवम् प्राण प्रतिष्ठा सम्पन्न भएको संरक्षण समितिका सचिव कल्पु हरिजनले बताए। उक्त मुर्ति स्थापना भएपछि स्थानीय वासीमा हर्षित भएका छन्।

## कुटपिटबाट मृत्यु, घटनामा संलग्न पक्राउ

मोरङ। सुन्दरहरैचा नगरपालिका-४ बाँसबारी बस्ने १९ बर्षीय सचिन कुमार राईको कुटपिटबाट मृत्यु भएको छ। उनलाई शनिबार सोही ठाउँ बस्ने १९ बर्षीय रोशन बहादुर दाहालले आपसी बिबादमा क्रिकेट खेल्ने ब्याटले टाउकोमा हान्दा गम्भीर घाइते भएकोले उपचारको न्युरो अस्पताल बिराटनगर लगिएकोमा आइतबार मृत्यु भएको थियो। प्रहरीले रोशन दाहाललाई पक्राउ गरी यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

## आगलागीबाट दुई वटा घर जल्यो

बाँके। बाँके जिल्लामा आगलागी हुँदा दुई वटा घर जलेको छ। खजुरा गाँउपालिका-८ रनियापुर वस्ने छवन खाँको घरमा आइतबार बिद्युतीय तार सर्ट भई आगलागी भएको थियो। सो आगलागीबाट २ वटा कच्ची घर जलेर करीव ८ लाख रूपैयाँ बरावरको धनमाल जलेर क्षति भएको छ। स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले आगलागी नियन्त्रण गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ।

## छात्राहरूलाई शैक्षिक सामग्री प्रदान

नवलपरासी। पशुपति शिक्षा प्रचार समिति नेपालद्वारा सञ्चालित पशुपति शिक्षा मन्दिर भुजहवामा २१ जना छात्राहरूलाई शैक्षिक सामग्री यूवा समाजसेवी इन्जिनियर प्रविण कुमार मिश्रले सहयोग स्वरूप प्रदान गरेका छन्। उक्त छात्राहरूलाई विभिन्न विधाहरू कक्षामा प्रथम, शुलेख, नियमित उपस्थिति, गित, कविता र सरसफाई लगायतमा प्रथम हुने उक्त छात्राहरूलाई छनौट गरिएको थियो। उक्त अवसरमा पशुपति शिक्षा मन्दिर भुजहवामा प्रधानाध्यापक महाविर महरा, शिक्षकहरू महेन्द्र प्रताप सिंह, रविन्द्र यादव, अम्रिता चौधरी, पत्रकार देशबन्धु यादव, समाजसेवी ऋषिकेश मिश्रा लगायत अभिभावकहरूको उपस्थिति रहेको थियो।

## व्यापार संघको सदस्य चुनिए

विराटनगर। मुलुककै जेठो व्यापारिक संस्था मोरङ व्यापार संघको नयाँ नेतृत्वका लागि निर्वाचनबाट १८ सदस्य चुनिएका छन्। चुनिएका सदस्यबाट अध्यक्षलगायत पदाधिकारी चयन गरिने प्रावधान छ। संघमा भएको निर्वाचनबाट उद्योगतर्फ पवनकुमार सारडा, अनुपम राठी, अनिल सारडा, दीपेश सुवेदी, पवन राठी, देवाशिष गोल्छा, सुनील टिवडेवाल र ललित बोहरा निर्वाचित भए।

## facebook


माओवादी केन्द्रलाई सुझाव : कि हामी झैं इमान्दारीपूर्वक शान्तिपूर्ण बाटोमा आऊ, कि बिप्लव झैं घोषित ढंगले सशस्त्र विद्रोहमा जाऊ, सत्ताको तर मार्दै हिंसा नगर। **डा. बाबुराम भट्टराई**


मैले एमालेलाई "शत्रु" भनेको छैन। संविधान संशोधन र मधेशी जनताको अधिकारको "बाधक" हो भनेको छु। शत्रु देख्ने, भन्ने चलन कम्युनिष्टको हो हाम्रो होईन। **विमलेन्द्र निधि**


उपेन्द्र यादवको पार्टी पनि चुनावमा आएपछि संविधान संशोधन नभई चुनाव हुदैन भन्ने बहस अन्त्य भएको छ। अव जेठ ३१ को चुनाव बजेट अगावै सार्नु राम्रो। लिकबाहिरको नेपाली राजनीतिलाई लिकमा ल्याउन संसदभित्रको गणितलाई अनुकुल बनाउनु जरूरी छ। राप्रपासंगको सम्वन्ध र सहकार्यलाई त्यसरूपमा हेर्ने कि। **शंकर पोखरेल**


न नीति नैतिकता, न योजना, कार्यक्षमता, न गल्तिप्रती पश्चाताप न राष्ट्रप्रति संवेदनशिलता, संगठनले मात्र 'पुराना दलहरू'को राजनीति कतिदिन चल्ला ? सतही विश्लेषणका आधारमा 'ठुला, पुराना' दलकै उम्मेद्वारबीच प्रतिस्प्रर्धा देख्ने मिडीयाले मतदाताको परिवर्तनकारी मुड नबुझे जस्तो छ। **डम्बर खतिवडा**


किर्ते संविधान सभाबाट जन्मेको संविधान किर्ते, त्यसैले सत्ता किर्ते भएपछि महाभियोग किर्ते र त्यसको निम्ति हस्ताक्षर किर्ते हुनु कुन ठुलो कुरा भो र। छोडदेउ, यी फाल्तु कुरा नाफाको राजनीतिमा यस्तो भैरहन्छ, आउ केहि सार्थक कुरा गरौं। हाम्रा पीडाका र पीडाबाट मुक्तिका कुरा। **रोशन जनकपुरी**


मत इज्जत हो , मागेर पाईन्न र दिईन्न पनि, मत आर्जन गर उम्मेदवार हो, त्यसका लागि लगानी थियो होला नि ? दृष्टिकोण, क्षमता अनि दक्षताको लगानी। **भुषण दाहाल**


सर्वोच्च अदालतले उम्मेद्वार बहिष्कार गर्न पाउने राइट टु रिजेक्टको व्यवस्था गरेर मात्रै चुनाव गर्नू भन्ने आदेश गर्दा पनि लागू नगर्ने तानाशाह निर्वाचन आयोग, राजनीतिक दल र तिनका नेताहरूलाई महाभियोग कसले लगाउँछ ? **स्वागत नेपाल**


चीनबाट बुलेट रेल नेपालमा आयो भने भारतले डराउन जरूरी छैन, खुशी भए हुन्छ। किनभने यसबाट भारतले पनि लाभ लिन सक्छ। यसले भारत र चीनलाई अझै नजिक ल्याउन सक्छ र "एशियालीका लागि एशिया" भन्ने नाराले सार्थकता पाउनेछ। संसारको नेतृत्व एशियाले गर्ने छ र सगरमाथाको देश विश्वकै सुन्दर, समुन्नत हुनेछ। **अरूण बराल**


स्वेच्छाचारी नेता,तिनका खल्तीका सांसद अनि २५ प्रतिशत सांसदले जस्लाइ जे पनि गर्न सक्ने प्रावधान। नयाँ संविधान कस्का लागि रहेछ थाहा भयो। सबैले नियत सफा राखौ अदालत र कार्यपालिकाले एक अर्कालइ आफु अनुकुल प्रयोग गर्ने क्रम नसच्चिएसम्म बीचका झगडा लाउनेको जीत र देशको हार भइरहन्छ। **समा थापा**

## मधेशमा मुद्दा...

४ जटा प्रदेशहरूमा दास्रो चरणमा चुनाव गर्ने गरी चुनावको मिती घोषणा गर्यो। तर पहिलो चरणको निर्वाचन हुन ३ दिन मात्र बाँकी हुँदा पनि संविधान संसोधनको कुनै पहल देखिएको छैन। मधेशी मोर्चासँग मधेशका जिल्लामा स्थानिय तहको संख्या वृद्धि गर्ने सहमति लागु गर्न समेत सरकार उदासिन देखिएको छ। मधेशको मुद्दा सम्बोधन गर्ने सवालमा मात्र होईन आफ्ना काम कारबाहीमा समेत सरकार मधेश मैत्री देखिएको छैन। मधेशी मोर्चाले स्पस्ट प्रतिबद्धता विना नै काँग्रेस माओवादी गठबन्धनलाई सहयोग गरेकोमा पछुताउनु पर्ने अवस्था आएपछि आफ्नै समर्थनमा बनेको सरकारबाट मधेशी मोर्चाले समर्थन फिर्ता लियो। २०७२ सालमा आन्दोलको दौरान भएको नाकाबन्दी फिर्ता लिने सवालमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका तात्कालिन ४ दलबिच मत मिल्न नसक्दा आन्दोलन कमजोर भयो।
२०६३ सालमा मधेशको आन्दोलन हाँकेका उपेन्द्र यादवको पार्टी मधेशको मुद्दा सम्बोधन बिना नै पहिलो चरणको निर्वाचनमा भाग लिएको र दोस्रो संविधानसभा चुनावको दौरान मधेशीलाई भ्रष्टाचारी भनी सार्वजनिक अभिव्यक्ति दिने बाबुराम भट्टराई सँग नजिक भएका र फोरमको अर्को घटक फोरम लोकतान्त्रिकले स्पस्ट धार लिन नसक्दा मधेशमा मधेश मुद्दा विसर्जन हुने हो की भन्ने त्रास उत्पन्न भएको छ। पछिल्लो चरणमा भएको ६ दल (तराई मधेश लोकतान्त्रिक पार्टी, को एकताले मधेशमा उर्जा त थपेको छ, तर दल एकिकरणको वैधानिक प्रकृया पुरा गर्न भईरहेको ढिलाईले आम मधेशी सशंकित भएका छन्। ६ दल एकिकरणको दौरान पार्टीको नाममा मधेशवादको पर्यायवाची सद्भावना वा मधेश शब्द नै नहुँदा अलमलमा परेको मधेश राजपाले पनि मधेश मुद्दा विसर्जन गर्ने होकी भन्ने त्रास महशुस गरिरहेको छ। तसर्थ मधेशवादको मुद्दा विसर्जनको त्रासलाई सम्बोधन गर्न राजपाका नेताहरूले जिम्मेवारीका साथ अन्य मधेशवादी दललाई समेत एकिकृत गर्दै मधेशको मुद्दामा स्पस्ट अडानका साथ प्रस्तुत हुनु पर्दछ।

# 'मधेश अपराइजिङ्ग' अमेरिकामा विमोचन हुने

काठमाडौं। मधेशमा भएको विद्रोहको बारेमा डा. हरिवंश झाद्वारा लिखित अँग्रेजी पुस्तक "मधेश अपराइजिङ्ग" अमेरिकामा विमोचन हुने भएको छ। यही मे २७ अर्थात् जेष्ठ १३ गते एसोसिएसन अफ नेप्लिज तराइएन इन अमेरिका (एन्टा)को अधिवेशनको अवसरमा सो पुस्तक विमोचन हुँदैछ।
अमेरिकामा रहेका मधेशीहरूको संगठन एन्टाको अधिवेशनको अवसरमा सो पुस्तक विमोचन गर्न लागिएको पुस्तकका लेखक डा. झाले मधेशवाणीलाई बताएका छन्।
मूलतः पुस्तकमा जुन २०१५ देखि अप्रिल २०१७ सम्मका मधेश आन्दोलनका सन्दर्भमा लेखिएको लेखहरू समावेश गरिएको डा. झाले मधेशवाणीलाई जानकारी दिएका छन्। उक्त पुस्तकमा बिहार र उत्तर प्रदेशको भारतीय राज्य सिमानामा रहेका नेपालको दक्षिणी भेगमा भएको मधेशको विद्रोहको तस्वीरहरू प्रस्तुत गरिएको छ।




१८औं शताब्दीदेख नै मधेश क्षेत्रमा रहेका मधेशीहरूलाई राज्यले राज्य संयन्त्रहरू कार्यपालिका, विधायिका र न्यायपालिका प्रणालीमा समेत भेदभाव गर्दै आएको पुस्तकमा व्याख्या गरिएको छ। यही भेदभावको अन्त्यका निम्ति र राष्ट्रको हरेक निकायमा समानुपातिक समानुपातिक समावेशिताको सिद्धान्तअनुसार प्रतिनिधित्वका लागि मधेशी जनताहरूले सेप्टेम्बर २०, २०१५ मा जारी भएको संविधानको विरूद्ध आन्दोलन गरिरहेका छन्।

# भारतीय राजदूतलाई जनकपुरमा सम्मान


*मायाको चिनोस्वरूप जानकी मन्दिरको प्रतिमा ग्रहण गर्दै भारतीय राजदूत मन्जीभ सिंह पुरी।*

जनकपुरधाम। नेपालका लागि भारतीय राजदूत मञ्जीव सिंह पूरीलाई जनकपुरधाममा सम्मान गरिएको छ। बिहीबार जनकपुरधामस्थित होटल सीताशरणमा नेपाल-भारत मैत्री युवा संघ ले एक विशेष कार्यक्रमको आयोजना गरी सम्मान तथा स्वागत गरेको छ। उक्त कार्यक्रममा सांसद, विभिन्न पार्टीका नेता, युवा क्लबहरूका प्रमुख, सामाजिक अभियन्ता, जनकपुर उद्योग वाणिज्य संघका प्रतिनिधि, पत्रकार लगायतको उपस्थिति रहेको थियो। उक्त सम्मान कार्यक्रममा जनकपुर उद्योग वाणिज्य संघ, महावीर युवा कमिटी, राम युवा कमिटी, रामानन्द युवा क्लब, कलवार सेवा समाज, मिथिला नाट्य कला परिसद, आदि द्वारा समेत मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो। कार्यक्रममा मिथिला नाट्य कला परिसद द्वारा एक सांस्कृतिक नृत्यको प्रस्तुति गरिएको थियो।

# लोकतान्त्रिक फोरममा चारवटा दल समाहित



*पार्टी एकीकरण कार्यक्रममा सहभागी लोकतान्त्रिक फोरमका नेतागण।*

काठमाडौं। विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम पार्टीमा विभिन्न साना चार वटा दलहरू समाहित भएको छ। आइतबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा लोकतान्त्रिक फोरममा चार वटा दल समाहित भएको घोषणा गरिएको छ। राष्ट्रिय जनता पार्टीका अध्यक्ष नेत्र बहादुर लिम्बु, नेपाल पिपल्स पार्टीका अध्यक्ष शेर बहादुर कार्की, युनाईटेड नेपाल रिपब्लिकन पिपल्स पार्टीका अध्यक्ष धिरेन्द्र झा र शान्ति पार्टी नेपालका अध्यक्ष देवीप्रसाद आचार्य चारै जनाले लोकतान्त्रिक फोरममा समायोजन भएको संयुक्त विज्ञप्ति जारी गरेका छन्।

## मधेश आन्दोलनलाई...

उत्पन्न भएको भन्दै अध्यक्ष तिवारीले राजनेता गजेन्द्र नारायण सिंहद्वारा स्थापित ऐतिहासिक सद्भावना आन्दोलन निरन्तर जारी रहँदै आएको र कुनै पनि निहित राजनीतिक स्वार्थको बलिवेदीमा चढाउन नसकिने जनाएका छन्। सद्भावना आन्दोलन अर्थात् मधेश आन्दोलनको वैचारिक विजको रक्षा गर्दै मधेश आन्दोलनलाई सुखद् निष्कर्षमा पुर्‍याई बाबा रामजन्म तिवारी, मधेशका मसिहा रघुनाथ ठाकुर, राजनेता गजेन्द्र नारायण सिंह एवं मधेशी शहीदका सपना पूरा गर्न दृढताका साथ गतिशील रहने स्पष्ट गर्दै पार्टीले ऐतिहासिक नेपाल सद्भावना पार्टीको स्वामित्व एवं उत्तराधिकार यस पार्टीमा निहित रहेको जनाएको छ।
बैठकले पार्टी अझै पनि प्रदेश सीमांकनलगायतको समस्या समाधान गरी मात्र निर्वाचन हुनुपर्नेमा पक्षमा रहेको र पार्टी संविधान पुनर्लेखन गरी मधेशका शेष समस्याको समाधानका लागि सबै क्षेत्रलाई पुनः आग्रह गरेको छ। बैठकले महासचिव पदमा संतोष चौधरी (मोरङ) र कोषाध्यक्ष पदमा शिव नारायण पंडित (सुनसरी) लाई नियुक्त गरिएको पनि विज्ञप्तिमा उल्लेख छ।

# आर्थिक समाचार

## ग्लोबल आइएमईको शाखारहित सेवा




काठमाडौं। ग्लोबल आइएमई बैंक र सक्षम एक्सेस टु फाइनान्स कार्यक्रमको सहकार्यमा ग्लोबल आइएमई बैंकले डडेलधुरा जिल्लाको गन्यापधुरा गाउपालिका वडा नं. २ मा शाखारहित बैंकिङ्ग सेवा सुरू गरेको छ। गन्यापधुरामा सुरू गरेको सेवाको लागि बैंकले स्थानिय भवाना कुमारी अधिकारी ज्यूलाई व्यवसायीक प्रतिनिधि नियुक्त गरेको छ। व्यवसायीक प्रतिनिधिलाई प्रमाणपत्र हस्तान्तरण गरेर ग्लोबल आइएमई बैंकका प्रमुख सञ्चालन अधिकृत दिपेश प्रधान तथा बजार व्यवस्थापन एंव व्यवसाय प्रर्वद्धन विभाग प्रमुख प्रसन्न बाँस्कोटाले संयुक्त रूपमा सेवा सुचारू गरे।

## नयाँ बानेश्वरमा नयाँ एटीएम

काठमाडौं। ग्लोबल आइएमई बैंकले काठमाण्डौंको नयाँ बानेश्वरमा आफ्नो नयाँ एटिएम सेवा थप गरेको छ। नयाँ बानेश्वर क्षेत्रका ग्राहकलाई लक्षित गरि बैंकले नयाँ बानेश्वरको ब्ःीयगलनभ मा आफ्नो एटिएम सेवा सञ्चालनमा ल्याएको हो। नयाँ एटिएम सेवा थप भएसंगै ग्लोबल आइएमई बैंकको एटिएम संख्या १०७ पुगेको छ। सबै क्षेत्र र वर्ग सम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‌याउने उद्धेश्यले बैंकले ९४ वटा शाखा ६ वटा एक्सटेन्सन काउण्टर, १० वटा राजश्व संकलन काउण्टर, १०७ वटा एटिएम, ४४ वटा शाखारहित बैंकिङ्ग सेवा मार्फत आफ्ना ६ लाख भन्दा बढि ग्राहक माझ सेवा प्रदान गर्दै आइरहेको छ।

## सिटिजन्सको बैंकास्योरेन्स सेवा सुरू

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेसनल र सूर्य लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्स सम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा सिटिजन्स बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारी र सूर्य लाइफ इन्स्योरेन्सका तर्फबाट प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले हस्ताक्षर गरेको बैंकले जनाएको छ। उक्त सम्झौतापछि बैंकका ग्राहकहरूले कुनै पनि शाखाबाट बैंकिङ सेवाका अतिरिक्त आफ्नो जीवन बिमा गर्न र सोको प्रिमियम रकम छिटो, छरितो र सहज रूपमा बुझाउन, दाबी भुक्तानी लगायत सेवा लिन सक्ने बैंकले जनाएको छ।

## एसिया अवार्डबाट एनसेल सम्मानित

काठमाडौं। एनसेल टेलिकम एसिया अवार्ड्स २०१७ बाट सम्मानित भएको छ। राष्ट्रिय प्रसारण लाइन नपुगेका समुदायमा सौर्य लघुग्रिड सञ्चालकसँग सहकार्य गर्दै स्थानीयलाई सञ्चार तथा उर्जा सेवा पुर्‍याउन एनसेलले गरेको प्रयासस्वरूप टेलिकम एसियाले उक्त अवार्ड प्रदान गरेको हो। एनसेलको उक्त अवार्ड प्रदान गरेको हो।






मिथिला दर्शन टी्भी
कार्यक्रम हेर्न नभुल्नु होला।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं